आधारभूत गुरुङ्व्याकरण

THE BASIC GURUNG GRAMMAR

स्व. घनबहादुर लामिछाने तमु (गुरुङ)



R. Poudel

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान





आधारभूत गुरुङ-व्याकरण
THE BASIC GURUNG GRAMMAR

(०५०-०५१को विद्वद्वृत्तिअन्तर्गत लेखिएको ग्रन्थ)

प्ह्रिरों (लेखक)
घनबहादुर लामिछाने तमु (गुरुङ)

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
बाट
उपहार

परिमार्जन
लालबहादुर गुरुङ

प्रकाशक
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।
२०५३

प्रकाशकः-

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं
नेपाल

प्रथम संस्करण २०५३
११०० प्रति

मूल्यः- रू.५८

मुद्रकः-

प्रज्ञा-छापाखाना
प्रज्ञाभवन कमलादी
फोन नं. २-२१२८३
२-२१२४२

समर्पण

स्व. बुबा तुलवीर गुरुङ
तथा
स्व. मुमा नरसुभा (झ्यापु) गुरुङका
सम्झनामा समर्पित

प्रकाशकीय

प्रजातन्त्रको पुन:स्थापनापश्चात् निर्माण भएको *नेपाल अधिराज्यको संविधान (२०४७)* र तदनुरूप संशोधित नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको ऐनले निर्देश गरेको नीतिअनुसार नेपालका विभिन्न राष्ट्रिय भाषाहरूको संरक्षण र संवर्द्धन गर्ने कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपमा संलग्न भइआएको कुरा सर्वविदितै छ। *आधारभूत गुरुङ-व्याकरण* यसै दिशातिर विभिन्न प्रयासहरूमध्येको एक प्रयास हो।

गुरुङभाषा भोट-वर्मेली भाषा-परिवारको बोदिश-समूहअन्तर्गत पर्दछ। मुख्यत: हिमाली र पहाडी क्षेत्रमा बोलिने यस भाषाका वक्ताहरूको संख्या राष्ट्रिय जनगणना प्रतिवेदन (२०४८)अनुसार २,२७,९१८ छ। आफ्नो छुट्टै परम्परागत लिपि नभएको यो भाषा वर्तमान समयमा देवनागरी लिपिको माध्यमबाट लेख्न थालिएका नेपालका भाषाहरूमध्येको एक भाषा हो।

कुनै पनि भाषाको प्रयोग (बोलाइ अथवा लेखाइ)मा एकरूपता र स्थिरता ल्याउने कार्यमा शब्दकोशको निर्माणलगायत व्याकरण-लेखनको ठूलो महत्त्व हुन्छ। यस भाषाको स्तरीकरणका निम्ति व्याकरणको लेखनको परम्परा यसभन्दा अघि नै प्रारम्भ नभएको होइन। यस सन्दर्भमा डा. वारेन ग्लोभरको प्रयास सराहनीय देखिन्छ। उहाँले १९७४ ई मा प्रकाशित *Sememic and Grammatical Structures in Gurung* भन्ने कृतिमा यस भाषाको ऐतिहासिक सामाजिक पृष्ठभूमिसँगै व्याकरणको विभिन्न पक्षहरूबारे गहन विश्लेषण प्रस्तुत गर्नुभएको छ। तर, यो कृति अंग्रेजी भाषा र व्यवस्थापक (Systemic) व्याकरणको ज्ञान नभएका सामान्य पाठकहरूका लागि त्यति उपयोगी नहुन पनि सक्छ। यसैले परम्परागत शैलीमा नेपाली भाषाको माध्यमबाट गुरुङ भाषाको व्याकरण तयार गर्ने खाँचो महसुस गरियो।

यिनै उद्देश्यअनुसार श्री घनवहादुर लामिछाने तुम (गुरुङ)ले ने.रा.प्र.प्र.को विद्वद्वृत्ति कार्यक्रम (२०५०) अन्तर्गत प्रस्तुत *आधारभूत गुरुङ-व्याकरण* तयार पार्नुभएको हो । तर यसको पाण्डुलिपि बुझाउनासाथ उहाँको देहावसान भयो । पछि यसको सम्पादन कार्यमा श्री लालबहादुर गुरुङको सहयोग प्राप्त भयो ।

गुरुङभाषाको संरचना र व्याकरणका कतिपय पक्षवारेको यो विवरण प्रारम्भिक अध्ययन भए तापनि यसबाट नेपाली भाषाको माध्यमबाट गुरुङ भाषाको संरचनात्मक स्वरूपबारे जानकारी लिन सकिन्छ । यसले गुरुङभाषा-सम्बन्धी प्राथमिक र अन्य तहको शैक्षिक प्रयोजनमा ठूलो योगदान दिनेछ । यसअतिरिक्त गुरुङभाषाका आधारभूत शब्दहरूको सङ्ग्रह यस पुस्तकको अर्को महत्त्वपूर्ण पक्ष देखिन्छ ।

अन्तमा, यस व्याकरणले भविष्यमा गुरुङ-भाषासम्बन्धी अनुसन्धानमा सघाउ पुऱ्याउनेछ भन्ने ने.रा.प्र.प्र.को विश्वास छ ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

दुई कुरा

नेपाल एउटा बहुभाषिक देश हो । यहाँ धेरै भाषाहरू बोलिन्छन् । प्रमुख रूपमा यहाँ बोलिने भाषाहरू चीनी–तिब्बती भाषा, भारोपेली भाषा, आग्नेय भाषा र द्रबिडभाषा–परिवारका भाषाहरू छन् । तिनीहरूमध्ये सबैभन्दा धेरै सङ्ख्यामा बोलिने भाषा चीनी–तिब्बतीभाषा–परिवारका भाषाहरू छन् । गुरुङभाषा ती मध्ये चीनी–तिब्बतीभाषा–परिवारको तिब्वत–बर्मेली शाखामा पर्दछ ।

हिजआज भने गुरुङहरूले परम्परादेखि मान्दै आएको कुल, धर्म, संस्कृति र रीतिस्थितिबारे थुप्रै स्वदेशी र विदेशी विद्वान्हरूले प्रशस्त मात्रामा लेखहरू लेखी प्रकाशन गरेका छन् र ती पुस्तक–पत्रपत्रिकाहरू पढ्न पाइन्छन् । तर गुरुङभाषामा आजसम्म व्याकरणात्मक प्रणालीको वैज्ञानिक अनुसन्धान भने गरेको देखिँदैन ।

विभिन्न धर्म, जाति, सम्प्रदाय र भाषाभाषीहरूबीच स्वस्थ एवं सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकास गर्ने अवसर नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेअनुरूप गुरुङभाषालाई व्याकरणात्मक पद्धति दिई विकसित गराउन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट विद्वद्वृत्ति प्राप्त गरेर स्व. श्री घनबहादुर गुरुङले प्राज्ञ श्री तिलविक्रम नेम्बाङ(वैरागी काइँला)को निर्देशनमा पहिलो पटक २०५१ सालमा गुरुङ–व्याकरण लेख्नुभएको थियो । उक्त व्याकरण प्रकाशित गर्नुअघि भाषाविज्ञानका विभिन्न सिद्धान्तहरूको आधारमा परिमार्जन गर्ने अवसर प्राज्ञ डा. श्री योगेन्द्रप्रसाद यादव र प्राज्ञ श्री तिलविक्रम नेम्बाङले मलाई प्रदान गर्नुभयो । स्व. घनबहादुर गुरुङ(तमु)ले नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको विद्वद्वृत्ति (२०५०–२०५१) बाट तयार गर्नुभएको उक्त गुरुङ–व्याकरण परिमार्जन वहाँहरूकै निर्देशन र सल्लाहमा गरिएको छ ।

यो गुरुङभाषाको पहिलो आधारभूत वर्णनात्मक व्याकरण (Descriptive Grammar) हो । वर्णनात्मक अध्ययनमा भाषाको वास्तविक स्वरूपको अध्ययन–विश्लेषण गरिन्छ । यस्तो व्याकरणले आदेशात्मक व्याकरणले (Normative Grammar) झैं यो ठीक, यो बेठीक भनेर नीति–निर्देशन गर्दैन । तर यो गुरुङभाषाको पहिलो आधारभूत व्याकरण पनि भएकोले यहाँ गुरुङभाषाको अध्ययन भाषाविज्ञानका विभिन्न सिद्धान्तहरूअनुसार वैज्ञानिक पद्धतिबाट गरी

लेख्ने प्रयास नगरिएको भने होइन । तथापि विविध कारणहरूले गर्दा र पाठकवर्ग(विशेष गरेर गुरुङ जनजातिका)लाई बुझ्न सजिलो होओस् भनी परम्परागत व्याकरणहरूको पनि आधार लिएर गुरुङशब्द र वाक्यहरूलाई व्याकरणिक रूप दिई व्याख्या गर्ने प्रयास गरिएको छ । साथै यस व्याकरणले गुरुङभाषाको लेखनमा एकरूपता आउने विश्वास लिइएको छ ।

गुरुङभाषाको मौलिक रूप एउटै देखिए तापनि भौगोलिक कारणका साथै अन्य विविध कारणहरूले गर्दा पनि बोलीहरूमा विविधता देखिनुलाई अस्वाभाविक मान्नु हुँदैन, किनभने विश्वभर बोलिने भाषाका बोलीहरू पनि फरक–फरक भएको पाइन्छ । साहित्य, कला, संस्कृतिमा धनी मानिने नेपालीभाषा र नेपालीभाषाका बोलीहरूमा पनि विविधता पाइन्छ । त्यस्तै विश्वभाषाकै रूपमा ख्याति प्राप्त अङ्ग्रेजीभाषाका बोलीहरूमा पनि प्रशस्त मात्रामा भेदहरू पाइन्छन् भने भाषिक क्षेत्रमा पछि परेको गुरुङभाषामा पनि क्षेत्रिय भेदहरू हुनु स्वाभाविक नै मानिन्छ । फलस्वरूप डाँडैपिच्छे बोलीहरू फरक पर्न जाँदा प्रस्तुत गुरुङ–व्याकरणलाई पाठकवर्गहरूले एकै पटकमा राम्ररी नबुझ्न सक्ने स्थिति पनि आउन सक्छ । तर यी सबै कुराहरूको मनन गरी मुख्यतया गुरुङजातिको सङ्गमस्थलको रूपमा रहेको कास्की, पोखरा क्षेत्रमा बोलिने गुरुङभाषालाई नै मानक मानी यो व्याकरण लेखिएको छ । साथै मानक आलेखन, गुरुङसङ्ख्या–प्रणाली, गुरुङ–प्रकृतिका नामहरू, घरपालुवा जनावरहरूका नाम, खाद्यान्नका नाम, कीरा–फटयाङ्ग्राका नाम, हात–हतियारहरूका नाम, मृत्युसंस्कारमा प्रयुक्त हुने सरसामान र व्यक्तिको नाम आदिको सम्बन्धमा तीनवटा परिशिष्टहरू पनि समाविष्ट छन् ।

प्रस्तुत गुरुङ–व्याकरणलाई Introduction (परिच्चय) Phonology/ Phonemic System (वर्णव्यवस्था), Morphology (रूपिम व्यवस्था), Morpho System/Parts of Speech (शब्दभेद) र Syntax (वाक्यव्यवस्था) गरी ५ अध्यायमा विभक्त गर्ने योजना थियो । तर यस पटकमा रूपिम व्यवस्था (Morphology) पक्षलाई समाविष्ट गर्न सकिएन, साथै वर्णव्यवस्था (Phonology/Phonemic System) को व्याख्या पनि पर्याप्त मात्रामा गर्न सकिएको छैन । यस संस्करणमा असमाविष्ट अंशलाई पर्याप्त व्याख्या समेत गरी अर्को संस्करणमा

प्रकाशित गर्ने कार्यका लागि विद्वान् पाठकवर्ग र भाषाविद्हरूको उपयुक्त राय सुझावहरूको हार्दिक स्वागत गरिन्छ ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले नेपालका राष्ट्रिय भाषाहरू प्रति चासो राखेर यस व्याकरणको लेखन तथा प्रकाशनसम्बन्धी उत्तरदायित्व लिइदिएकोमा भूरिभूरि धन्यवाद दिनुपर्छ नै । अन्तमा, परिमार्जन कार्यको निम्ति आवश्यक सबै सहयोगको व्यवस्था गर्नुभएकोमा म प्राज्ञ श्री तिलविक्रम नेम्बाङज्यू, मेरा आदरणीय गुरु डा. श्री योगेन्द्रप्रसाद यादवज्यू तथा सहयोगी अन्य सबै भाषाविद्हरूप्रति कृतज्ञता प्रकट गर्दै विद्वान् पाठकहरू, भाषाविद्हरू र विद्वान् व्याकरणाचार्यहरूमा सकारात्मक सुझाव र समालोचनाको लागि हार्दिक अनुरोध छ ।

धन्यवाद !

आर्थरडाँडा खर्क गा.वि.स.
वार्ड नं. ४, बडागाउँ, पर्वत ।

लालबहादुर गुरुङ

भूमिका

नेपालको संविधान २०४७ को भाग ४ अनुसार नेपाल एक बहुजातीय र बहुभाषिक देश हो । संसारमा अनेकौं भाषाहरू र बोलीहरू बोलिन्छन् । नेपालमा बोलिने प्रमुख भाषाहरूमा (१) चिनी–तिब्बती, (२) भारोपेली, (३) आग्नेय र (४) द्रविड़ भाषापरिवारका छन् । तिनीहरूमध्ये सबै भन्दा धेरै सङ्ख्यामा चिनी–तिब्बती भाषा परिवारका भाषाहरू बोलिन्छन् । भाषाशास्त्रीहरूले देखाएको आंकडा अनुसार नेपालमा बोलिने ६० भन्दा बढी भाषाहरू चिनी–तिब्बती परिवारको भोंट–बर्मेली शाखाको भाषाहरू छन् ।

गुरुङ भाषा यसै परिवारभित्रको मात्र होइन, नेपालमा बोलिने प्रमुख भाषाहरू मध्ये पनि एक हो । गुरुङभाषाको लेख्य सामाग्रीहरू पर्याप्त मात्रामा प्रकाशित नभएता पनि वाच्यरूपमा यस भाषाको स्थान व्यापक छ ।

गुरुङ भाषाभाषीहरूको मूल थलो गण्डकी क्षेत्र हो । गण्डकी क्षेत्र भन्नाले लम्जुङ, कास्की, तनहुँ, गोर्खा, धादिङ, मनाङ, स्याङ्जा र पर्वत जिल्लाहरूलाई बुझाउँछ । यी जिल्लाहरूबाहेक मुस्ताङ, डोल्पा, प्युठान, रूपन्देही, नवलपरासी, चितवन, काठमाडौं, ललितपुर र रसुवामा पनि गुरुङभाषाभाषीहरूको उच्च जनघनत्व छ ।

पूर्वी नेपाल तर्फ, सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, रसुवा, खोटाङ र ओखलढुङ्गा आदि जिल्लाहरूमा गुरुङहरूको घना बस्ती भएता पनि गुरुङ भाषाको उती प्रचलनमा छैन ।

सन् ५० को दशकदेखि यता स्वदेशी तथा विदेशी लेखकहरूले नेपालका आदिबासीहरूको भाषा, धर्म, संस्कृति र परम्परागत चालचलनहरूको अध्ययन, अनुसन्धान र प्रकाशन शुरू गरेको देखिन्छ । यसै प्रसङ्गमा गुरुङहरूले परम्परादेखि मान्दै आएको कुल, धर्म, संस्कृति र रीतिथितिबारे थुप्रै विदेशी र स्वदेशी विद्वान्हरूले प्रशस्त मात्रामा लेख तथा पुस्तकहरू प्रकाशित गरेको तथ्यहरू फेला पर्दछन् । जस्तै :–

विदेशी विद्वान् तथा लेखकहरूबाट –

(१) सर्वप्रथम ब्रिटिश नागरिक BURTON–PAGE ले सन् १९५५ मा TWO STUDIES OF GURUNG KURA नामको पुस्तक प्रकाशित गरेका थिए (No. S. o. AS 17) ।

(२) सन् १९६९ मा GLOVER J.R. र GURUNG DB. ले गुरुङभाषाको वैज्ञानिक अनुसन्धान गरेका थिए । THE STRUCTURE AND FUNCTION IN THE GURUNG (JNE. SPECIAL LINGUISTIC NO. 37/166).

(३) THE SUMMER INSTITUTE OF LINGUISTIC (SIL) T.U. बाट GLOVER W.W. ले GURUNG PHONEMIC SUMMARY (TIBETO – BURMA PHONEMIC) सन् १९६९ मा र १९७४ मा SEMEMIC AND GRAMMATICAL STRUCTURE IN GURUNG (TU) र १९७७ मा GLOVER W.W., GLOVER J.R. र GURUNG D.B. को संयुक्त प्रयासबाट GURUNG NEPALI–ENGLISH शब्दकोशको प्रकाशन गरेका थिए ।

(४) GLOVER J.R. ले १९६९ मा CONVERSATIONAL GURUNG CONVERA नामक पुस्तक प्रकाशित गरेका थिए ।

(५) GLOVER W.W. ले DEVANAGARI SPELLING SYSTEM FOR THE GURUNG LANGUAGE (SIL, T.U.) १९७१ मा र १९७२ मा A VOCABULLARY OF THE GURUNG LANGUAGE र A GUIDE TO GURUNG TONE नामक पुस्तक र १९८० मा GURUNG DIALECTS PAPER प्रकाशन गरेका थिए ।*

स्वदेशी विद्वान् तथा लेखकहरूबाट –

(१) सर्वप्रथम स्याङ्जा साल्मीडाँडानिवासी श्री हर्कबहादुर तमुले लेख्नुभएको गुरुङ लोकगीत २०१५ मा गुरुङ कल्याण सङ्घ काठमाडौंद्वारा प्रकाशित भएको छ ।

(२) नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट **पर्यायवाची शब्दकोश**को प्रकाशन भयो । त्यस शब्दकोशमा गुरुङभाषा पनि राखिएको छ ।

(३) श्री घनबहादुर गुरुङद्वारा लेखिएको **ङ्ग्योंनि ङ्ग्योंई क्युई**नामक पुस्तक २०४६ मा प्रकाशित भएको छ ।

---

* (उल्लिखित सबै पुस्तकहरू स्वदेशमा प्राप्य छैनन्) ।

छ

(४) स्याङ्जा, फेदीखोलानिवासी श्री हितकाजी गुरुङले **नास धिवँ क्युई झोगो**नामक कविता–सङ्ग्रह (२०४७) प्रकाशित गरेका छन् ।

(५) इन्द्रकाजी गुरुङको **ङ्चों नि ङ्चोंई क्युई झोग**नामक कविता–सङ्ग्रह (२०४९) प्रकाशित भएको छ ।

(६) पूर्वी नेपालका युवा लेखक श्री कृष्ण तमु (घोताने) ले **ङ्चों नि ङ्चोंई क्युई**नामक पुस्तकबाट साभार भनी लेखिएको गुरुङ–शब्दकोश तमु छोंज धीं झापाका अंध्यक्ष श्री पृथ्वीमान तमुद्वारा प्रकाशित भएको छ ।

(७) गुरुङभाषामा लेखिएको **केर्लो** (सृष्टिका कुरा) नामक पुस्तक २०४७ मा तमु छोंझ धीं, बुटवलबाट प्रकाशित भएको छ ।

(८) **तमु केवै तां**नामक पुस्तक नवलपरासी, दुम्कीवासनिवासी श्री दलबहादुर गुरुङले २०५० मा प्रकाशित गरेका छन् ।

(९) लमजुङ, गिलुङनिवासी श्री इन्द्रबहादुर तमु(पैंडी)ले **तमु ची** (ज्योतिषशास्त्र)नामक पुस्तक गुरुङभाषामा हालै प्रकाशित गरेका छन् ।

(१०) स्याङ्जा(हाल रत्नचोक, पोखरा)निवासी सुबेदार श्री पदमबहादुर गुरुङले **बौद्धधर्म, संस्कृति र लामा–झाँक्रीद्वारा गरिने विधि–विधान**नामक पुस्तक गुरुङभाषामा हालै प्रकाशित गर्नुभएको छ ।

त्यस्तै गुरुङशब्दहरूलाई आफ्ना लेखहरूमा सिंगारेर लेख्ने लेखकहरू हुनुहुन्छ, कास्की, पोखरानिवासी श्री भोबर पाल्चै तमु, श्री खुशीमान तमु र मनाङनिवासी श्री डिल्लीजङ तमु । यसरी सरसरती हेर्दा गुरुङभाषिकाहरू पनि बिस्तारै–बिस्तारै ब्यूँझन लागेको अनुभव हुन्छ ।

तर आजसम्म गुरुङभाषाको व्याकरणात्मक प्रणालीको वैज्ञानिक अध्ययन र अनुसन्धान भने विद्वान्हरूबाट नभएको र पहिलो पल्ट गुरुङभाषामा व्याकरणको संरचना गर्नु पर्दा लेखकलाई ठूलो भार पर्नु स्वभाविकै ठान्दछु । यो व्याकरण त्यति परिमार्जित नहुन सक्छ, तर कुनै पनि रचना एकै पटकको प्रयासमा पूर्ण र परिमार्जित हुँदैन । यहाँ गुरुङभाषालाई वैज्ञानिकपद्धतिबाट अध्ययन गरी लेख्ने प्रयास गरेको छु । तर यो लेखकलाई आधुनिक भाषाविज्ञानको अल्पज्ञान तथा गुरुङभाषाको ध्वनिसित मिल्ने वर्णहरूको वैज्ञानिक

विश्लेषणात्मक अध्ययन र अनुसन्धान आजसम्म हुन नसकेको आदि विविध कारणले गर्दा परम्परागत व्याकरणकै आधारमा यो गुरुङभाषाको व्याकरण तयार गर्ने प्रयास गरिएको छ । त्यसैले यस पुस्तकमा धेरै कमि कमजोरी रहन गएका छन् जसका लागि यो लेखक नै जिम्मेवार छ ।

विविध भाषा साहित्य र संस्कृतिमा गहन अनुसन्धान कार्य गरी ग्रन्थ तयार गराउने लक्ष्य अनुरूप वि.सं. २०५०/५१ मा गुरुङ व्याकरण लेखन कार्यका लागि विद्धत्वृत्ति प्रदान गरेर गुरुङ व्याकरण लेख्न प्रेरित गराएकोमा यो लेखक ने.रा.प्र.प्र.प्रति चिर अनुगृहित छ । म आफ्नो तर्फबाट र तमु समाजको तर्फबाट ने.रा.प्र.प्र.प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो गुरुङ व्याकरण लेख्ने प्रेरणा प्राज्ञ श्री तिलविक्रम नेम्वाङज्यू (वैरागी काइँला) बाट पाई वहाँकै निर्देशनमा यो व्याकरण लेखनकाई शुरू गरें भने यस सिलसिलामा तत्कालिन **राष्ट्रियभाषा नीति तथा सुझाव आयोग**को सदस्य विद्वान्हरूबाट धेरै सहयोग पाएको छु । विशेष गरेर डा. श्री नोवल किशोर राई, डा. श्री योगेन्द्रप्रसाद यादव, डा. श्री हेमाङ्गराज अधिकारी, डा. श्री हर्षबहादुर बुढा मगर, भाषाविद् श्री काशीनाथ तमोट र श्री अमृत योन्जनसँगको सम्पर्कले भाषाशास्त्रका सिद्धान्त र आधुनिक व्याकरणीय प्रणालीको संबन्धमा केही सिक्ने–जान्ने अवसर पाएँ । यदि लेखकले वहाँहरूसित सम्पर्कमा आउने अवसर नपाएको भए यो व्याकरण यस रूपमा तयार हुने थिएन । तसर्थ वहाँहरू सबैप्रति आधार व्यक्त गर्दछु ।

त्यसरी नै गुरुङभाषाका शब्दहरू दिएर सघाउनेमा विभिन्न जिल्लाहरूबाट आएर पोखरा नगर क्षेत्रभित्र बसोबास गरी बस्नुभएका सहयोगीहरू, पोखरा रत्नचोक निवासी श्रद्धेय सोल्टी श्री भक्तबहादुर तमु (घान्द्रुक, कास्की), याङजाकोट तमु समाजका अध्यक्ष श्री तेजबहादुर तमु (लमजुङ), लमजुङ गिलुङ निवासी श्री इन्द्रबहादुर तमु (पैंडी), तमु छोंज धिं केन्द्रीय समितिका महासचिव श्री श्रीप्रसाद तमु (कास्की), प्रा. श्री कृष्णप्रसाद तमु (पात्लेखेत, कास्की), पोखरा बौद्धचोक निवासी केप्टेन श्री आशु तमु (सिक्लेस) हरूलाई धन्यवाद दिन्छु । नेपाली शब्दहरूको शुद्धाशुद्धी हेरी सहयोग गर्ने भाइ श्री हस्त तमुलाई पनि धन्यवाद दिन्छु ।

आफ्नो मातृभाषामा लेखिएको पहिलो यो गुरुङ व्याकरण ज्यादै परिश्रमसाथ टाइप गरी दिनुभएकोमा हिमालयन एजुकेशनल इन्स्टिच्युट, महेन्द्रपुल, पोखराका प्रोप्राइटर श्री जगन तमु र श्रीमती जमुना तमुप्रति हार्दिक आधार व्यक्त गर्दछु ।

अन्तमा, पुन: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले लेखकलाई विद्धत्वृत्ति प्रदान गरेर गुरुङभाषाको संरक्षण तथा विकासका लागि प्रकाशन भार समेत जिम्मा लिइ सहयोग गरेकोमा आफ्नो तथा तमु समाजको तर्फबाट समेत कृतज्ञता ज्ञापन गर्दछु ।

बुद्धजयन्ती, २०५१ लेखक

धनबहादुर प्लन, तमु (लामिछाने गुरुङ)
पो.न. पा. वडा नं. १०, रामघाट, पोखरा ।

तों तेंब :: विषयसूची

प्रकाशकीय क

दुईकुरा ग

भूमिका च

तों– १. तमु क्युई ङोसेव–मींसेव (गुरुङभाषाको परिचय/ Introduction to Gurung Language) १

१.१. तमु क्युई (गुरुङभाषा) १

१.२. तमु क्युई मी थेंव (गुरुङभाषाको नामकरण) २

१.३. तमु क्युई क्ल्यो फेल्ब (गुरुङभाषाको भौगोलिक विभाजन) २

१.४. चु क्युई मोम–ई क्युई आसन (यस व्याकरणको भाषिक आधार) ३

१.५. प्री–ई बारेरी (लिपिबारे) ४

(क) रोमन लिपि ४

(ख) देवनागरी लिपि ५

१.६. छार प्री–ई बारेरी (नयाँ लिपिबारे) ५

तों– २. तमु प्री–ई पारी (गुरुङ–वर्णव्यवस्था/ Gurung Phonology ६

२.१. तमु प्री (गुरुङ–वर्ण) ६

२.२. सोकए (स्वरवर्ण) ७

२.३. सोकए–ई वर्गीकरण (स्वरवर्णको वर्गीकरण) ७

(१) ओठको स्थितिको आधारमा ७

(क) गोलित सोकए ८

(ख) अगोलित सोकए ८

(२) जिभ्रोका विभिन्न भागको सक्रियताको आधारमा ८

(क) अग्रस्वर ८

(ख) मध्यस्वर ८

(ग) पश्चस्वर ८

(३) मात्राको आधारमा ८

(क) रींवै कए (ह्रस्व स्वर) ९

(ख) ह्रींवै कए (दीर्घ स्वर) ९

२.४. सोकए–ई क्ल्यो (स्वरवर्णको स्थान) ९

२.५. तमु सोकए पांब (गुरुङ–स्वरवर्णको वितरण–प्रणाली) १०
२.६. विसर्ग ११
२.७. लेकए (व्यञ्जनवर्ण) ११
२.८. सोकए नी लेकए ङेच्याव (स्वरवर्ण र व्यञ्जनवर्णको सन्धि) १३
२.९. लेकए नी सोकएबाट बनेका मात्राहरूको रूप (व्यञ्जनवर्ण र स्वरवर्णबाट बनेका मात्राहरूको रूप) १३
२.१०. क्लीव प्री–ई लउ पारी (अर्द्धवर्णको प्रयोगविधि) १४
(क) क नी य–ई च्यागी लब (क र य को सन्धि) १४
(ख) व नी अरू क्लीव प्री–ई च्यागी (व सँग अरू अर्द्ध वर्णहरूको सन्धि) १५
२.११. र प्रीवै पारी (र कार लेखनविधि) १६
(क) पली प्रेसी (खुट्टा चिरेर) १६
(ख) र ऋर् ख्यासी (र शिरमा लगाएर) १६
(ग) अरू पारी (अन्य विधि) १७
२.१२. लेकए–ई वर्गीकरण (व्यञ्जनवर्णको वर्गीकरण) १७
(१) प्राणत्वको आधारमा १७
(क) योंवै कए (अल्पप्राण) १७
(ख) लीवै कए (महाप्राण) १७
(२) घोषत्वको आधारमा १८
(क) तार्वै कए (सघोष वर्ण) १८
(ख) अतार्वै कए (अघोष वर्ण) १८
२.१३. लेकए–ई क्ल्यो (व्यञ्जनवर्णको स्थान) १८
२.१४. तमु लेकए पांव (गुरुङ–व्यञ्जनवर्णको वितरण–प्रणाली) १९

तों– ३. सुंकए भेद (शब्दभेद/Parts of Speech) २४
३.१. मीं (नाम/Noun) २५
३.१.१. मीं–ई कीसीम (नामको किसिम) २५
(क) धुंरी तेंवै मीं (व्यक्तिवाचक नाम) २६
(ख) सादा मीं (जातिवाचक नाम) २६
(ग) हुल तेंवै मीं (समूहवाचक नाम) २७
(घ) स्यु सै तेंवै मीं (द्रव्यवाचक नाम) २७
(ङ) म्हे वै मीं (भाववाचक नाम) २७

३.१.२. मीं–ई वर्गीकरणर् : ज्युगुदे स्योवन् तां (नामको वर्गीकरणमा; केही भिन्न विचार) २८
- (क) म़ी नी जात–ई मीं (व्यक्ति र जातिका नाम) २८
- (ख) च्योल खांवने अखांव मीं (सङ्ख्येय र असङ्ख्येय नाम) २८
- (ग) सो मुवनी आरेव़ मीं (सजीव र निर्जीव नाम) २९
- (घ) म़ीलई नी अरुलई तेंवै मीं (मानवीय र अमानवीय नाम) २९

३.१.३. समग्रमा नामको वर्गीकरण ३०

३.१.४. को़ (लिङ्ग/Gender) ३०
- (क) प्राकृतिक/मौलिक
- (ख) व्युत्पादन

३.१.५. प्राकृतिक/मौलिकलिङ्गी शब्दहरू ३१

३.१.६. व्युत्पादनलिङ्गी शब्दहरू ३१

३.१.७. गारों (वचन/Number) ३२

३.१.८. तमु क्युईर् गारों (गुरुङभाषामा वचन) ३२

३.१.९. फेलब नी क्युक्युं (विभक्ति र कारक/Case ending and case) ३३
- (क) फेल्ब (विभक्ति) ३३
- (ख) क्युक्युं (कारक) ३४
- (ग) क्युक्यु–ई कीसीम (कारकको किसिम) ३४
  - (१) क्र क्युक्युं (कर्तृकारक) ३४
  - (२) प़ली क्युक्युं (कर्मकारक) ३४
  - (३) यो क्युक्युं (करणकारक) ३५
  - (४) सुं क्युक्युं (सम्प्रदानकारक) ३५
  - (५) फीएब क्युक्युं (अपादानकारक) ३६
  - (६) तें क्युक्युं (अधिकरणकारक) ३६

३.१.१०. क्ले़लव (कोटिकार) ३६
- (क) तेंउलो तेंव क्ले़लव कएतांमए (एक एकाइ देखाउने/बोध गर्ने कोटिकार शब्दहरू) ३७
- (ख) ले़गारों तेंव क्ले़लव कएतांमए (बहु एकाइ देखाउने/बोध गर्ने कोटिकार शब्दहरू) ३७

३.२. चेमीं (सर्वनाम/Pronoun) ३८
३.२.१. चेमीं–ई कीसीम (सर्वनामको किसिम) ३९
(१) खएम्ला तां चेमीं (पुरुषवाचक सर्वनाम) ३९
(२) क्ऱोसेन्बै तां चेमीं (निश्चयवाचक सर्वनाम) ४३
(३) छेलों आफी बै तां चेमीं (अनिश्चयवाचक सर्वनाम) ४३
(४) ङेच्याबै तां चेमीं (सम्बन्धवाचक सर्वनाम) ४४
(५) ङचुवई तां चेमीं (प्रश्नवाचक सर्वनाम) ४४
(६) क्ले् तेंवै तां चेमीं (निजवाचक सर्वनाम) ४४
३.३. हचों (विशेषण/Adjective) ४५
३.३.१. हचों–ई कीसीम (विशेषणको किसिम) ४५
(क) गुण तेंव ह्यों (गुणबोधक विशेषण) ४६
(ख) ल्हे दे फेल्बै तेंव ह्यों (परिमाणबोधक विशेषण) ४६
(ग) च्योब तेंव ह्यों (सङ्ख्याबोधक विशेषण) ४७
(घ) त्हजी तेंव ह्यों (सङ्केतबोधक/सार्वनामिक विशेषण) ४७
(ङ) ङेच्याब तेंव ह्यों (सम्बन्धबोधक विशेषण) ४८
(च) ङचुवई तां तेंव ह्यों (प्रश्नबोधक विशेषण) ४८
३.३.२. हचों–ई तों (विशेषणको क्रम) ४८
(क) हचोंई प्रयोग मीं सुकए–ई ओंसोवांले (विशेषणको प्रयोग नाम शब्दको अगाडिबाट) ४९
(ख) हचोंई प्रयोग मीं सुकए–ई लीं‌ग्यावांले (विशेषणको प्रयोग नाम शब्दको पछाडिबाट) ४९
३.४. पार्क (क्रिया/Verb) ४९
३.४.१. पार्ककएसुं (क्रियापद) ४९
३.४.२. पार्ककएसुंई कीसीम (क्रियापदको किसिम) ५१
(१) छोवै पार्ककएसुं (सकर्मक क्रियापद) ५१
(२) भारे पार्ककएसुं (अकर्मक क्रियापद) ५२
३.४.३. छोवै पार्ककएसुंई भेद (सकर्मक क्रियापदको भेद) ५२
(१) युवै छोवै पार्ककएसुं (पूर्ण सकर्मक क्रियापद) ५३
(२) आयुवै छोवै पार्ककएसुं (अपूर्ण सकर्मक क्रियापद) ५३
३.४.४. भारे पार्ककएसुंई भेद (अकर्मक क्रियापदको भेद) ५४

(१) युवै भारे पार्ककएसुं (पूर्ण अकर्मक क्रियापद) ५४
(२) आयुवै भारे पार्ककएसुं (अपूर्ण अकर्मक क्रियापद) ५४
३.४.५. तुहुंबै पार्क (मिलित क्रिया) ५४
३.४.६. तब, आतब (करण, अकरण) ५५
३.४.७. पल (काल/Tense) ५६
(१) म्लो पल (वर्तमान काल) ५७
पक्ष/Aspect ५७
(क) सादा म्लो पल (सामान्य वर्तमान काल) ५७
(ख) जोकोम्नी म्लो पल (अपूर्ण वर्तमान काल) ५८
(ग) च्हुबै म्लो पल (पूर्ण वर्तमान काल) ५८
(२) स्यो पल (भूत काल) ५८
(क) सादा स्यो पल (सामान्य भूत काल) ५८
(ख) जोकोम्नी स्यो पल (अपूर्ण भूत काल) ५९
(ग) च्हुबै स्यो पल (पूर्ण भूत काल) ५९
(३) ली पल (भविष्यत् काल) ५९
(क) सादा ली पल (सामान्य भविष्यत् काल) ६०
(ख) डीबउ ली पल (सम्भाव्य भविष्यत् काल) ६०
३.४.८. संएतां (भाव/Mood) ६०
(१) केलेतां (विध्यर्थ) ६१
(२) म्हैवैतां (सम्भावनार्थ) ६१
(३) तेंबैतां (सङ्केतार्थ) ६१
३.४.९. सोतां (वाच्य/Voice) ६२
३.४.१०. सोतांई कीसीम (वाच्यको किसिम) ६२
(क) सोजो सोतां (कर्तृवाच्य) ६३
(ख) कोर्बै सोतां (कर्मवाच्य) ६३
३.४.११. सोतां फेर्दीव (वाच्य–परिवर्तन) ६३
३.५. हचोंपार्क (क्रिया–विशेषण/Adverb) ६४
३.५.१. हचोंपार्क–ई वर्गीकरण (क्रिया–विशेषणको वर्गीकरण) ६४
(क) वैलतेंव (कालबोधक) ६५
(ख) क्ल्योतेंव (स्थानबोधक) ६५
(ग) ल्हेदेतेंव (परिमाणबोधक) ६६
(घ) छ्यूातेंव (रीतिबोधक) ६६
(ङ) लातेंव (आवृत्तिबोधक) ६७

(च) साधन/माध्यमतेंव (साधन/माध्यमबोधक) ६७
(छ) ङीबन्‌तेंव (निश्चयबोधक) ६७
(ज) आतवतेंव (निषेधबोधक) ६८
३.६. तेंस्युरु (नामयोगी/Preposition) ६८
(क) कर्‌योंव (सरल) ६९
(ख) कर्‌आयोंव (जटिल) ७०
३.७. ङेच्याब (संयोजक/Conjunction) ७०
३.७.१. ङेच्याब–ई प्रकार (संयोजकको प्रकार) ७१
(क) कर्‌योंव (सरल) ७१
(ख) कर्‌आयोंव (जटिल) ७२
३.८. प्ल्प्हैंव नी में (विस्मयादिबोधक/Exclamatory र निपात/Intensifier) ७३
(क) प्ल्प्हैंब (विस्मयादिबोधक) ७३
(ख) में (निपात) ७४

तों– ४ तमु कएतांपारी (गुरुङ–वाक्यव्यवस्था/Gurung Syntax) ७५
४.०. ङोसेब–मीसेब (परिचय) ७५
४.१. कएतां (वाक्य) ७५
४.२. कएतांई वर्गीकरण (वाक्यको वर्गीकरण) ७६
(क) अर्थको आधारमा ७६
(१) सामान्यार्थक ७६
(२) प्रश्नार्थक ७६
(३) आज्ञार्थक ७७
(४) आश्चर्यार्थक ७७
(५) इच्छार्थक ७८
(ख) संरचनाको आधारमा ७८
(१) सादा कएतां (सरल वाक्य) ७८
(२) खुबै कएतां (संयुक्त वाक्य) ७८
(क) विकल्प बुझाउने वाक्यहरू ७९
(ख) संयोजकविहीन वाक्यहरू ७९
(३) कोंबै कएतां (मिश्र वाक्य) ७९
४.३. कएतांई सुंकएतों (वाक्यको शब्दक्रम) ८०
४.४. सुंकएतों (शब्दक्रम) ८०
४.५. सुंकएतोंरी फेर्दीब (शब्दक्रममा परिवर्तन) ८१

त

४.६. सङ्गति (Concord) ८१
४.७. तां च्यार्व (कथन–परिवर्तन) ८१

तों– ५ मान थेंसी पोंबै सुंकएदा (मानार्थी शब्दहरू) ८४
(क) विशेष प्यार र सम्मानका शब्दहरू ८४
(ख) शिष्ट शब्दहरू ८४
५.१. मेतों (चिह्‌न) ८५

परिशिष्ट ८७

परिशिष्ट – १ गुरुङभाषाको मानक आलेखन (Standard Transcription) ८८
परिशिष्ट – २ विभिन्न नामहरू ९१
परिशिष्ट – ३ गुरुङ–सङ्ख्याप्रणाली ९७
सन्दर्भ–ग्रन्थ १०२

आधारभूत गुरुङ-व्याकरण
THE BASIC GURUNG GRAMMAR

तों १. तमु क्युई ङोसेव–खींसेव
(गुरुङभाषाको परिचय/Introduction to Gurung Language)

१.१. तमु क्युई (गुरुङभाषा)

प्रजातन्त्रको पुन:स्थापनापूर्व नेपालका विभिन्न जनजातिहरूले आफ्नो इतिहास, धर्म, संस्कृति र भाषाको समुचित रूपमा संरक्षण एवं संवर्धन गर्ने उपयुक्त अवसर प्राप्त गर्न नसक्दा कतिपय जातिका भाषा, धर्म र संस्कृति पूर्ण रूपले लुप्त हुने स्थितिमा नपुगेका होइनन् । यिनै प्राचीनतम आदिवासी जाति एवं जनजातिहरूमध्ये नेपाल अधिराज्यको पहाडी भेगमा बस्ने गुरुङ जाति पनि एक हो । यस जातिको इतिहास, धर्म, संस्कृति, भाषा र परम्परा आफ्नै किसिमको छ । हाल आएर संवैधानिक रूपमा नै विभिन्न जनजातिलाई आफ्नो भाषा, संस्कृति र धर्मको संरक्षण र विकासको लागि उपयुक्त अवसर प्राप्त भएकोले गुरुङभाषाको संरक्षण र संवर्धनको लागि पनि विशेष प्रयासहरूको थालनी भएको कुरा सर्वविदितै छ । यसै क्रममा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको सक्रियतामा गुरुङभाषालाई एउटा सर्वमान्य स्वरूप प्रदान गर्नको लागि विद्वद्वृत्ति (वि.स. २०५०–५१) प्रदान गरेर यस व्याकरणको निर्माण गर्ने प्रयास भएको हो ।

गुरुङभाषा चीनी–तिब्बती भाषा–परिवारको तिब्बत–बर्मेली शाखामा पर्दछ । यो भाषा गुरुङजातिको मातृभाषा हो । यो भाषा अति प्राचीन भाषा हो । २०४८ को जनगणनाअनुसार गुरुङहरूको जम्मा सङ्ख्या ४,२४,७०० अर्थात् २.३६% देखाइएको छ । एक अध्ययनअनुसार ७५% गुरुङहरू आफ्नो मातृभाषामा वार्तालाप गर्न सक्छन् र ८५% ले यस भाषामा वार्तालाप गरेको बुझ्दछन् भन्ने अनुमान छ ।

नेपालमा भाषा–सर्वेक्षण नभएको हुँदा वास्तवमा गुरुङभाषा बोल्नेहरूको सङ्ख्या किटान गरी भन्न सकिने अवस्थामा छैन । गण्डकीक्षेत्रका सबै गुरुङहरू आफ्नो मातृभाषा नै बोल्दछन् । गण्डकीक्षेत्रबाट अन्य ज़िल्लाहरूमा (रूपन्देही, नवलपरासी, चितवन, काठमाडौं, ललितपुर.........) बसाईं सरी गएका गुरुङहरू गुरुङभाषा नै बोल्दछन् । तर

नेपालको पूर्वी भेगतिरका गुरुङहरूले आफ्नो मातृभाषालाई प्रचलनमा ल्याउन सकेको देखिँदैन ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६ (२) ले मातृभाषाको रूपमा बोलिने भाषाहरूलाई राष्ट्रिय भाषा भन्ने मान्यता दिएका छन् । यस भाषाले संविधानको धारा १८ (२) अनुसार प्राथमिक तहमा पठन–पाठन गर्न पाउने संवैधानिक अधिकार प्राप्त गरेको छ ।

यस भाषामा लेखन–परम्परा वैज्ञानिक तरीकाबाट हुन नसके पनि स्वदेशी तथा विदेशी विद्वान्‌हरूबाट विभिन्न पुस्तकहरू, पत्र–पत्रिकाहरू देवनागरी लिपिमा र रोमन लिपिमा प्रकाशित भएका छन् । हाल यस भाषाले पनि (आफू शैशवावस्थामै भए पनि बिस्तारै–बिस्तारै तमुं छ्योंज घिं........ आदि जस्ता संस्थाहरूमार्फत गुरुङहरूको भाषा, संस्कृति र धर्मको संरक्षण तथा संवर्धन गर्दै) आफ्नो पखेटा फिँजाउदै आएको छ ।

१.२. तमुक्युई मी येंव (गुरुङभाषाको नामकरण)

नेपालमा गुरुङ जाति एक प्राचीन मूल जाति मानिन्छ । गुरुङहरू आफूलाई 'तमु' भनेर चिनाउँदछन्, तर अन्य जातिहरू गुरुङ भन्ने गर्दछन् । तर पनि गुरुङ शब्दले तमु जातिलाई बुझाउने कुरामा कुनै विवाद छैन । गुरुङहरू आफ्नो मातृभाषालाई तमुक्युई अथवा तमुतां (गुरुङभाषा) भन्ने गर्दछन् । तसर्थ गुरुङभाषाको नामकरण तमु शब्दबाट नै भएको हो भन्न सकिने प्रशस्त आधारहरू छन् ।

१.३. तमुक्युई क्ल्यो फेल्ब (गुरुङभाषाको भौगोलिक विभाजन)

नेपाल अधिराज्यमा तमुहरूको बाहुल्य एवं बसोवास भएका जिल्लाहरूमा गोरखा, मनाङ, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, रूपन्देही, नवलपरासी, चितवन, बर्दिया, मोरङ, झापा, इलाम, ताप्लेजुङ, सङ्खुवासभा, भोजपुर, ओखलढुङ्गा, काठमाडौं आदि मुख्य छन् तापनि गुरुङ–भाषिकाहरूको वर्गीकरण भाषिक हिसाबले दुई भागमा गरी अध्ययन गर्न सकिन्छ । कास्की र तनहुँको बीचभागबाट बगेको मादी नदीको पूर्वी भेगमा लमजुङ, गोरखा, धादिङ पर्दछन् भने

पश्चिमी भागमा तनहुँ, कास्की, स्याङ्जा र पर्वत जिल्लाहरू पर्दछन् ।

डा. श्री हर्क तमुले प्रकाशित गर्नुभएको नेपालको जनसङ्ख्या–नक्शा (Population Census of Nepal – 1981) मा नेपालको पचहत्तरै जिल्लामा गुरुङभाषाभाषीहरूको स्थायी बसोवास रहेको देखाएका छन् । उनले मनाङ, लमजुङ, गोरखा र मुस्ताङ जिल्लामा गुरुङको जनसङ्ख्या पहिलो स्थानमा देखाएका छन् भने कास्कीलाई दोस्रो स्थानमा र तनहुँ, रसुवा, डोल्पा आदि जिल्लाहरूलाई तेस्रो स्थानमा देखाएका छन् । तर यी तथ्याङ्कहरू पनि त्यति विश्वसनीय छैनन् ।

भाषिक रूपमा मादी नदीदेखि पूर्वी भेगको गुरुङभाषा र पश्चिमी भेगको भाषाका मूल धातु एउटै भए तापनि सम्प्रेषण र लय फरक भएको देखिन्छ । पूर्वी भेगको गुरुङभाषा ध्वन्यात्मक रूपको देखिन्छ भने पश्चिमी भेगको गुरुङभाषा वर्णात्मक रूपमा छ । वर्णात्मक रूपमा भाषाहरूलाई लिपिबद्ध गर्न जति सरल हुन्छ, त्यति ध्वन्यात्मक रूपका भाषामा सरलता हुँदैन । तसर्थ पूर्वी भेगका गुरुङ–भाषिकाहरूका कुराकानीका शब्दहरू अन्य क्षेत्रका गुरुङ–भाषिकाहरूको लागि त्यति बोधगम्य हुँदैनन्, तर पश्चिमी भेगमा गुरुङ–भाषिकाहरूले सम्प्रेषण गरेका शब्दहरू बोधगम्य भएको देखिन्छ ।

१.४. चु क्युई मोम–ई क्युई आसन (यस व्याकरणको भाषिक आधार)

गण्डकी क्षेत्र तमुहरूको पुर्ख्यौली थलो हो भने कास्की जिल्लाको सदरमुकाम पोखरा तमुहरूको सङ्गमस्थल मानिन्छ । अघिदेखि विभिन्न जिल्ला र भेगहरूबाट तमुहरू पोखरामा बसाइँ सरी आउने क्रम जारी छ । यसरी विभिन्न जिल्ला र भेगहरूबाट पोखरामा बसाइँ सरी आएका तमुहरू एकअर्कामा सम्मिश्रित भइसकेका छन्, जसले गर्दा संवादमा समस्या देखिँदैन । एक भेगको तमुले सम्प्रेषण गरेको संवाद अर्को भेगबाट आएका तमुहरू राम्रोसित बुझ्दछन् ।

तसर्थ पोखरामा बोलिने तमुभाषालाई नै मानक (स्तर) मानी यो व्याकरण लेखिएको छ । भाषाको लेखन–परम्पराको

विकासगतिलाई तीव्रता दिन सम्बद्ध भाषाभाषीहरूको शैक्षिक स्तरको ठूलो भूमिका रहन्छ । साक्षरता र शिक्षितहरूको गुणात्मक सङ्ख्या जति बढी हुन्छ त्यति नै मात्रामा त्यस वर्गको भाषाले विकासको गति लिन्छ । निरक्षर, अशिक्षित र अल्पसङ्ख्यक जातिले बोल्ने भाषालाई मानक कायम गरिँदा भाषाको विकासमा गति प्रदान गर्नु सम्भव हुँदैन । शिक्षित समुदायले रुचि लिएमा भाषाको उन्नति र प्रगतिमा ठूलो योगदान पुग्न सक्छ । यसै वास्तविकतालाई दृष्टिगत गरी कास्की पोखराको तमुभाषालाई मानक कायम गरी अर्थात् सामान्यीकरण गरी यो व्याकरण लेख्ने काम भएको छ ।

१.५. प्ृी–ई बारेरी (लिपिबारे)

गुरुङभाषाको आफ्नो प्ृी–ई (लिपि) थियो भनिन्छ, तर आजसम्म फेला परेको छैन । पूर्वप्रकाशित सामग्रीहरूको आधारमा यस भाषाको वाङ्मय दुई प्रकारको प्ृी–ई मा प्रकाशित भएको देखिन्छ । जस्तै –

(क) रोमन प्ृी (लिपि)
(ख) देवनागरी प्ृी (लिपि)

(क) रोमन प्ृी

विश्वमा सर्वाधिक रूपमा प्रयोग गरिने र व्यापक प्रचार–प्रसारमा आएको रोमन प्ृीलाई अङ्ग्रेजी प्ृी पनि भन्दछन् । यस प्ृीमा अन्तरराष्ट्रिय ध्वन्यात्मक प्ृी चिह्न (International Phonetic Alphabet, IPA) को विकास पनि गरिसकेका छन् । गुरुङभाषाको अनुसन्धानको सिलसिलामा लेखिएका विदेशी विद्वान्हरूका पुस्तकहरू रोमन प्ृीमै छन् ।

परापूर्व कालदेखि नै गुरुङहरू सैनिक सेवामा बढी संलग्न हुँदै आएका हुनाले यिनीहरूलाई सैनिक शिक्षालयमा शिक्षा प्रदान गरिँदा रोमन प्ृीकै माध्यमद्वारा शिक्षण गरिन्थ्यो, जसले गर्दा यिनीहरू रोमन प्ृीसित चिर–परिचित छन् । जसले जे जानेको हुन्छ, त्यसैलाई बढी महत्व दिनु, सजिलो मान्नु मानवीय स्वभाव नै

हो । गुरुङहरूले आफ्नो भाषालाई ग्रीबद्ध गर्न रोमन ग्री नै रोज्नुको यो एउटा प्रमुख कारक तत्व हुन सक्छ ।

(ख) देवनागरी ग्री

यो ग्री नेपालको सरकारी कामकाजको रूपमा दैनिक प्रयोगमा ल्याइएको ग्री हो । हाल प्राथमिक पाठशालादेखि विश्वविद्यालयसम्म यसै ग्रीद्वारा पठन–पाठन सञ्चालित छ । गुरुङ लेखकहरूले पनि आफ्नो भाषा, धर्म र संस्कृति आदिका लेखहरू यसै ग्रीमा प्रकाशन गरेको पाइन्छ । प्रेस र अन्य भौतिक साधनहरूको सुलभताले गर्दा यसै ग्रीमा लेख्ने प्रचलन बढेको छ ।

१.६. छार ग्री–ई बारेरी (नयाँ लिपिबारे)

विश्वको जुनसुकै भाषा जुनसुकै ग्रीमा लेख्न सकिने धारणा भाषाशास्त्रीहरूको रहेको छ । भाषाको प्रयोग दुई तरीकाबाट भएको पाइन्छ – बोलेर र लेखेर । भाषालाई स्थायित्व प्रदान गर्ने र एकरूपता दिने मूल आधार लेखन–पद्धति हो । लेखन–पद्धतिमा पनि सम्बद्ध भाषाको ग्रीमा नै त्यसलाई लेख्न सकियो भने मात्र त्यस भाषाको प्रस्तुति राम्रोसँग हुन सक्छ चाहे त्यो कथ्यभाषा होस् वा लेख्य ।

गुरुङहरूका धर्मगुरु (लामा) हरूले प्रयोगमा ल्याउने धार्मिक ग्रन्थहरू तिब्बती ग्रीमा पढेको पाइन्छ र पढिरहेका छन् । त्यसै अनुरूप गुरुङभाषालाई पनि त्यसै ग्रीमा लेख्न सकिने त होइन भन्ने एउटा तर्क उठ्न सक्छ । तर हालसम्म धर्मग्रन्थहरूमा बाहेक भाषिक व्यवहारमा तिब्बती ग्रीको प्रयोग गरेर लेखिएको कुनै पनि लेख–रचना पाइएको छैन । त्यसैले गुरुङभाषालाई तिब्बती ग्रीमा पनि लेख्न सकिन्छ भन्ने कुरामा कुनै बलियो आधार भेट्टिँदैन । गुरुङभाषाको आफ्नै ग्री हुनुपर्ने अथवा नयाँ ग्रीको संरचना गरी प्रयोगमा ल्याउनुपर्ने जोड केही विद्वान्हरूबाट नभएको पनि होइन, तर समय र परिस्थितिअनुसार चल्नुपर्ने बाध्यतालाई पनि नकार्न सकिदैन । तसर्थ गुरुङहरूले आफ्नो ग्रीको अनुसन्धान र

विकास नगरेसम्म र टाइपराइटर, छापाखाना आदि भौतिक साधनहरूको सुलभता नभएसम्म देवनागरी प्रीकै माध्यमद्वारा आफ्नो मातृभाषा (गुरुङभाषा) को संरक्षण एवं विकास गर्नु उपयुक्त देखिन्छ ।

तों २. तमु प्री-ई पारी
(गुरुङ-वर्णव्यवस्था/Gurung Phonology System)

२.१. तमु प्री (गुरुङ-वर्ण)

कुनै पनि भाषाको अध्ययनको प्रारम्भ त्यस भाषामा पाइने ध्वनि (आवाज) हरूको राम्रोसँग अध्ययन, अनुसन्धान एवं विश्लेषणबाट हुने हुनाले प्रथमत: भाषाका ध्वनिको पहिचान गर्नु अत्यावश्यक हुन्छ ।

कुनै पनि भाषाको विकासको लागि प्रथमत: वर्ण (अक्षर) को निर्धारण हुनु आवश्यक छ । भिन्नभिन्न भाषामा वर्णव्यवस्था पनि भिन्नभिन्न हुन्छ । गुरुङभाषाको व्याकरणको अध्ययन गरी आवश्यक सुधार गर्ने उद्देश्यले तमु छों जधीं केन्द्रीय समिति नेपालको आह्वानमा तमु धीं कास्कीद्वारा आयोजित सङ्गोष्ठीले गुरुङभाषामा ४८ वटा वर्णहरू (४० वटा व्यञ्जनवर्ण र ८ वटा स्वरवर्ण) को निर्धारण गरेको पाइन्छ । जस्तै –

अ, आ, ई, उ, ए, ऐ, ओ, औ
क, क़ (क्ह), ख, ग, घ, ङ, ङ़ (ङ्ह)
च, च़ (च्ह), छ, ज, झ
ट, ट़ (ट्ह), ठ, ड, ढ
त, त़ (त्ह), थ, द, ध, न, ऩ (न्ह)
प़, प़ (प्ह), फ, ब, भ, म, म़ (म्ह)
य, र ऱ (र्ह), ल, ल़ (ल्ह)
व, व़ (ह्व), स, ह ।

व्याख्या – गुरुङभाषाको ध्वनि प्रणालीको अध्ययन गर्दा 'ह' कार ध्वनिहरू प्रशस्त पाइन्छन् । तसर्थ त्यस्ता

व्यञ्जनवर्णहरूको पुछारमा थोप्ला (.) दिएर 'ह' कार वर्णहरू बनाइएका छन् ।

विभिन्न भाषाहरूमा जस्तै गुरुङभाषाको वर्णव्यवस्थामा पनि दुई प्रकारका वर्णहरू पाइन्छन् ।

(क) सोकए (स्वरवर्ण)
(ख) लेकए (व्यञ्जनवर्ण)

२.२. सोकए (स्वरवर्ण)

उच्चारण गर्दा अर्को वर्णको मद्दत नलिईकन पूरा उच्चारण हुने वर्णलाई सोकए (स्वरवर्ण) भन्दछन् । गुरुङभाषामा मूलत: ८ प्रकारका सोकएहरू पाइन्छन् । जस्तै –

अ, आ, ई, उ, ए, ऐ, ओ, औ ।

व्याख्या – गुरुङभाषामा लामो र छोटो स्वर भए तापनि इकार उकारका ह्रस्व 'इ' र दीर्घ 'ऊ' मा गुरुङ–भाषिकाहरूले अन्तर मानेको छैन, अथवा इ, ई र उ, ऊको एउटै ध्वनि मानिएको छ । तसर्थ दीर्घ 'ई' र 'उ' लाई मात्र प्रयोग गरिएको छ । गुरुङभाषामा 'औ' ध्वनिको प्रयोग उति भएको देखिंदैन । यो ध्वनि औ/अउ (है) औमो (भेना, पुसै) जस्ता केही शब्दहरू बाहेक अन्य शब्दहरूमा पाइँदैनन् ।

२.३. सोकए-ई वर्गीकरण (स्वरवर्णको वर्गीरण)

गुरुङभाषामा पाइने सोकएहरूको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । जस्तै –

(१) **ओठको स्थितिको आधारमा** – ओठको गोलाइको आधारमा गुरुङभाषामा पाइने सोकएहरूलाई दुई भागमा बाँड्न सकिन्छ । जस्तै –
(क) गोलित सोकए
(ख) अगोलित सोकए

(क) **गोलित सोकए** – उच्चारण गर्दा ओठ गोलो हुने – उ, ओ ।

(ख) **अगोलित सोकए** – उच्चारण गर्दा ओठ गोलो नहुने – अ, आ, ई, ए, ऐ, औ ।

(२) **जिभ्रोका विभिन्न भागको सक्रियताको आधारमा** – सोकएको उच्चारणमा जिभ्रोको महत्वपूर्ण भूमिका हुन्छ । यसको आधारमा पनि गुरुङभाषामा पाइने सोकएहरूको वर्गीकरण तीन भागमा गर्न सकिन्छ । जस्तै –

(क) अग्रस्वर
(ख) मध्यस्वर
(ग) पश्चस्वर

(क) **अग्रस्वर** – जिभ्रोको अगाडिको भाग सक्रिय भई उच्चारण हुने सोकएहरू – ई, ए ।
[ई] – ईसुम् (फर्केछ) ।
[ए] – खेसुम् (पढेछ) ।

(ख) **मध्यस्वर** – जिभ्रोको मध्यभाग सक्रिय भई उच्चारण हुने सोकए – आ ।
[आ] – आघैं (दिदी) ।

(ग) **पश्चस्वर** – जिभ्रोको पछाडिको भाग सक्रिय भई उच्चारण हुने सोकएहरू – अ, उ, ऐ, ओ, औ ।
[अ] – चजे (खायो) ।
[उ] – खुब (बटुलेको) ।
[ऐ] – खैब ? (कस्तो ?) ।
[ओ] – छोव (मोटो) ।
[औ] – औमो (भेना) ।

(३) **मात्राको आधारमा** – सोकएको उच्चारणमा लाग्ने समयलाई मात्रा भन्ने चलन छ । यसको आधारमा गुरुङभाषामा पाइने सोकएहरूका दुई भेद छन् ।

जस्तै –

(क) रींवै कए (ह्रस्व स्वर)

(ख) ह्रींवै कए (दीर्घ स्वर)

(क) **रींवै कए (ह्रस्व स्वर)** – उच्चारणमा कम समय लाग्ने कए (स्वर)लाई रींवै कए (ह्रस्व स्वर) भन्दछन् । गुरुङभाषामा पाइने रींवै सोकएहरू –
जस्तै – अ, ई, उ, ए, ओ ।

(ख) **ह्रींवै कए (दीर्घ स्वर)** – उच्चारणमा केही धेरै समय लाग्ने कएलाई ह्रींवै कए (दीर्घ स्वर) भन्दछन् । गुरुङभाषामा पाइने ह्रींवै सोकएहरू –
जस्तै – आ, ऐ, औ ।

गुरुङभाषामा ह्रींवै कए र रींवै कएको लिङ्गीय भेद पाईंदैन । तर पनि रींवै कए र ह्रींवै कएको बीच अर्थमा ठूलो भिन्नता पाइन्छ ।

रींवै कए	**ह्रींवै कए**
[अ] – चजे (खायो) ।	[आ] – चाजे (मिच्यो) ।
[अ] – तजे (भयो) ।	[आ] – ताजे (उतार्‍यो) ।
[ए] – खेब (पढेको) ।	[ऐ] – खैब (कस्तो) ।
[ए] – ङ्हेब (टेकेको) ।	[ऐ] – ङ्हैब (अनुहार बिगारेको) ।

२.४. सोकए-ई क्ल्यो (स्वरवर्णको स्थान)

गुरुङभाषामा पाइने सोकए र यसको उच्चारण–स्थानको कुनै वैज्ञानिक अध्ययन हुन सकेको छैन । साथै यस भाषाको विकासको लागि अझसम्म कुनै उल्लेखनीय काम पनि भएको छैन । तापनि अन्य विभिन्न भाषाहरूको सोकए उच्चारणको आधारमा गुरुङ सोकएको उच्चारण स्थानलाई यस प्रकारले प्रस्तुत गर्न सकिन्छ । जस्तै –

जिब्रोको -

अग्रभाग	मध्यभाग	पश्चभाग
ई	आ	अ
ए		उ
		ऐ
		ओ
		औ ।

२.५. तमु सोकए पांव (गुरुङ-स्वरवर्णको वितरण-प्रणाली)

सोकए	शुरुमा	मध्यमा	अन्तमा
अ	अकर (अप्ठेरो)	ब्राज्यु (बाजे)	खाब (भर्ने)
	अन (दिदी)	फाने (ठूली फुपू)	ह्याब (जाने)
आ	आकोंब (मिश्रण नभएको)		ना (सिंगान)
	आटी (बस्दैन)		पा (रक्सी)
ई	ईले (फर्की)	खनैले (कहाँबाट)	चई (खायो)
	ईकुवा (बाडुल्की लाग्नु)	माईले (तलबाट)	ह्याई (गयो)
उ	उग्र्या (पहेंलो)	फासुम् (बालेछ)	योंमु (पाइन्छ)
	उह्यान (खोलेछ)	खाउच ? (को हो ?)	टीमु (बस्छु)
ए	एले (फर्कौं)	थेब (सुन्नु)	गले (ढिलो)
	एकोंब (हल्लेको)	सेब (नाच्नु/चिन्नु)	आथे (ठूली आमा)
ऐ	ऐ क़्रो (मुखिया दाई)	खैब (कस्तो)	नारै (थाक्यो, कोदो)
	ऐ (आश्चर्य मान्ने शब्द)	पै़ब (छोप्नु)	प़ारै (फुल्यो)
ओ	ओसों (अघि)	कोजे (अल्झ्यो, चित्त बुझ्यो)	आक्रोदो (नरोऊ)
	ओल्ग्या (रातो)	तोजे (भेट्यो)	आपोनो (नबोल्नू)

औ	औ (है)	खावौच (के/को ल्याउने)	भौ (ल्याऊ)
	औमो (भेना)	ह्यावौ वे (जाने हो)	लौ (आऊ)

२.६. विसर्ग

नेपाली र संस्कृत–व्याकरणमा विसर्गचिह्न (:) लाई अकार, ईकार र उकार शब्दहरूमा र 'ह'कारध्वनिको रूपमा प्रयोग गर्दै आएको देखिन्छ । गुरुङभाषाको वर्णव्यवस्थामा 'ह'कारध्वनिको लागि वर्णको तल थोप्ला अथवा बिन्दुचिह्न (.) अङ्कित गर्ने व्यवस्था मिलाइएको हुँदा 'ह'कारध्वनिको प्रयोजनको लागि विसर्गचिह्नको प्रयोग गरिएको छैन । तर गुरुङभाषाको प्रकृतिको अध्ययन गर्दा एकार ओकार, औकार वर्णहरूमा अतिरिक्त दीर्घ स्वर पाइएकोले सोको प्रयोजनको लागि विसर्गचिह्नलाई अतिरिक्त दीर्घ स्वरहरूमा प्रयोग गरिने व्यवस्था मिलाइएको छ । जस्तै –

थेब (ठूलो) ।	थे:ब (सुन्नु) ।
तेब (खन्याउनु) ।	ते:ब (निकाल्नु/खस्नु) ।
प्रेब (च्यात्नु) ।	प्रे:ब (घाम लाग्नु) ।
केब (चिलाउनु ।	के:ब (गाली गर्नु) ।
कएब (ढिलो) ।	क:एब (धकेल्नु) ।

२.७. लेकए (व्यञ्जनवर्ण)

सोकएको मद्दत लिएर मात्र पूरा उच्चारण हुन सक्ने वर्णलाई लेकए (व्यञ्जनवर्ण) भन्दछन् । सोकएसँग नजोडिएको अवस्थामा यिनीहरूको खुट्टो काट्ने गरिन्छ । गुरुङभाषामा जम्मा ४० वटा लेकएहरूको व्यवस्था गरिएको पाइन्छ । जस्तै –

क, क़ (क्ह), ख, ग, घ, ङ, ङ़ (ङ्ह)
च, च़ (च्ह), छ, ज, झ
ट, ट़ (ट्ह), ठ, ड, ढ
त, त़ (त्ह), थ, द, ध, न, ऩ (न्ह)
प, प़ (प्ह), फ, ब, भ, म, म़ (म्ह)
य, र ऱ (र्ह), ल, ल़ (ल्ह)
व, व़ (ह्व), स, ह ।

व्याख्या

(क) गुरुङभाषामा 'ञ', 'ण', 'श', 'ष', 'क्ष', 'त्र' र 'ज्ञ' वर्णहरूको प्रयोग देखिँदैन । यी वर्णहरू अन्य भाषाबाट तत्सम र तद्भव शब्दको रूपमा आयात गरिने भाषाहरूको प्रयोजनको लागि राखिएका छन् । त्यसैले गुरुङ–लेकएबाट यी वर्णहरूलाई हटाइएको छ ।

(ख) 'ण' वर्णको ध्वनि गुरुङभाषामा पाईंदैन । 'ञ' वर्णको प्रतिनिधित्व (यँ) ले गर्न सकिने देखिन्छ । 'श', 'ष' वर्णको प्रतिनिधित्व एउटै 'स' ले गर्न सक्छ । 'क्ष' वर्णको काम 'छे' ले गर्न सक्छ । 'त्र' वर्णको काम 'व्र' ले र 'ज्ञ' वर्णको काम 'ग्यँ' ले गर्न सकिने देखिन्छ ।

(ग) 'ब' र 'व' को लेखनविधिमा कहिलेकाहीं समस्या आउन सक्छ, किनकि नेपाली छापाहरूमा 'ब' र 'व' वर्णको लेखनविधि स्पष्ट भएको देखिँदैन, तिनीहरूलाई एउटै जस्तो मानिएको पनि देखिन्छ ।

वास्तवमा 'ब' र 'व' को फरक के हो भने 'ब' मा पेट चिरिन्छ, 'व' मा पेट चिरिँदैन । 'ब' को उच्चारण ओठबाट मात्र हुन्छ भने 'व' को उच्चारण ओठ र दाँत दुवैबाट एकै साथ गरिन्छ । उच्चारणमा भिन्नता भएझैं गुरुङभाषा यी दुई वर्णहरूको प्रयोगले शब्दको अर्थमा पनि ठूलो भिन्नता ल्याइदिन्छ । जस्तै –

वाब़	–	फाल्नु, सेलाउनु ।
वीं	–	अगाडि, सामुन्ने ।
वींब	–	देखाउनु ।
बीम्	–	भन्छ ।
बार	–	पर्खाल, लैजाऊ ।
क्वालब	–	उमाल्नु, रक्सी पार्नु इत्यादि ।

२.८. सोकए नी लेकए ङेच्याव (स्वरवर्ण र व्यञ्जनवर्णको सन्धि)

देवनागरी प्रीको वर्णप्रणालीअनुसार सोकए र लेकएको सन्धिबाट बन्ने मात्राहरूको रूप निम्नानुसार हुन्छ । जस्तै –

अ,	आ,	ई,	उ,	ए,	ऐ,	ओ,	औ ।
	ा,	ी,	ु,	े,	ै,	ो,	ौ ।

२.९. लेकए नी सोकएबाट बनेका मात्राहरूको रूप (व्यञ्जनवर्ण र स्वरवर्णबाट बनेका मात्राहरूको रूप)

यी मात्राहरूलाई गुरुङ–लेकएहरूमा प्रयोग गर्दा यसको पूर्ण रूप यस्तो हुन्छ । जस्तै –

क	का	की	कु	के	कै	को	कौ
क	का	की	कु	के	कै	को	कौ
ख	खा	खी	खु	खे	खै	खो	खौ
ग	गा	गी	गु	गे	गै	गो	गौ
घ	घा	घी	घु	घे	घै	घो	घौ
ङ	ङा	ङी	ङु	ङे	ङै	ङो	ङौ
ङ़	ङ़ा	ङ़ी	ङ़ु	ङ़े	ङ़ै	ङ़ो	ङ़ौ
च	चा	ची	चु	चे	चै	चो	चौ
च़	च़ा	च़ी	च़ु	च़े	च़ै	च़ो	च़ौ
छ	छा	छी	छु	छे	छै	छो	छौ
ज	जा	जी	जु	जे	जै	जो	जौ
झ	झा	झी	झु	झे	झै	झो	झौ
ट	टा	टी	टु	टे	टै	टो	टौ
ट	टा	टी	टु	टे	टै	टो	टौ
ठ	ठा	ठी	ठु	ठे	ठै	ठो	ठौ
ड	डा	डी	डु	डे	डै	डो	डौ
ढ	ढा	ढी	ढु	ढे	ढै	ढो	ढौ
त	ता	ती	तु	ते	तै	तो	तौ
त	ता	ती	तु	ते	तै	तो	तौ
थ	था	थी	थु	थे	थै	थो	थौ
द	दा	दी	दु	दे	दै	दो	दौ

ध	धा	धी	धु	धे	धै	धो	धौ
न	ना	नी	नु	ने	नै	नो	नौ
ऩ	ऩा	ऩी	ऩु	ऩे	ऩै	ऩो	ऩौ
प	पा	पी	पु	पे	पै	पो	पौ
प़	प़ा	प़ी	प़ु	प़े	प़ै	प़ो	प़ौ
फ	फा	फी	फु	फे	फै	फो	फौ
ब	बा	बी	बु	बे	बै	बो	बौ
भ	भा	भी	भु	भे	भै	भो	भौ
म	मा	मी	मु	मे	मै	मो	मौ
म़	म़ा	म़ी	म़ु	म़े	म़ै	म़ो	म़ौ
य	या	यी	यु	ये	यै	यो	यौ
र	रा	री	रु	रे	रै	रो	रौ
ऱ	ऱा	ऱी	ऱु	ऱे	ऱै	ऱो	ऱौ
ल	ला	ली	लु	ले	लै	लो	लौ
ल़	ल़ा	ल़ी	ल़ु	ल़े	ल़ै	ल़ो	ल़ौ
व	वा	वी	वु	वे	वै	वो	वौ
व़	व़ा	व़ी	व़ु	व़े	व़ै	व़ो	व़ौ
स	सा	सी	सु	से	सै	सो	सौ
ह	हा	ही	हु	हे	ह़ै	हो	हौ

२.१०. क्ल़ीव प़ी–ई लउ पारी (अर्धवर्णको प्रयोगविधि)

अर्धवर्णको लेखनविधिमा वर्णको पुछारमा हलन्त (्) चिह्न लगाएर बनाउने परम्परा छ । गुरुङवर्णहरूमा ठाडो धर्सा नभएका वर्णहरूलाई हलन्त चिह्न दिएर र ठाडो धर्सा नभएका वर्णहरूलाई ठाउँ हेरी हलन्त चिह्न नदिईकन अर्धवर्णको रूपमा लेख्ने विधि स्थापित गरी लेकएहरूमा सन्धि गर्ने विधिहरू अँगालिएका छन् । जस्तै –

(क) 'क' नी 'य'–ई च्यागी लब ('क' र 'य' को सन्धि)

क् + य = क्य ।   क़् + य = क़्य ।
ख् + य = ख्य ।   ग् + य = ग्य ।
घ् + य = घ्य ।   ङ् + य = ङ्य ।
ङ़् + य = ङ़्य ।   च् + य = च्य ।

च़् + य = च़्य ।
छ़् + य = छ़्य ।
ज् + य = ज्य ।
झ् + य = झ्य ।
ट् + य = ट्य ।
ट़् + य = ट़्य ।
ठ् + य = ठ्य ।
ड् + य = ड्य ।
ढ् + य = ढ्य ।
त़् + य = त़्य ।
त् + य = त्य ।
थ् + य = थ्य ।
द् + य = द्य ।
ध् + य = ध्य ।
न् + य = न्य ।
ऩ् + य = ऩ्य ।
प् + य = प्य ।
प़् + य = प़्य ।
फ + य = फ्य ।
ब् + य = ब्य ।
भ् + य = भ्य ।
म् + य = म्य ।
म़् + य = म़्य ।
र् + य = र्य ।
ऱ् + य = ऱ्य ।
ल् + य = ल्य ।
ल़् + य = ल़्य ।
व् + य = व्य ।
व़् + य = व़्य ।
स् + य = स्य ।

(ख) 'व' नी अरू क्ल़ीव प़ी-ई च्यागी ('व' सँग अरू अर्धवर्णहरूको सन्धि) जस्तै –

क् + व = क्व ।
क़् + व = क़्व ।
ख् + व = ख्व ।
ग् + व = ग्व ।
घ् + व = घ्व ।
ङ् + व = ङ्व ।
ङ़् + व = ङ़्व ।
च् + व = च्व ।
च़् + व = च़्व ।
छ़् + व = छ़्व ।
ज् + व = ज्व ।
झ् + व = झ्व ।
ट् + व = ट्व ।
ट़् + व = ट़्व ।
ठ् + व = ठ्व ।
ड् + व = ड्व ।
ढ् + व = ढ्व ।
त् + व = त्व ।
त् + व = त़्व ।
थ् + व = थ्व ।
द् + व = द्व ।
ध् + व = ध्व ।
न् + व = न्व ।
ऩ् + व = ऩ्व ।
प् + व = प्व ।
प़् + व = प़्व ।
फ + व = फ्व ।
ब् + व = ब्व ।
भ् + व = भ्व ।
म् + व = म्व ।

म़् + व = म्व़ ।　　य् + व = य्व ।
र् + व = र्व ।　　ऱ् + व = र्व़ ।
ल् + व = ल्व ।　　ल़् + व = ल्व़ ।
स् + व = स्व़ ।　　ह् + व = ह्व ।

२.११. 'र' प़्रीवै पारी (रकार-लेखनविधि)

देवनागरी लिपिमा 'र' लाई विभिन्न रूपमा प्रयोग गरिएको पाइन्छ । गुरुङभाषाको प्रयोगमा रकारको रूप निम्नानुसार प्रस्तुत गरिएको छ । जस्तै –

(क) प़्ली प्रेसी (खुट्टा चिरेर)

क्र　क़्र　ख्र　ग्र　घ्र　ङ्र　ङ़्र
च्र　च़्र　छ्र　ज्र　झ्र　ट्र　ट़्र
ठ्र　ड्र　ढ्र　त्र　त़्र　थ्र　द्र
ध्र　न्र　ऩ्र　प्र　प़्र　फ्र　ब्र
भ्र　म्र　म़्र　य्र　ल्र　ल़्र
व्र　व़्र　स्र　ह्र ।

व्याख्या – ठाडो धर्सा भएका लेकएको खुट्टा चिरेर र ठाडो धर्सा नभएका वर्णहरूमा घोप्टे (‸) चिह्न दिएर रकार बनाइएको छ । साथै हकार प्रयोगका लागि घोप्टे चिह्नभित्र थोप्ला (‸) राखि हकार बनाउने विधि अँगालिएको छ ।

(ख) 'र' क्रर् व्यासी ('र' शिरमा लगाएर)

'र' वर्णलाई अरू वर्णको शिरमा लगाएर पनि रकार बनाइन्छ । जस्तै –

र्क　र्क़　र्ख　र्ग　र्घ　र्ङ　र्ङ़　र्च　र्च़
र्छ　र्ज　र्झ　र्ट　र्ट़　र्ठ　र्ड　र्ढ　र्त
र्त　र्थ　र्द　र्ध　र्न　र्ऩ　र्प　र्प़　र्फ
र्ब　र्भ　र्म　र्म़　र्य　र्ल　र्व　र्व़　र्स
र्ह ।

(ग) अरू पारी (अन्य विधि)

देवनागरी लिपिमा प्रयोग गरिने कृ, खृ, गृ....... आदि वर्णहरूको प्रतिनिधित्व गुरुङभाषामा क्री, ख्री, ग्री आदि वर्णहरूले पूर्ण रूपमा गर्न सकिने देखिन्छ । त्यसैले दुवै ह्रस्व, दीर्घ रूपको रकारका वर्णहरूमा (्री) मात्रा लगाउने विधि अपनाइएको छ । जस्तै –

क्री क़्री ख्री ग्री घ्री ङ्री ङ़्री
च्री च़्री छ्री ज्री झ्री ट्री ट़्री
ठ्री ड्री ढ्री त्री त़्री थ्री द्री
ध्री न्री ऩ्री प्री प़्री फ्री ब्री
भ्री म्री म़्री य्री र्री ऱ्री ल्री
ल़्री व्री व़्री स्री ह्री ।

२.१२. लेकए-ई वर्गीकरण (व्यञ्जनवर्णको वर्गीकरण)

गुरुङभाषाको लेकएहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै –

(१) प्राणत्वको आधारमा

फोक्सोबाट निस्कने सासको शक्ति वा झोक्काको भिन्नताले पनि वर्ण भिन्न हुन्छ । यसैको आधारमा केही लेकएलाई ल़ीवै कए (महाप्राण) र केहीलाई योंवै कए (अल्पप्राण) भन्दछन् । जुन लेकएको उच्चारणमा हावा धेरै वा श्वास बल धेरै हुन्छ, त्यसलाई ल़ीवै कए (महाप्राण) भन्दछन् र जुन लेकएको उच्चारणमा हावा धेरै हुँदैन वा श्वास बल कम हुन्छ, त्यस्ता लोकएहरूलाई योंवै कए (अल्पप्राण) भन्दछन् । गुरुङ लेकएमा ल़ीवै कए र योंवै कए यी हुन् । जस्तै –

(क) **योंवै कए (अल्पप्राण)** – क, ग, घ, ङ, च, ज, ट, ड, त, द, न, प, ब, म, य, र, ल, व, स।

(ख) **ल़ीवै कए (महाप्राण)** – क्, ख, घ, ङ्, छ, झ, ट्, ढ, ड, त्, थ, ध, ऩ, प़, भ, फ, म़, ऱ, ल़, व़, ह ।

(२) घोषत्वको आधारमा

स्वरयन्त्रका चिम्टीहरू नजिकिंदा स्वरकम्पन अथवा घर्षण भएर श्वास बाहिर निस्केको हुन्छ । यसै सिद्धान्तको आधारमा , गुरुङवर्णहरूलाई तावैं कए (सघोष/Voiced) र आतवैं कए (अघोष/Unvoiced) को रूपमा वर्गीकरण गरिएको छ । जस्तै –

(क) **तावैं कए (सघोष वर्ण) -** स्वर यन्त्रका चिम्टीहरू नजीक हुँदा श्वासमा कम्पन भई उच्चारण हुने वर्णहरूलाई तावैं कए (सघोष वर्ण) भन्दछन् । जस्तै –

(क, ग, घ, ङ, ङ़, च़, झ, ट, ड, ढ, त, द, ध, न, ऩ, प़, ब, भ, म, म़, य, र, ऱ, ल, ल़, व, व़, ह) र सबै सोकएहरू ।

(ख) **अतावैं कए (अघोष वर्ण) -** स्वरयन्त्रका चिम्टीहरू टाढा हुँदा कम्पन उत्पन्न नभई उच्चारण हुने वर्णहरूलाई अतावैं कए (अघोष वर्ण) भन्दछन् । जस्तै –

क, ख, च, छ, ज, ट, ठ, त, थ, प, फ, स ।

२.१३. लेकए-ई क्ल्य़ो (व्यञ्जनवर्णको स्थान)

जस्तै –

क क ख ग घ ङ – कण्ठ्य ।
च च़ छ ज झ य – तालव्य ।
ट ट ठ ड ढ र ऱ – मूर्धन्य ।
त त थ द ध स ल ल़ – दन्त्य ।
प प़ फ ब भ – ओष्ठ्य ।
ङ ङ़ म म़ न ऩ – नासिक्य ।
व व़ – दन्त्योष्ठ्या ।

२.१४. तमु लेकए पांव (गुरुङ-व्यञ्जनवर्णको वितरण-प्रणाली)

लोकए	अग्रभाग	मध्यभाग	अन्त	संयुक्तता
क	कईरु (माथि)	अकर (अप्ठेरो)	नक (कुखुरा)	क्लीब (चिर्नु)
	कईसी (भातको सितो)	अकांव (तीतो नभएको)	–	कल्या (गोरु)
क	की (तिमी)	अकएदो (नघचेट)	अका (समातिदैन)	क्ल़े (मालिक)
	कब (म़न परेको, आगो सल्काउनु)	थुकएब (घचेटेको)	आकै (घुचाडिदैन)	क़्रो (मुखिया)
ख	खई (आयो)	आरपसुम् (आएकोछैन)	आख (आएन)	ख्याब (लगाउनु)
	खज्युउ (कस्तो)	अखांरो (सकिदैन रे)	पख (भुईं)	ख्यान (लगाएछ)
ग	गोर (गोडा)	चगए (खाऊन)	च्यागी (सम्बन्ध)	–
	गुदर्मी (लाटोकोसेरो)	ऩागर (बिहान)	आगें (ठुल्दाइ)	–
घ	घरीन्न (भन्नेबित्तिकै)	–	आघे (ठुल्दिदी)	–
	घोत (मलामी)	–	आघें (ठुल्दाइ)	–
ङ	ङई (मेरो)	आङोन (नफुकेको)	ट्रोङ (भाडा)	–
	ङनी (मसित)	अङाना (रुचेन, लागेन)	चोङ (ताप्के)	–

ङ	ङजां (पाँचठाउँमा)	आङीब (डर नमान्ने)	अङा (इच्छा नभएको)	–
	ङाब (लागेको)	आङेब (नबज्ने)	–	–
च	चई (उसको)	आचवैसए (नखाने वस्तु)	आच (खान्नँ)	–
	चम् (खान्छ)	आचसुम् (खाएको छैन)	मच (केरा)	–
च़	च़ाब (अर्जाप्नु)	अच़ाब (नर्अजापेको)	आच़ी (टोक्दैन)	–
	च़च्यो (कान्छो छोरा)	अच़ोब (नचुहेको)	नच़ो (नाकको टुप्पो)	–
छ	छब (चराउनु)	आछादो (नताछ)	आछ (चराउँदैन)	अछयांव (नराम्रो)
	छाब (त्यस्तो)	आछुब (नरमाइलो)	छं (चिहान)	छयार्ब (लाग्ने खुकुरी, हँसिया)
ज	जगन् (यत्तिनै)	सोजम् (निकोपार्ने)	खांजे (सकियो)	खज्युउच (कस्तो हो)
	जम्मन् (सबै नै)	सजीब्दे (कंस्तो त)	म़जे (हरियो)	–
झ	झज (चल्ला, बच्चा)	आझोंसुम् (हालेकोछैन)	आझों (हाल्दैन)	झचाङ (मकै भुट्ने ताप्के)
	झोंई (हाल्यो)	आझोंन् (नहाल)	–	झचोब्राल (भोटे)
ट	टब (लागेको)	आटसुम् (लागेको छैन)	आट (लागेन)	–

	टांब (छुर्नु)	आटीवरो (नबस्ने रे)	–	–
ट	ट्रोंब (पितृलाई चढाउनु)	–	ट्रा (साग)	–
	ट्रई (चित्यो)	–	–	–
ठ	ठागु (जेठो)	–	–	–
	ठूब (डल्ल ढोक्नु)	–	–	–
ड	डरु (डाडु)	–	–	–
	डालो (चोयाको डालो)	–	–	–
ढ	ढउस (चोयाको ठूलो डोको)	–	–	–
	ढोल्के (ढोलक)	–	–	–
त	ताई (माथि)	अताक (उत्ताउलो)	आत (हुँदैन)	–
	ताब (उतारेको)	आतन (भएनछ)	–	–
त	तली (धनु)	अतादो (नभन)	ता (सियो)	–
	तोब (भेट्नु)	आतोरो (भेट्दैन रे)	ते (जङ्गल)	–
थ	थुब (टिप्ने)	आथुनमो (टिपेको रहेनछ)	आथे (ठूली आमा)	–
	थाई (पर्ख)	वाथेन् (छाडी राख)	भथे (ठूला बाबा)	–

द	दबए	–	चढ्	–
	(फेरी)		(खाऊ)	
	दलेन्	–	ह्याद्	–
	(तर)		(जाऊ)	
ध	धींर् (घरमा)	–	धुं (बोट)	धज्यो (दाइ)
	धुंब (मोटो)	–	–	–
न	नक	खनीन्द	अना	–
	(कुखुरा)	(आउला नि)	(दिदी)	
	नमें	टीनुन्द	टईना	–
	(चरा)	(बस्ला नि)	(फूलको थुँगो)	
ऩ	ऩब	पऩनाग	अऩ	–
	(विश्राम गर्ने)	(भोलिबिहान)	(बिसाउँदैन)	
	नुब	अनुव	–	–
	(अग्लो)	(अग्लो नभएको)		
प	परव	आपथेब	पु (माटोको	सोप्ले
	(बीचको)	(ठूलबाबा)	हन्डी)	(तीनपटक)
	पोंब	आपोन्	पे	प्लीज्या
	(बोल्नु)	(नबोल)	(शास्त्र)	(चार ठाउँमा)
प़	प़रे	अप़ारब	–	–
	(लठ्ठी)	(नफुलेको)		
	प़ारब	अप़ीर्ब	–	--
	(फूल फुलेको)	(नउड्ने)		
फ	फरे	आफेउ	आफु	–
	(जाबे)	(पुग्दैन कि)	(भत्किँदैन)	
	फारब	आफैदो	सफुं	–
	(हुर्केको)	(नबाँध)	(माटोको डल्लो)	
ब	बीम्	तबम्	आबी	–
	(भन्छु)	(हुनत)	(भन्दैन)	

	बुम् (लान्छु)	छाबम् (त्यस्तोत)	काब (समातेको)	–
भ	भई (ल्यायो)	अभउ (नल्याऊ)	आभो (ल्याउँदैन)	–
	भसुम् (ल्याएछ)	आभोसुम् (ल्याएको छैन)	–	–
म	मोव (होचो)	आमींसुम् (पाकेको छैन)	चमी (छोरी)	–
	माव (बूढी)	आसीन (मरेनछ)	आम (आमा)	–
म़	म़हच्याम् (हराउँछ)	अम़न (नहराएको)	आम़ (हराउँदैन)	–
	म़ए (पाइला)	आम़ए (खोज्दैन)	–	–
य	याब (पल्केको)	आयोंसुम् (पाएको छैन)	खयों (कहिले)	अध्यान (नगएछ)
	युप (ढुङ्गा)	आयुसुम् (पुगेको छैन)	आयों (पाएन)	अध्यारो (जान्नरे)
र	राब (उभिएको)	आरेन (रहेनछ)	आरे (छैन)	–
	रोब (सुतेको)	आरीसुम् (उठेको छैन)	हचार् (जाऊ)	–
ऱ	ऱब (जान्ने)	अऱादो (नबजाऊ)	आऱ (जान्दैन)	–
	ऱीप (हड्डी)	अऱीर्दो (नभाग)	ऱी (अस्तु)	–
ल	लाब (तातो)	आलले (नगरौं)	ताल (तातो)	–

	लसुम् (गरेछ)	आलद् (नगर)	ली (अनुहार)	–
ल़	ल़ाब (धपाउनु)	अल़ादो (नधपाऊ)	ल़ (मौरीको घार)	–
	लुब (यही पारेको)	–	–	–
व	वाख (बर्कतिलो)	अवाथेंनो (नछोड)	ल़व (लावा)	–
	वादो (फाल)	अर्वीसुम् (देखाएको छैन)	अवा (दाइ)	–
व़	व़ीदो (बोलाऊ)	सव़ो (माटोको खानी)	अव़ां (फकाउदैन)	–
	व़ांब (फकाएको)	आव़ीसुम् (बोलाएको छैन)	व़ी (बारी)	–
स	सब (असल, राम्रो)	असएदो (नमार)	आसी (मर्दैन)	स्याय् (भेटाउँछ)
	सोक्यां (श्वासनली)	असरीद् (नसर्नु)	आस (निको हुँदैन)	स्युब (छाउनु)
ह	होंब (पस्नु)	–	आक्ह (समात्दैन)	–
	हार्ब (हकारिएको)	–	आक्हो (बुझिन)	–

तों ३. सुंकए भेद (शब्दभेद/Parts of Speech/Word Classes)

शब्दहरूको समूहनै वाक्य हो । वाक्यले पूर्ण अर्थ वा भाव प्रकट गर्दछ । यही अर्थ वा भावलाई बोलेर वा लेखेर प्रकट गर्ने माध्यमलाई भाषा भन्दछन् । यसरी हेर्दा शब्द भाषाको महत्वपूर्ण अङ्गको रूपमा देखा पर्दछ । अन्य भाषाका व्याकरणमा झैं वाक्यमा प्रयुक्त हुँदाको अवस्थामा शब्दले गर्ने

कामको आधारमा गुरुङभाषाको व्याकरणमा पनि शब्दहरूलाई तल लेखिए अनुसार आठ भागमा वर्गीकरण गरिएको छ । जस्तै –

१. मीं – (नाम / Noun)
२. चेमीं – (सर्वनाम / Pronoun)
३. हचों – (विशेषण / Adjective)
४. पार्क – (क्रिया / Verb)
५. पार्क हचों – (क्रिया–विशेषण / Adverb)
६. तेंस्युरु – (नामयोगी / Preposition)
७. ङेच्याब – (संयोजक / Conjuction)
८. प्ल. प्हैंब – (विस्मयादिबोधक / Exclamatory)

३.१. मीं (नाम / Noun)

कुनै व्यक्ति, वस्तु, स्थान, वा गुणको नाम तथा तिनको अवस्था समेत बुझाउने शब्दलाई मीं (नाम) भन्दछन् । जस्तै –

(क) गोलमान, चम्ग्याल्रों – (व्यक्ति) ।
(ख) क्हुर् (हलो), रैंदो (जाँतो) – (वस्तु) ।
(ग) पोख्र (पोखरा), कुस्मा (कुस्मा) – (स्थान) ।
(घ) ह्रवरे (सिपालु), सतङ्गे (सुशील) – (गुण) ।
(ङ) खीब्मएदोंब (बूढोपना), कोलोझ (शिशुत्व) – (अवस्था) ।

३.१.१. मींई कीसीम (नामको किसिम)

परम्परागत व्याकरणमा नामको विभाजन पाँच भागमा गरिएको पाइन्छ । गुरुङभाषाको यस व्याकरणमा पनि मींको वर्गीकरण पाँच भागमा नै गरी अध्ययन गर्ने विधिको अवलम्बन गरिएको छ । जस्तै –

(क) धुंरी तेंवै मीं (व्यक्तिवाचक नाम)
(ख) सादा मीं (जातिवाचक नाम)
(ग) हुल तेंवै मीं (समूहवाचक नाम)
(घ) स्यु सै तेंवै मीं (द्रव्यवाचक नामं)
(ङ) म्है वै मीं (भाववाचक नाम)

(क) धुंरी तेंवै मीं (व्यक्तिवाचक नाम)

कुनै व्यक्ति, स्थान, मान्छेको सम्प्रदाय, वार, महीना, चाड–पर्व, नदी, देश आदिका नामहरूलाई धुंरी तेंवै मीं (व्यक्तिवाचक नाम) भन्दछन् ।

जस्तै –

जीता, पोख्र, बुद्धीष्ट, आइतावार, बैशाख, दर्सै, सेती, न्हेपाल इत्यादि ।

व्याख्या – गुरुङहरूको आफ्नै किसिमको नाम हुन्छ । गुरुङनामको पछाडि बहादुर, प्रसाद, सिंह शब्दहरूको प्रयोग गरी नामकरण गर्ने परम्परा हिन्दु–पण्डितहरूद्वारा न्वारान र चिना टिप्पणी लेखाउन थालेपछि भएको देखिन्छ ।

गुरुङहरूको आफ्नै किसिमको संस्कृति र परम्परा छ, यिनीहरू नाम किटेर बोलाएको मन पराउँदैनन् । परस्पर सम्बोधन गरिंदा आफूभन्दा ठूला–बडालाई साइनो लगाएर बोलाउनुपर्छ । समान उमेरका तथा आफूभन्दा साना उमेरकालाई विशेष किसिमको आदरार्थी एवं प्रेमका शब्दहरू र उपनामहरूको प्रयोग गरी सम्बोधन गर्ने परम्परा छ । गुरुङ–प्रकृतिका नामहरू, विशेष शब्दहरू (पुरुष/महिला) र मानार्थी उपनामहरू परिशिष्ट (२) मा दिइएको छ ।

(ख) सादा मीं (जातिवाचक नाम)

कुनै एक जाति वा सबै किसिमका नाम बुझाउन सक्ने शब्दलाई सादा मीं (जातिवाचक नाम) भन्दछन् । सादा मींले कुनै व्यक्ति, वस्तु वा स्थानलाई तोकेर देखाउँदैन ।

जस्तै –

म़ी (मान्छे), धीं (घर), म़े (गाई),
मकी (भैंसी), पुले (टोपी) इत्यादि ।

व्याख्या - गुरुङभाषामा तमु सईनुपत्र (गुरुङ साइनोपत्र) साथै अन्य नामहरू बिस्तारै लोप हुँदै गइरहेको अवस्थालाई दृष्टिगत गर्दै यथाशक्य त्यस्ता नामहरू सङ्कलित गरी परिशिष्ट (२) मा दिइएको छ ।

(ग) हुल तेंवै मीं (समूहवाचक नाम)

मान्छे, पशुपक्षी वा चीजबीजको समूह वा थुप्रोको नाम बुझाउने शब्दलाई हुल तेंवै मीं (समूहवाचक नाम) भन्दछन् ।

जस्तै –

हुल (म़ी) – भीड (मान्छेको)
पल्टन (पल्टन), रास (रास),
बथान (बथान), बगाल क्यु – बगाल (भेडाको) इत्यादि ।

(घ) स्यु सै तेंवै मीं (द्रव्यवाचक नाम)

कुनै पदार्थका द्रव्यको नाम बुझाउने तथा परिमेय हुन सक्ने नामलाई स्यु सै तेंवै मीं (द्रव्यवाचक नाम) भन्दछन् ।

जस्तै –

म़ार (सुन), क्युर (तामा), ङे (दूध),
चज (नून), (क्यु पानी) इत्यादि ।

(ङ) म्है वै मीं (भाववाचक नाम)

कुनै व्यक्ति वा वस्तुको गुण, काम, अवस्था र भाव बुझाउने नामलाई म्है वै मीं (भाववाचक नाम) भन्दछन् ।

जस्तै –

म़ई (माया), सैतोंब (खुशी), झौराव (रिस),
स्लोग्य दोंव (कालोपन), माव्मएदोंव (बूढीपन) इत्यादि ।

व्याख्या - यो परम्परागत वर्गीकरण व्यवस्थालाई केही व्याकरणविद्‌हरूले केवल तीन भेदभित्र मात्रै समावेश गरी अध्ययन गर्न खोजेको पाइन्छ । यसअनुसार नामका भेदहरू तल दिइन्छन् ।

जस्तै –

(१) धुंरी तेंवै मीं (व्यक्तिवाचक नाम)
(२) सादा मीं (जातिवाचक नाम)
(३) म्है वै मीं (भाववाचक नाम)

यसरी तीन भेद स्वीकार गर्नेहरूले परम्परागत व्याकरणभित्र परेका स्युसै तेंव मीं (द्रव्यवाचक नाम) र हुल तेंवै मीं (समूहवाचक नाम) लाई समेत सादा मीं (जातिवाचक नाम) भित्रै समावेश गरेका छन् ।

३.१.२. मींई वर्गीकरणर् : ज्युगुदे स्योवन् तां (नामको वर्गीकरणमा केही भिन्न विचार)

नामको परम्परागत वर्गीकरण हेर्दा यसको व्याकरणात्मक कार्य के हो भन्ने कुरा स्पष्ट हुँदैन । तसर्थ वाक्यमा यसको प्रयोगको विशेषताबारे विचार गर्दा निम्नलिखित आधारमा हेर्नु उपयुक्त हुन्छ ।

जस्तै –

(क) म़ी नी जातई मीं (व्यक्तिवाचक र जातिवाचकका नाम)

कुनै नामले व्यक्ति वा वस्तुविशेषलाई जनाउँछ भने वाक्यमा त्यो सधैं एकवचनमा आउँछ । जातिलाई जनाउने नाम चाहिं एक वा बहुवचनमध्ये दुवैमा आउन सक्छ । यसरी विशेष र सामान्यको आधारमा छुट्ट्याउन सकिने हुनाले नामलाई म़ी नी जातई मीं (व्यक्ति र जाति नाम) गरी दुई भिन्न वर्गमा राख्न सकिन्छ ।

जस्तै –

व्यक्तिवाचक – सुवान, टेकन, फीपल्यारों ।
जातिवाचक – मे़ (गाई), मे़मए (गाईहरू)
म़ी (मानिस), म़ीमए (मानिसहरू) इत्यादि ।

(ख) च्योल खांवने अखांव मीं (सङ्ख्येय र असङ्ख्येय नाम)

गन्ती गर्न सकिने नामहरूलाई च्योल खांव मीं (सङ्ख्येय नाम) भन्दछन् । यसरी गन्ती गर्न सकिने र जनाउने एकाइअनुसार एक वा बहुवचन लिन सक्ने मूर्त नामहरू सङ्ख्येय हुन्छन् ।

जस्तै –

धीं (घर), धींरग (घरहरू),
म़ी (मानिस), म़ीदग (मानिसहरू) इत्यादि ।

गन्ती गर्न नसकिने नामलाई च्योल अखांव मी (असङ्ख्येय नाम) भन्दछन् ।

केही यस्ता नामहरू क्यु (पानी), म़सी (चामल), परिमेय/परिणाम तथा नापतौल जनाउने प्रवृत्तिका हुन्छन् । यी बहुवचनमा आउँदैनन् । भाववाचक प्रकृतिका केही नामहरू भने विभिन्न प्रकार वा धारणागत विविधता बुझाउने अभिप्रायमा बहुवचन लिन सक्छन् । त्यस स्थितिमा यी सङ्ख्येय बन्न सक्छन् । जस्तै –

बानी (बेहोर), बानीदग (बेहोराहरू),
घटना (घटना), घटनादग (घटनाहरू) इत्यादि ।

(ग) सो मुवनी आरेव मीं (सजीव र निर्जीव नाम)

नामलाई सो मुवनी आरेव (सजीव र निर्जीव) वर्गमा पनि हेर्न सकिन्छ । सो मींहरू प्राणिवाचक नामभित्रका पुरुष र स्त्री वा भाले र पोथीलाई बुझाउँदछन् भने सो आरेव मीं अप्राणिवाचक वस्तु वा पदार्थलाई बुझाउँछन् ।
जस्तै –

सोमुव (सजीव)
भाले – योकर (बाँदर), नकी (कुकुर) ।
पोथी – योकर्स्यो (बाँदर्नी), नकीस्यो (कुकुर्नी) इत्यादि ।

सोआरेव (निर्जीव)
ठूलो –
सानो –

(घ) म़ीलई नी अरुलईतेंवै मीं (मानवीय नाम र अमानवीय नाम)

म़ी (मानव) लाई र अरुलईतेंव (मानवेतर) लाई बुझाउने आधारमा मींलई म़ीलई नी अरुलईतेंवै (मानवीय र अमानवीय) वर्गमा पनि राख्न सकिन्छ । मानवीय नामअन्तर्गत मानव र मानवजातिलाई बुझाउने

विशेष्यहरू पर्दछन् । त्यस्तै अमानवीय नामअन्तर्गत पशुपक्षीहरूलाई जनाउने नामहरू पर्दछन् ।

जस्तै –

मी (मानवीय) – मी (मानिस), न्हेपाली (नेपाली)।
अरु (अमानवीय) – न्वार (बिरालो), नमे (चरा) ।

३.१.३. समग्रमा नामको वर्गीकरण

यसप्रकार व्याकरणात्मक कार्यलाई प्रभावित पार्ने अर्थगत कोटिको आधारमा हेर्दा समग्र रूपमा नामको वर्गीकरण यसरी गर्न सकिन्छ ।

जस्तै –


मीं (नाम)
मी (व्यक्ति)
जात (जाति)
च्योलखांव (सङ्ख्येय)
च्योलअखांव (असङ्ख्येय)
सोमुव (सजीव)
सोआरेव (निर्जीव)
सै तेंव (मूर्त)
संए तां तेंव (अमूर्त)
मीलई तेंव (मानवीय)
मी (मानिस),
न्हेपाली (नेपाली)
सै तेंव (मूर्त)
धुं (रूख), ट (फूल)
स (माटो),
प्रो (पीठो)
म्हई (माया),
संएतोंव (खुशी) ।
संए तां तेंव (अमूर्त)
तहजी (विचार),
अरुलईतेंव (अमानवीय)
नकी (कुकुर), नमे (चर)

३.१.४. को (लिङ्ग/Gender)

को शब्दले प्रकृतिमा भएका सजीव एवं निर्जीव पदार्थहरू भाले, पोथी वा भालेपोथी नछुट्टिने के–कस्ता हुन् भन्ने कुराको सङ्केत गर्दछ । गुरुङभाषामा भाले जाति बुझाउने

पुलिङ्गलाई प्हैंको र स्त्रीजाति बुझाउने स्त्रीलिङ्गलाई म्हैंको भन्दछन् ।

गुरुङभाषामा व्याकरणीय लिङ्गभेद छैन । यस भाषामा प्राकृतिक लिङ्गभेद मात्र पाइन्छ जुन नामहरूमा मात्र देखिन्छ । गुरुङभाषामा; पेशागत र जातिगत आधारमा बोलाइने नामहरूमा 'स्यो' प्रत्यय थपेर प्हैंको(पुलिङ्ग)बाट म्हैंको (स्त्रीलिङ्ग) बनाइन्छ । यसर्थ गुरुङभाषामा कोलाई दुई भागमा बाँड्न सकिन्छ ।

(क) प्राकृतिक/मौलिक
(ख) व्युत्पादन ।

३.१.५. प्राकृतिक/मौलिकलिङ्गी शब्दहरू

प्हैंको (पुलिङ्ग)	**म्हैंको (स्त्रीलिङ्ग)**
आप (बुबा) ।	आम (आमा) ।
बाज्यू/बाज्यू (बाजे, हजूरबुबा) ।	भुज्यु/बजे (बज्यै, हजूरआमा) ।
भथे/भुथे (ठूलबा) ।	आथे (ठूलीआमा) ।
आली (भाइ) ।	आङ (बहिनी) ।
स्योबों (साला) ।	सली (साली) ।
च़ (छोरा) ।	च़मी (छोरी) ।
मे़ (गाई) ।	क्ल्य़ (गोरु) ।
क्वै (नाति) ।	क्वैमी (नातिनी) ।
फ/प्युं (लोग्ने) ।	म्रीं (स्वास्नी) ।
कें (ससुरा) ।	स्योमे (सासु) ।

३.१.६. व्युत्पादनलिङ्गी शब्दहरू

यसअन्तर्गत 'स्यो' प्रत्यय थपेर प्हैंकोबाट म्हैंको बनाइन्छ । गुरुङभाषामा 'स्यो' प्रत्यय केवल जातिगत र पेशागत आधारमा बोलाइने नामहरूमा मात्र थपिन्छ ।

जस्तै –

प्हैंको	म्हैंको
घले (घले) ।	घलेस्यो (घलेनी, घलेकी छोरी) ।
कमी (कामी) ।	कम्स्यो (कमिनी) ।
बोमे (बाहुन) ।	बोम्स्यो (बाहुनी) ।
त्हुली (दमाई) ।	त्हुल्स्यो (दमिनी) ।
तामाङ (तामाङ) ।	तामाङ्स्यो (तामाङ्नी) ।
मगर (मगर) ।	मगर्स्यो (मगर्नी) ।
भोटे (भोटे) ।	भोटेर्स्यो (भोटिनी) ।
म्रुं (राजा) ।	म्रुंस्यो (रानी) ।
मेजर (मेजर) ।	मेजर्स्यो (मेजर्नी) ।
प्ह्रोंछे (गोठाला) ।	प्ह्रोछेस्यो (गोठाल्नी) ।
पच्यु/पज्यु (झाँक्री) ।	पच्युस्यो/पज्युस्यो (झाँक्रिनी) ।
लम (लामा) ।	लम्स्यो (लमिनी) ।
क्ल़े (मालिक) ।	क्ल़ेस्यो (मालिक्नी) ।

३.१.७. गारों (वचन/Number)

गारों भनेको कुनै वस्तु वा व्यक्तिको एक वा एकभन्दा बढी सङ्ख्या हो । कुनै व्यक्ति वा वस्तुको एक वा एकभन्दा बढी सङ्ख्यालाई जेले बुझाउँछ, त्यसलाई गारों (वचन) भन्दछन् ।

३.१.८. तमु क्युईर् गारों (गुरुङभाषामा वचन)

गुरुङभाषाको क्रियामा वचनभेद पाईंदैन । तर मीं (नाम), चेमीं (सर्वनाम) र ह्चों (विशेषण) मा 'मए', 'दग'........ आदि प्रत्ययहरू जोडेर तीगारों (एकवचन) बाट ल्हेगारों (बहुवचन) बनाउने प्रक्रिया प्रचलित छ ।

जस्तै –

	तीगारों (एकवचन)	ल्हेगारों (बहुवचन)
१)	म़ी खसुम्/खसीमु	म़ीमए/म़ीदग खसुम्/खसीमु
	(मानिस आएको छ) ।	(मानिसहरू आएका छन्) ।
२)	नकी छुसुम्	नकीदगा/नकीमए छुसुम्
	(कुकुर भुकेको छ) ।	(कुकुरहरू भुकेका छन्) ।

३)	च आखसुम् (त्यो आएको छैन) ।	चमए आखसुम् (तिनीहरू आएका छैनन्) ।
४)	ट प्हारन (फूल फुलेछ) ।	टदग प्हारन (फूलहरू फुलेछन्) ।
५)	म़ेलई छी झोन् (गाईलाई घाँस हाल) ।	म़ेदालई छी झोन् (गाईहरूलाई घाँस हाल) ।
६)	की क्याई हचाद (तिमी उता जाऊ) ।	केमए क्याई हचाद् (तिमीहरू उता जाऊ) ।
७)	प्लोव म़ी खन (धनी आएछ) ।	प्लोव्मए खना (धनीहरू आएछन्) ।

३.१.९. फेल्ब नी क्युक्युं (विभक्ति र कारक/Case ending and case)

(क) फेल्ब (विभक्ति) - वाक्यमा प्रयुक्त मीं वा चेमीं पदको क्रियापदसँग सम्बन्ध बुझाउन मीं वा चेमींहरूबाट जोडिने प्रत्ययलाई फेल्ब (विभक्ति) भन्दछन् । नेपालीमा ले, लाई, द्वारा आदि फेल्बको प्रयोग भएजस्तै गुरुङभाषामा पनि फेल्बको प्रयोग भएको पाइन्छ । यस भाषामा फेल्ब जम्मा ८ प्रकारका छन् । तिनका मीं र मेतों (चिह्न) तल दिइन्छन् ।

जस्तै –

फेल्ब (विभक्ति) **मेतों (चिह्न)**

१. तीसों (प्रथमा) – जी/ज/र्(री) – ले, बाट ।
२. डीसों (द्वितीया) – लई – लाई ।
३. सोसों (तृतीया) – वांले/जी/ज – बाट, द्वारा, ले ।
४. प्ल़ीसों (चतुर्थी) – लई/ल़ागीर् – लाई, लागि, निम्ति ।
५. ङसों (पञ्चमी) – वाले, होनो, होनोन्, होदो – देखि, बाट ।
६. टुसों (षष्ठी) – री, ऩोरी, फीरी – मा, भित्र, माथि ।
७. यीसों (सप्तमी) – री, नोंरी, फीरी – मा, माथि ।
८. सम्बोधन – ह, ऐ, ओ ।

(ख) क्युक्युं (कारक)

क्रियासँग अत्यन्त नजीकको सम्बन्ध राखेर आउने मीं, चेमीं समेतलाई क्युक्युं (कारक) भन्दछन् ।

(ग) क्युक्यु-ई कीसीम (कारकको किसिम)

नेपालीभाषामा झैं गुरुङभाषामा पनि छ प्रकारका क्युक्युं पाइन्छन् । टुसों (षष्ठी) फेल्बको प्रयोग केवल सम्बन्ध बुझाउनमा मात्रै हुने र सम्बोधनको प्रयोग बोलाउन मात्रै हुने हुनाले यिनीहरूको प्रत्यक्ष सम्बन्ध वाक्यको क्रियापदसँग रहँदैन । यसैले क्युक्युं छ वटा मात्रै निर्धारण गरिएका छन् ।

जस्तै –

(१) क्र क्युक्युं (कर्तृकारक) ।
(२) प़ली क्युक्युं (कर्मकारक) ।
(३) यो क्युक्युं (करणकारक) ।
(४) सुं क्युक्युं (सम्प्रदानकारक) ।
(५) फीएब क्युक्युं (अपादानकारक) ।
(६) तें क्युक्युं (अधिकरणकारक) ।

(१) **क्र क्युक्युं (कर्तृकारक)** – वाक्यमा मुख्य रूपले काम गर्ने मीं र चेमींलाई क्र क्युक्युं (कर्तृकारक) भन्दछन् । गुरुङभाषामा क्र क्युक्युंको मेतों जी, ज, र्(री), ले हुन्छ ।

जस्तै –

१) ङ जी (ज्) कैं चई (मैले भात खाएँ) ।
२) ङर्/ङरी बीब च आङे (मैले भनेको ऊ मान्दैन) ।
३) आपर् तो भोन/भन (बुबाले के ल्याउनुभएछ) ?
४) ङीजी छ्यांव छ्यांव कोंए भई (हामीले राम्रा राम्रा कपडा ल्यायौं) ।

(२) **प़ली क्युक्युं (कर्मकारक)** – कर्ताले गरेको कामको प्रत्यक्ष असर जसमाथि पर्छ त्यसलाई कर्म भन्दछन् । जुन वाक्यमा क्रियाको असर कर्ममा रहन्छ, त्यसलाई प़ली

क्युक्यु (कर्मकारक) भन्दछन् । गुरुङभाषामा यसको मेतों लई (लाई) हुन्छ ।
जस्तै –

१) ङ जी की लई व्हीम् (म तिमीलाई बोलाउँछु) ।
२) ङीजी/ङीर् चमए लई ङोसेम्/ङोसेरम् (हामी उनीहरूलाई चिन्दछौं) ।
३) ङ्जी/ङर् आपलई फ्योम् (म बुबालाई ढोग्छु) ।
४) श्यामर् ङलई प्रीवै सी पींई (श्यामले मलाई कलम दियो) ।

(३) **यो क्युक्यु (करणकारक)** – कर्ताले काम गर्दा नभइ नहुने साधन करण हो, जुन वाक्यमा मीं र चेमीं साधन वा माध्यमको रूपमा प्रयोग भएका हुन्छन्, तिनलाई यो क्युक्यु (करणकारक) भन्दछन् । गुरुङभाषामा यसको मेतों वांले, जी, ज् – (बाट, ले, द्वारा) हुन्छ ।
जस्तै –

१) चुई योवांले के आत (यसको हातबाट काम हुँदैन) ।
२) ङीवांई योवांले तोए आपीसुम् (हाम्रो हातबाट केही दिएको छैन) ।
३) च प़लीजी प्रम् (ऊ खुट्टाले हिंड्छ) ।
४) ङ ऩेमेजी थेम्/थीम् (म कानले सुन्छु) ।

(४) **सुं क्युक्युं (सम्प्रदानकारक)** – कसैलाई केही दिने वा भन्ने अर्थ बुझाउने क्युक्युंलाई सुं क्युक्युं (सम्प्रदान कारक) भन्दछन् । गुरुङभाषामा यसको मेतों लई, ल़ागीर् (लाई, निम्ति) हुन्छ ।
जस्तै –

१) ह्रीव म़ी लई म़सी पीन् (माग्ने मान्छेलाई चामल देऊ) ।
२) चमलई व्हीर् (उनीहरूलाई बोलाऊ) ।

३) आपै ल़ागीर् जुत्ता भोसुम्/भसम् (बुबाको लागि/निम्ति जुत्ता ल्याएको छु) ।
४) च र्धी आगेंई ल़ागीर् को (त्यो घर दाइको निम्ति हो) ।

(५) **फीएब क्युक्युं (अपादानकारक)** – जसबाट कुनै वंस्तु, व्यक्ति, अलग्गिने, छुट्टिने भाव बुझिन्छ, त्यसलाई फीएब क्युक्युं (अपादानकारक) भन्दछन् । गुरुङभाषामा यसको मेतों वांले, होनो/होदोन्, होदो (बाट, देखि) हुन्छ ।
जस्तै –

१) तेस्युर् मुवांले तीम्/तेम् (असिना आकासबाट झर्छ) ।
२) आप पोख्रावांले खम् (बुबा पोखराबाट आउनुहुन्छ) ।
३) ङीई ब्राज्यु/बाज्युमए स्योम् होनों/होनोंन् चुन्न टील (हाम्रा बाजेहरू उहिलेदेखि नै यहीं बसेका थिए) ।
४) स्योम् होनों/होनोन् चल्दीबै पेछयालई म़ादील तुम्/तुरम् (उहिलेदेखि नै चलिआएको रीतिरिवाज मान्नुपर्दछ) ।

(६) **तें क्युक्युं (अधिकरणकारक)** – मीं वा चेमींको जुन रूपबाट क्रियाको आधारको बोध हुन्छ, त्यसलाई तें क्युक्युं (अधिकरणकारक) भन्दछन् । गुरुङभाषामा तें क्युक्युंको मेतों र्(री), ऩोरी, फीरी (मा, भित्र, माथि) हुन्छ ।
जस्तै –

१) चें त्हेर्/त्हेरी/क्य़ोर् टीम् (बाघ बनमा बस्छ) ।
२) फ्हुरी रोनोर् टीम् (सर्प दुलोभित्र बस्छ) ।
३) नक नउच्च्योंरी टीम् (कुखुरा खोरभित्र बस्छ) ।
४) छ्युई टेबलफीरी मु (पुस्तक टेबुलमाथि छ) ।

३.१.१०. क्ल़ेलव (कोटिकर)

भोट–बर्मेली भाषा क्ल़ेलवप्रधान भाषा हुन् भन्ने भनाइ भाषाशास्त्रीहरूको छ । गुरुङभाषा पनि यही भोट–बर्मेली भाषा परिवारअन्तर्गत भएकोले यस भाषामा पनि एक अथवा

बहुइकाइ बुझाउने क्ले़लव शब्दहरूको प्रयोग प्रशस्त मात्रामा भएको देखिन्छ । तसर्थ यहाँ केही क्ले़लव शब्दहरू दिइएको छ ।

(क) तैंउलो तैंव क्ले़लव कएतांमए (एक एकाइ देखाउने/बोध गर्ने कोटिकर शब्दहरू)

जस्तै –

- मच तेग्यों चम् (एक कोसा केरा खान्छु) ।
- मच कांयो घ्री भर्बींन्/भउ (एक काइँयो केरा ल्याऊ) ।
- तीलम् ङजे बीलो (एकफेरा त मैले पनि भनेको थिएँ) ।
- क्यु तींप्र आरे (एक थोपा पानी छैन) ।
- चज तीफुं आरे (एक ढिका नून छैन) ।

माथिका वाक्यहरूमा तेग्यों (एक), घ्री (एक), तीलम् (एकफेरा), तींप्रं (एक थोपा) र तीफुं (एक ढिका) आदि तेंउलों तेंव क्ले़लव कएतांमए हुन् । त्यस्तै तीछ्यार्न/तीर्लन/तीब्लेन्न (एकैचोटि/एकैपटक), तीलुइ/तीलुए (एक ठुन्को), तीफुं (एउटा), तीला (एकफेरा), तींजन्न/तींजर् (एकै ठाउँमा), तीम्न (एक माना), प्योनो (एक पाथी), तीछो (एक छाक), तेघ्रों (एक घान), प्लेंघ्री (एक टुक्रा)........ आदि पनि तेंउलों तेंव क्ले़लव कएतांमए हुन् ।

(ख) ले़गारों तैंव क्ले़लव कएतांमए (बहु एकाइ देखाउने/बोध गर्ने कोटिकर शब्दहरू)

जस्तै –

- नारै ङीम्री सोंसुम् (दुई मुरी कोदो सुकाए छ) ।
- जुराब सोंजोर क्ल्युल् तुसुम् (मोजा तीन जोर किन्नुपर्ने छ) ।

- कोचम् सोलु तह्यानमे (खुकुरी त तीन टुक्रा भएछ) ।
- म्हुई ङप्ह्रजे आक्वैं (पाँच सय रुपैयाँले पनि पत्याएन) ।
- क्हें ङपो चर् (पाँचओटा रोटी खाऊ) ।

यहाँ ङीम्री (दुई मुरी), सोंजोर (तीन जोर), सोंलु (तीन टुक्रा), ङप्ह्र (पाँच सय) र ङपो (पाँच) आदि ल़ेगारों तेंव क्ल़ेलव कएतांमए हुन् । त्यस्तै ङेब्यो (दुई पाथी), सों (तीन), सोंम्न (तीन माना), ङम्न (पाँच माना), सोंच्या (तीन मुठा), च्युम्री (दश मुरी), च्युपो (दश), प्ल़ीच्या (चार मुठा)........ आदि ल़ेगारों तेंव क्ल़ेलव कएतांमए हुन् ।

३.२. चेमीं (सर्वनाम/Pronoun)

मीं (नाम) को सट्टामा प्रयोग गरिने शब्दलाई चेमीं (सर्वनाम) भन्दछन् । यसको प्रयोगले भाषा छरितो र पढ्न सजिलो हुन्छ ।
जस्तै –

- राम पोख्र ह्याई/ह्याजी (राम पोखरा गयो) ।
- रामर्/रामजी जुत्ता क्ल्युई/क्ल्युजी (रामले जुत्ता किन्यो) ।
- राम जुत्ता भोसी/भसी धींर् खई/खजी (राम जुत्ता लिएर घरमा आयो) ।

उर्पयुक्त वाक्यहरूमा राम शब्द प्रत्येक वाक्यमा दोहोरिएको छ, जसले गर्दा ती वाक्यहरू भद्दा देखिएका छन् । चेमींको प्रयोगले लेखाइ छरितो हुन्छ । तसर्थ यसको प्रयोग गरी लेख्दा ती वाक्यहरूको रूप यस्तो देखिन्छ ।
जस्तै –

- राम पोख्र ह्याई (राम पोखरा गयो) ।
- चर् जुत्ता क्ल्युई (उसले जुत्ता किन्यो) ।
- च जुत्ता भोसी धींर् खई (ऊ जुत्ता लिएर घरमा आयो ।

यसरी माथिका वाक्यहरूमा राम मीं शब्दको सट्टामा प्रयोग भएका चर् (उसले), च (ऊ) चेमींका उदाहरण हुन् ।

३.२.१. चेमींई कीसीम (सर्वनामको किसिम)

गुरुङभाषाका चेमींलाई परम्परागत व्याकरणहरूकै रूपअनुसार छ प्रकारमा विभाजन गरी वर्णन गरिएको छ । जस्तै –

(१) खएम्ला तां चेमीं (पुरुषवाचक सर्वनाम)
(२) क़ोसेन्बै तां चेमीं (निश्चयवाचक सर्वनाम)
(३) छेलों आफीबै तां चेमीं (अनिश्चयवाचक सर्वनाम)
(४) ङेच्याबै तां चेमीं (सम्बन्धवाचक सर्वनाम)
(५) ङ्चुवै तां चेमीं (प्रश्नवाचक सर्वनाम)
(६) क्ल़े तेंवै तां चेमीं (निजवाचक सर्वनाम)

(१) **खएम्ला तां चेमीं (पुरुषवाचक सर्वनाम)** – कुनै बोलाइ वा लेखाइको सिलसिलामा त्यसका वक्ता, श्रोता र विषय मानिने सबै तो (प्रथम पुरुष), पर्वे तो (द्वितीय पुरुष) र अरु तो (तृतीय पुरुष) लाई चिनाउने चेमींलाई खएम्ला तां चेमीं (पुरुषवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा ङ (म), ङी/ङ्चो (हामी), की/की/क्यों (तिमी), केमए/नमए (तिमीहरू), च/चु (ऊ, त्यो), चमए/चदग (तिमीहरू, उनीहरू) आदि खएम्ला तां चेमीं (पुरुषवाचक सर्वनाम) हुन् । यो ३ किसिमको छ ।
जस्तै –

(क) सबै/घ्री तो तां चेमीं (प्रथम–पुरुषवाचक सर्वनाम)।
(ख) ङी तो तां चेमीं (द्वितीय–पुरुषवाचक सर्वनाम) ।
(ग) सों तो तां चेमीं (तृतीय–पुरुषवाचक सर्वनाम) ।

(क) **सबै/घ्री तो तां चेमीं (प्रथम-पुरुषवाचक सर्वनाम)** – कुनै कुरा भन्ने, बोल्ने वा वक्ता आफैंलाई बुझाउने वा बोल्ने वक्ताको सट्टा आउने चेमींलाई सबै/घ्री तो तां चेमीं (प्रथम–पुरुषवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा ङ (म), ङी/ङ्यो (हामी), आदि सवै/घ्री त्रो तां चेमीं हुन् ।
वाक्यमा यिनीहरूको प्रयोग –

ङ (म)

- ङ धींर् ह्याम् (म घर जान्छु) ।
- ङई मीं गोंलमान को (मेरो नाम गोलमान हो) ।
- ङ लई चु छ्यांव लईदीम् (मलाई यो राम्रो लाग्छ)।
- ङनी ह्याले (मसित जाऔं) ।
- ङवांले बुल्खांजे (मबाट लगिसक्यो) ।
- ङजी बीब्दों लदो (मैले भनेजस्तो गर) ।

ङी (हामी)

- ङी ह्याम् (हामी जान्छौं) ।
- ङीई धींर् ह्याले (हाम्रो घरमा जाऔं) ।
- ङीलई तोए आबीद् (हामीलाई केही नभन) ।
- ङीनी/ङीने बालो टीले (हामी सँगै बसौं) ।
- ङीवांले तोए बील तुउ आरे (हामीले/हामीबाट केही भन्नुपर्ने छैन) ।
- ङीर्/ङीजी छावम् आबील (हामीले त त्यस्तो भनेनौं) ।

ङ्यो (हामी)

- ङ्यो खयों ह्याउच/ह्याउको (हामी कहिले जाने हो) ?
- ङ्योई ह्युल ऩेपाल को (हाम्रो देश नेपाल हो) ।
- ङ्योनी छाव तांम् आलल/आलदे (हामीसँग त त्यस्तो कुरा गरेको थिएन) ।
- ङ्योवांले तउ के ङ्यास लमील्तुम् (हामीले/हामीबाट हुने काम भए गरिदिनुपर्छ) ।
- ङ्योर् म़ी ङोसेल् तुम् (हामीले मान्छे चिन्नुपर्छ) ।

(ख) ङी तो तां चेमीं (द्वितीय-पुरुषवाचक सर्वनाम) – भनेको कुरा सुन्ने मान्छे वा जसलाई सम्बोधन गरिएको हो, त्यसको सट्टामा आउने चेमींलाई ङी तां तो चेमीं (द्वितीय–पुरुषवाचक सर्वनाम) भन्दछन् । यस भाषामा की/की/क्यों (तिमी) केमए/नमए (तिमीहरू) आदि ङी तो तां चेमीं हुन् ।

वाक्यमा यिनीहरूको प्रयोग –

की/की/क्यो (तिमी)

- कीई मीं तोच (तिम्रो नाम के हो) ?
- की खनी हचाउच/हचाउ को (तिमी कहाँ जाने हो) ?
- कीलई तो तई/तजी (तिमीलाई के भयो) ?
- कीवांले भल् तुई/तुजे (तिमीबाट ल्याउनुपऱ्यो) ।
- कीर्/कीजी, क्योंजी बील् तुम् (तिमीले भन्नुपऱ्यो) ।

केमए/नमए (तिमीहरू)

- केमए/नमए धीं खनच (तिमीहरूको घर कहाँ हो) ?
- केमएई तो तां मु (तिमीहरूको के कुरा छ) ?
- केमएलई हचार् बीसुम् (तिमीहरूलाई जाऊ भनेको छ) ।
- केमएजी/केमर् बीमील तुम्/तुरम् (तिमीहरूले भनिदिनुपर्छ) ।
- केमएनी हचाउ वील (तिमीहरूसँग जाने भनेको !)

(ग) सों तो तां चेमीं (तृतीय-पुरुषवाचक सर्वनाम) – कुनै कुरा बोल्ने, भन्ने वक्ता र भनेको कुरा सुन्ने श्रोताभन्दा अर्को तेस्रो मानिस वा विषयलाई बुझाउने र त्यसको सट्टामा आउने चेमींलाई सो तो तां चेमीं (तृतीय–पुरुषवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा च (ऊ/त्यो), चु (यो/यी), चमए/चदग/चदा (तिनीहरू/उनीहरू) आदि सों तो तां चेमीं हुन् ।

वाक्यमा यिनीहरूको प्रयोग –

च (ऊ/त्यो)

- च ङई आगुको (ऊ/त्यो मेरो साथी हो) ।
- चलई वील् तुम् (उसलाई भन्नुपर्छ) ।
- चनी हचाल् तुम् (उसँग जानुपर्छ) ।
- चवांले ह्रीसीभउ (उसबाट मागेर ल्याऊ) ।
- चर्/चजी तो बीसुम् (उसले के भनेको छ) ?
- चई धीं खनच (उसको घर कहाँ हो) ?

चु (यो/यी)

- चु खावै को (यो कसको हो) ?
- चुलई ङर् बाम्/बयम् (यसलाई म लैजान्छु) ।
- चुनी वालो खो (योसँग सँगै आउनू) ।
- चुवांले तो भल्तुम्/भल्तुम् (योबाट/सँग केल्याउनु पर्छ) ।
- चुर्/चुजी तो बील/बीलो (यसले के भनेको थियो) ?
- चुई मीं तो को/च (यसको नाम के हो) ?

चमए/चदग/चदा (तिनीहरू/उनीहरू)

- चमए/चदग/चदा आखसुम् (तिनीहरू/उनीहरू आएका छैनन्) ।
- चमएई धींर् तोए/तोई आरे (तिनीहरूको घरमा केही छैन) ।
- चमएलई टीर्/टीद् बीदो/बीर् (तिनीहरूलाई बस भन) ।
- चमएर्/चमएजी तो भन (तिनीहरूले के ल्याएछन्) ।
- चमएनी वालोन् हचाउ को (तिनीहरूसँग सँगै जाने हो) ।
- चमएवांले तो भसी खले (तिनीहरूसँग/ब्राट के लिएर आउने हो) ?

व्याख्या – [तो (पुरुष) विशेषत: चेमींसँग सम्बद्ध छ । व्याकरणमा तो भनेको भन्ने वा बोल्ने मानिस हो । भन्ने वा बोल्नेलाई वक्ता भन्दछन् । भनेको कुरा सुन्ने मान्छेलाई श्रोता भन्दछन् । भन्ने वा सुन्नेभन्दा अरू सबै व्यक्ति, प्राणी वा वस्तु(चीजबीज)लाई विषय भन्दछन् । यिनै वक्ता वा विषयलाई बुझाउने सङ्केत नै तो (पुरुष) हो ।]

(२) **क्ऱोसेन्वै तां चेमीं (निश्चयवाचक सर्वनाम)** – कुनै व्यक्ति वा वस्तुलाई निश्चित रूपमा किटेर देखाइदिने वा सङ्केत गर्ने चेमींलाई क्रोसेन्वै तां चेमीं (निश्चयवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा च, चु, चमए, नमए, केमए आदि क्ऱोसेन्वै तां चेमीं हुन् ।

वाक्यमा यिनीहरूको प्रयोग –

- च खन हच्याई/हच्याजि (त्यो कहाँ गयो) ?
- चु ङई धीं को (यो मेरो घर हो) ।
- चमए ङ्योई क्यु आङी (तिनीहरू हाम्रा भेंडा होइनन्) ।
- नमए खम्दै लदो/लर् (तिमीहरू आउँदै गर) ।
- केमए हच्याल तुरम्/तुम् (तिमीहरू जानुपर्छ) ।

(३) **छेलों आफीबै तां चेमीं (अनिश्चयवाचक सर्वनाम)** – कुनै व्यक्ति वा वस्तुलाई निश्चित रूपमा किटेर नदेखाउने वा सङ्केत नगर्ने चेमींलाई छेलों आफीबै तां चेमीं (अनिश्चयवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा खावमुले/खावमुलेन् (जो भए पनि) तोमुले/तोमुलेन्/तोतलेन् (जे भए पनि), खैवमुले/खैवमुलेन् (जस्तो भए पनि), खैतलेन् (जस्तो भए पनि), खनैमुले/खनैमुलेन् (जहाँ भए पनि) आदि छेलों आफीबै तां चेमीं हुन् ।

वाक्यमा यिनीहरूको प्रयोग –

- खावमुले/खावमुलेन् घ्रीलई हच्याद/हच्यार् बिदो/बिर् (जोभए पनि एकजनालाई जाऊ भन) ।
- तोमुले/तोमुलेन् तम्/तरम् (जेभए पनि हुन्छ) ।
- तोतलेन् तई (जेभए पनि भयो) ।

- खैवमुले/खैवमुलेन तम्/तरम् (जस्तोभए पनि हुन्छ) ।
- खनैमुले/खनैमुलेन् म़ए भउ/भोउ (जहाँभए पनि खोजेर ल्याऊ) ।

(४) **ङेच्याबै तां चेमीं (सम्बन्धवाचक सर्वनाम)** – नामको सट्टामा प्रयोग भई त्यस नामसँग सम्बन्ध समेत जोडिदिने चेमींलाई ङेच्याबै तां चेमीं (सम्बन्धवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा खाबै (जसको), चन्/छ्यान् (त्यही), जमन् (त्यतिखेरै) आदि ङेच्याबै तां चेमीं हुन् ।
वाक्यमा यिनीहरूको प्रयोग –

- खाबै रु आरे, चई मीं तीखे (जसको सिङ छैन, उसको नाम तीखे) ।
- तो बीम् चन्/छ्यान् लम्/लरम् (जे भन्छ त्यही गर्छु) ।
- खयों कींबर खम् जमन् ह्याम्/ह्यारम् (जहिले लिन आउँछ, त्यतिखेरै जान्छु) ।

(५) **ङ्युवई तां चेमीं (प्रश्नवाचक सर्वनाम)** – नामको सट्टामा प्रयोग भई प्रश्न बुझाउने वा कुनै कुरा सोध्ने, प्रश्न गर्ने चेमींलाई ङ्विबै तां चेमीं (प्रश्नवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा खनै (कहाँ), खयों (कहिले), खैब (कस्तो), तले (किन), तोई (के) आदि ङ्विबै तां चेमीं हुन् ।
वाक्यमा यिनीहरूको प्रयोग –

- खनै ह्याम् वा (कहाँ जाने हो) ?
- खनै ह्याउ च (कहाँ जाने हो) ?
- खनै ह्याउ को (कहाँ जाने हो) ?
- खयों खल (कहिले आएको) ?
- खैव म़ी खन (कस्तो मान्छे आएछ) ?
- तले आपींल (किन नदिएको) ?
- तोई के मु (के काम छ) ?

(६) **क़्ले तेंवै तां चेमीं (निजवाचक सर्वनाम)** – कर्ता आफैलाई जनाउने वा जुन चेमींबाट स्वयं वा निजको बोध हुन्छ, त्यसलाई क़्ले तेबै तां चेमीं (निजवाचक सर्वनाम) भन्दछन् ।

गुरुङभाषामा ह्रोंसन्/ह्रोसन्न, चन्/चन्न, खीन्/खीन्न, ङन्/ङन्न (आफैं) आदि क़्ले तेबै तां चेमीं हुन् ।
वाक्यमा यिनीहरूको प्रयोग –

- ह्रोंसई के ह्रोंसन्/ह्रोंसन्न लल्तुरम्/लल्तुम् [आफ्नो काम आफै गर्नुपर्छ] ।
- चर् खीई के चन्/चन्न लल्तुरम्/लल्तुम् [उसले आफ्नो काम उसैले (ऊ आफैले) गर्नुपर्छ] ।
- खीई के खीन्/खीन्न लल्तुरम्/लल्तुम् [उसको काम उसैले (ऊ आफैले) गर्नुपर्छ] ।
- ङई के ङन्/ङन्न लल्तुरम्/लल्तुम् [मेरो काम आफै (म आफैले) गर्नुपर्छ] ।

३.३. ह्यों (विशेषण/Adjective)

कुनै मीं, चेमींको गुण, दोष वा 'यस्तो, यति' इत्यादि सङ्ख्या बुझाउने शब्दलाई ह्यों (विशेषण) भन्दछन् । ह्योंले मीं, चेमींमा विशेषता थप्तछ । यसले व्यक्ति वा वस्तुको गुण, दोष, सङ्ख्या, परिमाण इत्यादि बुझाउँछ ।
जस्तै –

न्हुबै मी़ (अग्लो मान्छे), ओल्ग्या टृ (रातो फूल),
च्युसों कक्षा (दशौं कक्षा), ल्हे मच (धेरै केरा) ।

माथि प्रयोग भएका न्हुबै (अग्लो)ले मान्छेको अवस्था, ओल्ग्या (रातो) ले फूलको गुण, च्युसों (दशौं) ले कक्षाको श्रेणी र ल्हे(धरै)ले केराको परिमाण जाहेर गरेको छ । त्यसैले यी शब्दहरू ह्यों हुन् ।

३.३.१. ह्योंई कीसीम (विशेषणको प्रकार)

गुरुङभाषामा पनि ६ प्रकारका ह्यों पाइन्छन् ।

(क) गुण तेंव ह्यों (गुणबोधक विशेषण)
(ख) ल्हे दे फेल्बै तेंव ह्यों (परिमाणबोधक विशेषण)
(ग) च्योब तेंव ह्यों (सङ्ख्याबोधक विशेषण)
(घ) त्हजी तेंव ह्यों (सङ्केतबोधक/सार्वनामिक विशेषण)
(ङ) ङेच्याब तेंव ह्यों (सम्बन्धबोधक विशेषण)
(च) ङ्युवई तां तेंव ह्यों (प्रश्नबोधक विशेषण)

(क) **गुण तेंव ह्चों (गुणबोधक विशेषण)** – नाम, सर्वनाम वा वस्तुको छयांव (राम्रो), अछयांव (नराम्रो), म्लोग्य (कालो), तार्ग्या (सेतो), लींव (मीठो), आलींव (नमीठो), कीकीव (गुलियो), क्युंव (अमिलो), न्हुव (अग्लो), मोव (होचो), च्योंव (सानो), थेव (ठूलो) आदि गुण वा विशेषता बताउने शब्दहरूलाई गुण तेंव हचों (गुणबोधक विशेषण) भन्दछन् । यसले नाम, सर्वनाम वा वस्तुको गुणबोध गराउँछ ।

जस्तै –

- छोवै म़ी (मोटो मान्छे) ।
- मोवै म़ी (होचो मान्छे) ।
- उर्ग्या ट (पहेंलो फूल) ।
- हृवै म़ी (जान्ने मान्छे) ।
- तार्ग्य कास (सेतो कछाड) ।
- छयावैं कोच (लाग्ने खुकुरी) ।
- च्योंव नकी (सानो कुकुर) ।
- क्युंव छु (अमिलो अचार) ।
- कीकीव च्या़ (गुलियो चिया) । इ.

(ख) **ल्हेदे फेल्वै तेंव ह्चों (परिमाणबोधक विशेषण)** – नाम र सर्वनामको परिमाण बुझाउने शब्दलाई ल्हेदे फेल्वै तेंव हचों (परिमाण बुझाउने शब्दलाई ल्हेदे फेल्वै तेंव हचों (परिमाणबोधक विशेषण) भन्दछन् । नाम र सर्वनामको परिमाण बुझाउने जोग (यति), च्युगुदे (अलिकति), ल्हे (धेरै), त्हान् (सबै), दे (अलिकति) आदि ल्हेदे फेल्वै तेंव हचों हुन् ।

जस्तै –

- जोग मुसां तम् (यति भए हुन्छ) ।
- च्युगुदे तई (अलिकति भयो) ।
- ङनी ल्हे मु (मसित धेरै छ) ।
- त्हान् बयाल खांई (सबै लगिसक्यो) ।
- दे झोन् (अलिकति हाल) । इ.

(ग) **च्योब तेंव हचों (सङ्ख्याबोधक विशेषण)** – नाम र सर्वनामको वा कुनै वस्तुको सङ्ख्या जाहेर गर्ने घ्री (एक), ङी (दुई), सोंख (तीन) आदि सङ्ख्याबोधक शव्दहरूलाई च्योव तेंव हचों (सङ्ख्याबोधक विशेषण) भन्दछन् । यसले नाम र सर्वनाम वा कुनै वस्तुको सङ्ख्याबोध गराउँछ ।

जस्तै –

- ङलई घ्री कर्मो भवींन्/भोमीन् (मलाइ एउटा पछ्यौरा ल्याइदेऊ) ।
- क्यु ङीस्यु सीहचाई (बीसओटा भेडा मरिगए) ।
- र ङखांरा/ङगारो फीसुम् (पाँचओटा बाख्रा ब्याएका छन्) ।
- कोम्बलई सोव्ले म्यारल् तुम्/तुरम् (मन्दिर तीनपटक घुम्नुपर्छ) ।
- ङ्चो ङखरां/ङ्याउलो हचाले (हामीदुई जाऔं) ।

(घ) **त्हजी तेंव हचों (सङ्केतबोधक/सार्वनामिक विशेषण)** – सङ्केतबोधक विशेषणलाई सार्वनामिक विशेषण पनि भन्दछन् । किनभने सर्वनामबाट नै त्हजी तेंव हचों (सङ्केतबोधक सार्वनामिकबोधक विशेषण) बनेका हुन्छन् । यसरी बनेका हचोंहरू साङ्केतिक रूपका हुने हुँदा यसलाई सङ्केतबोधक विशेषण पनि भन्दछन् । यस्ता विशेषणहरू सम्बन्धवाचक, प्रश्नवाचक र सर्वनामहरूसँग सम्बद्ध हुन्छन् ।

जस्तै –

- चु ङई प्ह्रीवसी को (यो मेरो लेख्ने कलम हो) ।
- च कोलो सब् मु (त्यो केटा जाती छ) ।
- ङ्चो दोंबन् मुना (हामी जस्तै रहेछ) ।
- च ङई प्ह्रेस्यो को (तिनी मेरी श्रीमती हुन्) ।
- जोग मत्र मुना (यति मात्र रहेछ) ।

माथिका वाक्यहरूमा प्रयुक्त चु (यो), च (त्यो), ङ्चो (हामी), जोग (यति) आदि त्हजी तेंव हचों हुन् ।

(ङ) **ङेच्याव तेंव हचों (सम्बन्धबोधक विशेषण)** – कुनै स्थान, समय, वस्तु आदिसँग सम्बन्ध जनाउने र नामको अगाडि पहिले प्रयोग हुने कीई (तिम्रो), ङई (मेरो), ख़ीई (उसको) भनी सम्बन्ध जनाउनेलाई ङेच्याव तेंव हचों (सम्बन्धबोधक विशेषण) भन्दछन् ।

जस्तै –

प्ह्रैथरथेमए (आर्थरिली), पालपाली, गोरखाली, आइतवारे (आइतवारको), चैते (चैतको), कीई (तिम्रो), ङई (मेरो), खीई (उसको), चई (उसको) आदि ङेच्याव तेंव हचों हुन् ।

(च) **ङ्युवई तां तेंव हचों (प्रश्नबोधक विशेषण)** – नामको अगाडि–पछाडि प्रयोग भएर खाव (को/कुन), खावै (कसको), खयों (कहिले), खैव (कस्तो) भनी प्रश्न सोध्नेलाई ङ्युवई तां तेंव हचों (प्रश्नबोधक विशेषण) भन्दछन् ।

जस्तै –

- खाव खनच (को आएछ) ?
- खावै धींर् हचाउच (कसको घरमा जाने हो) ?
- की खयों खल (तिमी कहिले आएको) ?
- खैव म़ी मुन (कस्तो मान्छे रहेछ) ?

प्रस्तुत वाक्यहरूमा प्रयुक्त को, कसको, कहिले र कस्तो आदि शब्दहरू ङ्युवई तां तेंव हचों हुन् ।

३.३.२. हचोंई तों (विशेषणको क्रम)

गुरुङभाषाको वाक्यक्रममा हचों, नाम शब्दको अगाडि पनि पछाडि पनि आउन सक्छ, अथवा यसको प्रयोग नाम शब्दको अगाडि र पछाडि पनि गर्न सकिन्छ ।

(क) ह्र्योंई प्रयोग मीं सुकएई ओंसोवांले
(विशेषणको प्रयोग नाम शब्दको अगाडिबाट)
जस्तै –

- घ्री न्हुब कोलो (एउटा अग्लो केटो) ।
- उग्र्या नक (पहेंलो कुखुरा) ।
- ओल्ग्य़ ट (रातो फूल) । इत्यादि

(ख) ह्र्योंई प्रयोग मीं सुकएई लींग्यावांले
(विशेषणको प्रयोग नाम शब्दको पछाडिबाट)
जस्तै –

- च कोलो न्हुब मुल (त्यो केटो अग्लो थियो) ।
- च नक उग्र्या मुन (त्यो कुखुरो पहेंलो रहेछ) ।
- ङलई ट ओल्ग्य़ रङ्बई छ्यांव लईदीम् (मलाई फूल रातो रङको राम्रो लाग्छ) । आदि

३.४. पार्क (क्रिया / Verb)

वाक्यमा पार्क(क्रिया)को महत्वपूर्ण स्थान रहन्छ । वाक्यमा पार्क भएन भने वाक्य अधुरो हुन्छ र अर्थ पनि पूर्ण हुँदैन । केही हुनु, गर्नु, आदि काम गर्ने वा वाक्यमा रहेको कर्ताले गरेको वा गर्ने काम बुझाउने शब्दलाई पार्क (क्रिया) भन्दछन् ।

३.४.१. पार्ककएसुं (क्रियापद)

पार्कको मुख्य अंश मै (धातु) हो र यसको पछिल्तिर प्रत्यय थपिई पार्क बुझाउने शब्द बन्दछ । त्यसलाई पार्ककएसुं (क्रियापद) भन्दछन् ।

नेपालीभाषाको व्याकरणसँग गुरुङभाषाको पार्ककएसुंसम्बन्धी व्यवस्थालाई तुलना गरेर हेर्दा नेपालीभाषाको पार्ककएसुंको व्युत्पत्ति र गुरुङभाषाको पार्ककएसुंको व्युत्पत्तिबीच प्रशस्त भिन्नता देखा पर्छ । यसको लागि यहाँ

नेपालीभाषाको पार्ककएसुं व्यवस्थासम्बन्धी केही उदाहरणहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।
जस्तै –

पार्क (क्रिया)	मै़ (धातु)	प्रत्यथ		पार्ककएसुं
खानु	खा	न्छ	=	खान्छ ।
जानु	जा	न्छौं	=	जान्छौं ।
लेख्नु	लेख्	छु	=	लेख्छु ।

माथिको तालिकालाई हेर्दा नेपालीभाषामा मूलपार्कबाट 'नु' प्रत्यय झिकेर मै़ (धातु) बनाइन्छ र त्यही मै़ मा विभिन्न किसिमका प्रत्ययहरू लगाएर पार्ककएसुं बनाउन सकिन्छ भन्ने कुरा स्पष्ट हुन्छ, तर गुरुङभाषामा भने पार्ककएसुंको निर्माणक्रम मूलपार्क, मै़, प्रत्यय आदि छुट्ट्याएर पार्ककएसुं बनाउने प्रक्रिया पाईंदैन । यस भाषामा पार्ककएसुंमा वचनभेद नभएकोले पनि एकै किसिमका पार्ककएसुंहरूबाट [कर्ताको जुनसुकै तो (पुरुष), गारो (वचन), को (लिङ्ग) भएपनि] काम चलाउन सकिन्छ ।
जस्तै –

- चम्/चमु = खान्छ, खान्छु, खान्छौं, खान्छन्, खान्छिन् ।
- लम्/लमु = गर्छ, गर्छु, गर्छौं, गर्छन्, गर्छिन् ।
- ह्याम्/ह्यामु = जान्छु, जान्छौं, जान्छिन्, जान्छ इत्यादि ।

माथिका तथ्यहरूको अध्ययनबाट नेपालीभाषा र संस्कृतभाषामा झैं गुरुङभाषामा पार्क र पार्ककएसुंको छुट्टाछुट्टै व्यवस्था छैन भन्ने स्पष्ट हुन्छ ।

नेपालीभाषामा झैं मीं वा चेमींको तो, को र गारोंका आधारमा पार्ककएसुंमा देखिने रूपभेद यस भाषामा नभएकोले मूलपार्क, मूलमै़ र प्रत्यय आदि पृथक्–पृथक् रूपमा राखेर तिनको पारस्परिक समन्वयबाट पार्ककएसुं बनाउनुपर्ने कुनै आवश्यकता रहेन । यसले गर्दा पार्ककएसुं बनाउने प्रक्रियासम्बन्धी व्याकरणात्मक व्यवस्थाबारे यहाँ कुनै कुराको उल्लेख गरिएको छैन । तर कालगत हिसाबले पार्ककएसुंमा जुनसुकै को, तो र गारोंमा एउटै रूप हुने खालका

पार्ककएसुंहरू बन्न सक्ने व्यवस्था भने यस भाषामा देखिन्छ । यसरी कालगत रूपको परिवर्तन गर्दा वर्तमान कालको पार्ककएसुंमा केही परिवर्तन गरी भूत कालमा 'ई, जी' जस्ता प्रत्यय र भविष्यत् कालमा 'नुन्, नुन्द, नीन्द' जस्ता प्रत्यय जोड्ने चलन छ ।
जस्तै –

पार्ककएसुं	वर्तमान काल	भूत काल	भविष्यत् काल
चम्/चमु	चम्/चमु	चई/चज़ी	चनुन्/नुन्द/नीन्द
लम्/लमु	लम्/लमु	लई/लजी	लनुन्/नुन्द/नीन्द
खेम्/खेमु	खेम्/खेमु	खेई/खेजी	खेनुन्/नुन्द/नीन्द

नोट – यहाँ पार्ककएसुंमा देखिएको भेद स्थानीय भेदले गर्दा फरक हुन गएको हो ।

३.४.२. पार्ककएसुंई कीसीम (क्रियापदको किसिम)

गुरुङभाषामा मूलपार्क नभएकोले यसको सट्टामा पार्ककएसुंलाई नै सो सरह प्रयोग गरी व्यवहार चलाउने गरेको पाइन्छ । यसै प्रक्रियालाई आधार मानेर नेपाली–व्याकरणमा मूलपार्कको आधारमा गरिएको पार्कको वर्गीकरण जस्तै गरी यस भाषामा पनि पार्ककएसुंको वर्गीकरण गरिएको छ ।
जस्तै –

(१) छोवै पार्ककएसुं (सकर्मक क्रियापद)
(२) भारे पार्ककएसुं (अकर्मक क्रियापद)

(१) **छोवै पार्ककएसुं (सकर्मक क्रियापद)** – जुन पार्ककएसुंले भारे (कर्म) लिन्छ अथवा जुन पार्ककएसुंताको फल भारेमा जान्छ, त्यस्तो पार्ककएसुंलाई छोवै पार्ककएसुं (सकर्मक क्रियापद) भन्दछन् ।
जस्तै –

- आङ के लम् (बहिनी काम गर्छे) ।
- आली जी कैं चम् (भाइ भात खान्छ) ।
- कोलोमए बुजे क्ल्योम् (बालकहरू भकुन्डो खेल्छन्)।

माथिका वाक्यहरूमा आङ लम् (बहिनी गर्छे) भन्दा के गर्छिन् ? आलीजी चम् (भाइ खान्छ) भन्दा के खान्छ ? र कोलोमए क्ल्योम् (बालकहरू खेल्छन्) भन्दा के खेल्छन् भन्ने प्रश्नहरू आउँछ । यसरी के गर्छिन् भन्दा के (काम), के खान्छ भन्दा कैं (भात) र के खेल्छन् भन्दा बुजे (भकुन्डो) भन्ने प्रश्न जवाफमा आउँछ । यसरी माथि प्रयोग भएका लम्, चम् र क्ल्योम् पार्ककएसुंहरूले के, कैं र बुजे शब्दहरू भारेको रूपमा ग्रहण गरेको हुँदा तीपार्ककएसुंहरूलाई छोवै पार्ककएसुं भन्दछन् ।

(२) **भारे पार्ककएसुं (अकर्मक क्रियापद)** – जुन पार्ककएसुंले भारे लिंदैन अथवा पार्ककएसुंको फलकर्तामा पर्छ भने त्यस्ता पार्ककएसुंलाई भारे पार्ककएसुं (अकर्मक क्रियापद) भन्दछन् ।

- कोलो क्रोजी (बच्चा रोयो) ।
- अधै खजी (दिदी आइन्) ।
- नकी छुजी (कुकुर भुक्यो) ।

माथिका वाक्यहरूमा पार्ककएसुंमा के र कसलाई भनी प्रश्न सोध्न मिल्दैन र ती प्रश्नहरूको उत्तरको रूपमा वाक्यमा कुनै पदको प्रयोग भएको हुँदैन । यसरी सम्बद्ध पार्ककएसुंहरूलाई लिएर के वा कसलाई भनेर प्रश्न गर्न नमिल्ने भएकोले ती पार्ककएसुंहरूलाई भारे पार्ककएसुं भन्दछन् ।

३.४.३. छोवै पार्ककएसुंई भेद (सकर्मक क्रियापदको भेद)

यसका दुई भेदहरू छन् ।

(१) युवै छोवै पार्ककएसुं (पूर्ण सकर्मक क्रियापद)
(२) आयुवै छोवै पार्ककएसुं (अपूर्ण सकर्मक क्रियापद)

(१) **युवै छोवै पार्ककएसुं (पूर्ण सकर्मक क्रियापद)** – जुन पार्ककएसुंको अर्थ एउटै भारेबाट पूर्ण हुन्छ, त्यसलाई युवै छोवै पार्ककएसुं (पूर्ण सर्कमक क्रियापद) भन्दछन् । जस्तै –

- च क्वुई प्रींम् (ऊ गीत गाउँछ) ।
- म़ो लप़्री प़्रीम् (ज्वाइँ पत्र लेख्छन्) ।

माथिका वाक्यहरूमा प्रींम् (गाउँछ), प़्रीम् (लेख्छ) युवै छोवै पार्ककएसुं हुन् ।

(२) **आयुवै छोवै पार्ककएसुं (अपूर्ण सकर्मक क्रियापद)** – जुन पार्ककएसुंको अर्थ एउटै भारेबाट पूर्ण हुँदैन, त्यसलाई आयुवै छोवै पार्ककएसुं (अपूर्ण सकर्मक क्रियापद) भन्दछन् । यसलाई नेपालीभाषाका व्याकरणमा द्विकर्मक क्रिया (पार्क) भनेर उल्लेख गरेको पाइन्छ । जस्तै –

- आपजी ङलई म्हुई पींई/पींजी (बुबाले मलाई रुपैयाँ दिनुभयो) ।

यस वाक्यमा,

आप (बुबा) – कर्ता
पींइ/पींजी (दियो) – क्रियापद
ङलई (मलाई) – मुख्य कर्म
म्हुई (रुपियाँ) – सहायक कर्म

प्रस्तुत वाक्यमा बुबाले कसेलाई दिनुभयो भन्ने प्रश्न आउँछ, त्यसको उत्तरमा ङलई भन्ने उत्तर आउँछ, तर त्यत्तिले अर्थ पूर्ण हुँदैन । अझ प्रश्न उठ्न सक्छ के दिनुभयो, त्यसको उत्तरमा म्हुई (रुपियाँ) भन्ने शब्द थपेपछि मात्र वाक्यको अर्थ पूर्ण भएको छ । यसरी अर्थ पूर्ण गर्न आउने शब्दलाई सहायक कर्म भन्दछन् ।

३.४.४. भारे पार्ककएसुंई भेद (अकर्मक क्रियापदको भेद)

यसका पनि दुई भेदहरू छन् ।

(१) युवै भारे पार्ककएसुं (पूर्ण अकर्मक क्रियापद)
(२) आयुवै भारे पार्ककएसुं (अपूर्ण अकर्मक क्रियापद)

(१) **युवै भारे पार्ककएसुं (पूर्ण अकर्मक क्रियापद)** – यसले पूर्ण अर्थ प्रकट गर्छ ।
जस्तै –

- कोलो रोम् (बालक सुत्छ) ।
- ङ नार्जी (म थाकें) ।
- ङर् चई (मैले खाएँ) ।

(२) **आयुवै भारे पार्ककएसुं (अपूर्ण अकर्मक क्रियापद)** – यसले अर्थ पूर्ण गर्नलाई पूरक शब्द वा सहायक कर्म लिन्छ, अन्यथा वाक्यको आशय पूर्ण हुँदैन ।
जस्तै –

- की/की फ्रैं तई (तिमी युवक भयौ) ।
- चमए हचो को (तिनीहरू चोर हुन्) ।
- चमए धींर् हचाई (तिनीहरू घर गए) ।

माथिका वाक्यहरूमा क्रमश: फ्रैं, हचो, धीं आदि हचों, मीं थपेर मात्र वाक्यहरू पूर्ण भएका छन् ।

३.४.५. त्हुंबै पार्क (मिलित क्रिया)

दुई वा दुईभन्दा बढी मूलक्रिया र सहायक क्रियाहरू मिलेर बनेको पार्ककएसुंलाई त्हुंबै पार्क (यौगिक क्रिया) भन्दछन् । अन्य भाषाहरूमा जस्तै गुरुङभाषामा पनि त्हुंबै पार्ककएसुंहरू छन् । यसलाई संयुक्त क्रिया पनि भन्दछन् ।
केही उदाहरणहरू –
– दुई शब्दबाट बनेका केही त्हुंबै पार्ककएसुंहरू –

प्र्म्दै + लर्/लदो = प्र्म्दैलर्/प्र्म्दैलदो (हिंड्दै गर) ।
टीबर + होंई = टीबर होई (बस्न लाग्यो) ।

पींम्दै + लर्/लदो = पींम्दै लर्/पींम्दै लदो(दिँदै गर) ।
फएसी + ङ्चोद्/ङ्चोर् = फएसी ङ्चोद्/ङ्चोर् (फुकाएर हेर) ।
वा + थेंन् = वाथेंन् (छोडिराख) ।
बि + थेंन् = विथेंन् (भनिराख) ।
लसी + ङ्चोद्/ङ्चोर् = लसी ङ्चोद्/ङ्चोर् (गरेर हेर) ।
चम्दै + लदो/लर् = चम्दै लदो/लर् (खाँदै गर) ।
ऩोबर + होंई = ऩोबर होंई (बिग्रन लाग्यो) ।
खम्दै + लर्/लदो = खम्दै लर्/लदो (आउँदै गर) ।

– तीन शब्दबाट बनेका केही तुंबै पार्ककएसुंहरू –

हचा+बींल्/मील्+तुम्/तुरम् = हचबींलतुम्/तुरम् (गइदिनुपर्छ) ।
बील्+योंल + तुम्/तुरम् = बील्योंल् तुम्/तुरम् (भन्न पाउनुपर्छ) ।
खेल्+योंल् + तुम्/तुरम् = खेल्योंल् तुम्/तुरम् (पढ्न पाउनुपर्छ)।

३.४.६. तब, आतब (करण-अकरण)

कुनै कुरा हो, हुन्छ अथवा भएको वा हुने भनेर बुझाउने पार्ककएसुं भएको वाक्यलाई तब (करण) वाक्य भन्दछन् ।

जस्तै –

- चु ङई धीं को (यो मेरो घर हो) ।
- छेनाले/सनाले खेस्या पास तम् (राम्रोसँग पढे उत्तीर्ण भइन्छ) ।
- च थेवा म़ी तन (ऊ ठूलो मान्छे भएछ) ।
- ङ धींर् हचाम् (म घर जान्छु) ।

त्यस्तै कुनै कुरा होइन, हुँदैन भनी जनाउने निषेधात्मक अर्थ दिने पार्ककएसुं भएको वाक्यलाई आतब (अकरण) वाक्य भन्दछन् ।

जस्तै –

- चु ङई धीं आङी (यो मेरो घर होइन) ।
- छेनाले/सनाले आखेस्या पास आत् (राम्रोसँग नपढे उत्तीर्ण भइँदैन) ।

- च थेव़ा म़ी आतन (ऊ ठूलो मान्छे भएनछ) ।
- ङ धींर् अहचा (म घर जान्नँ) ।

यसरी पार्ककएसुंको प्रयोगको आधारमा सकारात्मक अर्थ जनाउने वाक्य तब र नकारात्मक अर्थ जनाउने आतब वाक्य हुन जान्छ । नेपालीभाषामा आतब वाक्य बनाउन तब वाक्यका पार्ककएसुंमा नकारात्मक अर्थ दिने 'न' अक्षर स्थानअनुसार मिलाई जोड्नुपर्दछ भने गुरुङभाषामा 'अ, थ' वर्ण थपेर तब वाक्यबाट आतब वाक्य बनाइन्छ ।
जस्तै –

- ङ त्हेर् हचाम (म लेक जान्छु) ।
- ङ त्हेर् अछचा (म लेक जान्नँ) ।
- ङ धींर् मुल (म घरमा थिएँ) ।
- ङ धींर् आरेल (म घरमा थिइनँ) ।
- च खम् (त्यो आउँछ) ।
- च आख (त्यो आउँदैन) ।
- क्यु लान (पानी तातेछ) ।
- क्यु आलन (पानी तातेन) ।
- मी च्युं लदो (आँखा चिम्म गर) ।
- मी च्युं आलदो (आँखा चिम्म नगर) ।
- च चुर् मुल (त्यो यहाँ थियो) ।
- च चुर् आरेल (त्यो यहाँ थिएन) ।
- चमए खरीर्गे (तिनीहरू आइरहून्) ।
- चमए थर्बरीर्गे (तिनीहरू आइ नरहून्) ।
- चुमए के लरीर्गे (यिनीहरू काम गरिरहून्) ।
- चुमए के थलरीर्गे (यिनीहरू काम गरि नरहून्) ।

३.४.७.पल (काल/Tense) – भाषामा पार्कको परिवर्तित रूपबाट समयको बोध हुन्छ, समयको सङ्केत गर्दछ । पार्कको त्यसै परिवर्तित रूपलाई पल (काल) भन्दछन् । परम्परागत व्याकरणहरूमा ली पल (भविष्यत् काल), स्यो पल (भूत काल) र म्लो पल (वर्तमान काल) गरी तीन पलमा विभाजन गरी अध्ययन गरेको पाइन्छ । त्यस्तै नेपाली–

व्याकरणको यसै प्रक्रियाको अनुसरण गरी यहाँ पनि तीन खण्डमै वर्गीकरण गरी पलको विश्लेषण गरिएको छ ।
जस्तै –

(१) म्लो पल (वर्तमान काल)
(२) स्यो पल (भूत काल)
(३) ली पल (भविष्यत् काल)

(१) **म्लो पल (वर्तमान काल)** – म्लो पल भनेको अहिले भइरहेको समय हो । यसले कुनै कार्य शुरु भएको तर नसकिएको वा चालु रहेको भन्ने जनाउँछ ।
जस्तै –

- ङ तोगों हचाम् (म अहिले जान्छु) ।
- चमए खम् (तिनीहरू आउँछन्) ।

पक्ष / Aspect – पार्ककएसुंका पक्षहरू पनि हुन्छन् । पार्ककएसुंको पलले सो वाक्य भनिंन्दा त्यसको कार्य कुन समयमा भएको हो भन्ने बुझाउँछ । यसले पार्ककएसुंको पलबारे अरू थप कुरा बताउँछ । पक्षलाई विशेष पल पनि भन्दछन् । म्लो पलका मुख्य तीन पक्षहरू वा भेदहरू छन् ।
जस्तै –

(क) सादा म्लो पल (सामान्य वर्तमान काल)
(ख) जोकोम्नी म्लो पल (अपूर्ण वर्तमान काल)
(ग) च्हुबे म्लो पल (पूर्ण वर्तमान काल)

(क) **सादा म्लो पल (सामान्य वर्तमान काल)** – पार्ककएसुंको कार्य वर्तमानमा भइरहेको बुझिन्छ, तर पार्ककएसुंले कुनै काम पूरा भए–नभएको नभनेर सामान्य तबरले काम भएको बताउँछ ।
जस्तै –

- ङ रीम् (म बस्छु) ।
- को लोमए क्ल्योम् (बालकहरू खेल्छन्) ।

(ख) **जोकोम्नी म्लो पल (अपूर्ण वर्तमान काल)** – यसले काम शुरु भइसकेको तर अझ पनि पूरा नभएको भन्ने बुझाउँछ ।

जस्तै –

- ङ हयासीन् मु (म गइरहेको छु) ।
- ङी खेसीन् मु (हामी पढिरहेका छौं) ।

(ग) **च्हुबै म्लो पल (पूर्ण वर्तमान काल)** – स्यो पलमा शुरु भई बोल्दाको अवस्थासम्ममा काम पूरा भएको जनाउने पललाई च्हुबै म्लो पल भन्दछन् ।

जस्तै –

- ङी चुर् टीसुम् (हामी यहाँ बसेका छौं) ।
- म्ल़ प्लु थेसुम् (धानको बीउ राखिएको छ) ।

(२) **स्यो पल (भूत काल)** – बितिसकेको समयलाई स्यो पल (भूत काल) भन्दछन् । पार्ककएसुंको स्यो पलले अघिको वा बितिसकेको समयलाई बुझाउँछ । स्यो पलले बितेको समयमा भएको काम सामान्य तबरले बताउँछ ।

जस्तै –

- तेल धीं हयाल (म हिजो घर गएको थिएँ) ।
- च तेल हयाई (ऊ हिजो गयो) ।

स्यापलका पनि मुख्य तीन पक्ष वा भेदहरू छन् ।

जस्तै –

(क) सादा स्यो पल (सामान्य भूत काल)
(ख) जोकोम्नी स्यो पल (अपूर्ण भूत काल)
(ग) च्हुबै स्यो पल (पूर्ण भूत काल)

(क) **सादा स्यो पल (सामान्य भूत काल)** – यसले बितेको समयमा कार्य शुरु भएको कुराको बोध गराउँछ ।

जस्तै –

- ङ्र्/ङजी ताप्री प्रीजी/प्रीई (मैले पत्र लेखें) ।
- चमए तेल हयाजी/हयाई (तिनीहरू हिजो गए) ।

(ख) **जोकोम्नी स्यो पल (अपूर्ण भूत काल)** – यसले बितेको समयमा काम शुरु भएर पूरा नभएको भन्ने जनाउँछ ।
जस्तै –

- ङ चर्/झाई टीटी ल (म हिजो त्यहाँ बसिरहेको थिएँ) ।
- ङ खेटील (म पढिरहेको थिएँ) ।

(ग) **च्हुबै स्यो पल (पूर्ण भूत काल)** – यसले बितेको समयमा काम पूरा भएको बुझाउँछ ।
जस्तै –

- ङर् चलई ल्हुल (मैले उसलाई मद्दत गरेको थिएँ) ।
- ङ पोख्र हयाल (म पोखरा गएको थिएँ) ।

(३) **ली पल (भविष्यत् काल)** – आउने समयमा हुने कामबारे बोध गराउने पललाई ली पल (भविष्यत् काल) भन्दछन् ।

गुरुङभाषामा सादा ली पल र सादा म्लो पलको रूप समान जस्तो देखिन्छन् । यसरी गुरुङभाषामा ली पलको रूप स्पष्ट देखिँदैन, तर वार्तालापको सिलसिलामा भने यसको रूप प्रस्ट छुट्टिन्छ ।
जस्तै –

- ङ धीँर् हयासी थुम् (म घरमा गएर आउँछु) ।

यस वाक्यमा धीँर् हयासी युम् (घरमा गएर आउँछु) भन्दा जाने काम भइसकेको छैन । जाने काम पछि हुने हुनाले यसलाई ली पल मान्नु उचित देखिन्छ । नेपालीभाषाको जानेछु, खानेछु जस्तो रूप गुरुङभाषामा पाईंदैन । म्लो पल र स्यो पलका जस्ता मुख्य तीन पक्षहरू ली पलमा पाईंदैनन् । यसलाई दुई भागमा बाँडी अध्ययन गर्न सकिन्छ ।
जस्तै –

(क) सादा ली पल (सामान्य भविष्यत् काल)
(ख) डीबउ ली पल (सम्भाव्य भविष्यत् काल)

(क) **सादा ली पल (सामान्य भविष्यत् काल)** – यसले बोल्दाको समयभन्दा पछि हुने कामको बारेमा सामान्य तबरले बोध गराउँछ ।

जस्तै –

- ङ पोख्र ह्याउमु (म पोखरा जानेछु) ।
- चमए पऩ ह्याउ तुम् (तिनीहरू भोलि जानेछन्) ।

(ख) **ङीबउ ली पल (सम्भाव्य भविष्यत् काल)** – यसले आउने समयमा हुने कामको सम्भाव्यता वा कुनै काम होला भनी अनुमान गरिएको बुझाउँछ । गुरुङभाषामा मु/मुन्, मुन्द (होला/होला नि), नुन्/नुन्द, नीन् (पर्ला/पर्ला नि) आदि जोडी ङीबउ ली पल जनाउने कएसुं बनाइन्छ । जस्तै –

- च रोब्मु (ऊ सुत्छ होला) ।
- चमए खव्मुन् (तिनीहरू आउलान् नि) ।
- प्ह्रील तुसां प्ह्रीनुन्/पह्रीनीन् (लेख्नुपरे लेखौंला नि) ।
- खवै तीर् तोसीन् ह्यानुन्/ह्यानीन् (आएको मौकामा भेटेर जाउँला नि) ।
- धींर् ह्याल् तुनुन्द (घरमा जानुपर्ला नि) ।
- दबए खल् तुनुन्द (फेरि आउनुपर्ला नि) ।

३.४.८.संएतां (भाव/Mood)

वक्ताको मनोभाव वा मनोवृत्ति प्रकट गर्ने पार्ककएसुंलाई अथवा वक्ताले सम्प्रेषण गरेको भावलाई बुझाउने पार्ककएसुंको रूपलाई संएतां (भाव) भन्दछन् । प्रारम्भिक अध्ययनअनुसार गुरुङभाषामा पनि तीन किसिमका संएतां पाइन्छन् ।

(१) क्लेतां (विध्यर्थ)
(२) म्हैबैतां (सम्भावनार्थ)
(३) तेंबैतां (सङ्केतार्थ)

(१) **क्ले़तां (विध्यर्थ)** – मुख्यत: आज्ञा र इच्छाको मनोभाव बुझाउने पार्ककएसुंलाई क्ले़ तां (विध्यर्थ) भन्दछन् । तर यसको प्रयोगबाट प्रसङ्गअनुसार आदेश, सल्लाह, सुझाव, शिक्षा, प्रार्थना, प्रस्ताव, इच्छा वा बिन्ती समेत बुझिन सक्छ ।
जस्तै –

- नीज्यो चुर् खो (कान्छी ! यता आऊ) ।
- ओसों प्ह्रब लुले (अघि हिंड्न सिकौं) ।
- थेब् तसी पोंल/पोंब आत (ठूलो भएर बोल्नु हुँदैन) ।
- आगुमएनी प़ोंवू आत (साथीहरूसँग बाझ्नु हुँदैन) ।
- ङ्योई म्रु ल्हे सोरीर्गे (हाम्रा राजा चिरायु होऊन्) ।
- हे प्रमेश्वर् ! ङीई संएर् म्हैब युल् लबींन् (हे भगवान् ! हाम्रो मनले चिताएको पुऱ्याइदेऊ) ।
- थेबै म़ी तल्योसा तब्मुल (ठूलो मानिस हुन पाए हुन्थ्यो) । इत्यादि

(२) **म्हैबैतां (सम्भावनार्थ)** – निश्चित नभइसकेको कुराको अनुमान वा सम्भावना बुझाउनेलाई म्हैबैतां (सम्भावनार्थ) भन्दछन् ।
जस्तै –

- आप फेखल् तुब्ऩे (बुबा आइपुग्नुपर्ने) ।
- चमएम् खउ आरे (तिनीहरू आउँदैनन् होला) ।
- चमएजीम् चल् खाँइनु (तिनीहरूले त खाइसके होलान्) ।
- कोम् फेखम् उ (भरे आइपुग्छ कि) ।
- तीङ प्रेई स्योरो ना चएल् खाम् (घाम लागेपछि पानी बिदा हुन सक्छ) ।
- मई धुं मुईस्योरो मोतु तल् खाम् (निगालोको बोट भएपछि टुसा पनि हुन सक्छ) ।

(३) **तेंबैतां (सङ्केतार्थ)** – पार्ककएसुंहरू बीच अनुमानात्मक कार्यको स्थिति रहेमा तेंबैतां (सङ्केतार्थ) व्यक्त हुन्छ । एकभन्दा बढी पार्ककएसुंहरू संलग्न रहने हुनाले यसमा

दुई उपवाक्यहरू निहित हुन्छन्; एउटा शर्तसूचक उपवाक्य र अर्को परिणामसूचक अथवा कार्यसूचक उपवाक्य ।

जस्तै –

- चर् हुई बीस्यं ङ हचाम् (उसले बोलायो भने म जान्छु) ।
- चल् योंसम् चमए छोष् मुला (खान पाए त उनीहरू मोटाउँथे) ।
- चमए खसम् त्होब् मुला (उनीहरू आए त भेट हुन्थ्यो) ।
- चमएर् थेंसम् टीब् मुला (उनीहरूले राखे त बस्ने थियो) ।
- ङर् म्रोब् ङेस्यम् सेब्मुला (मैले देखे त चिन्ने थिए) । आदि

३.४.९. सोतां (वाच्य/Voice)

वाक्यमा प्रयुक्त क्र (कर्ता), भारे (कर्म), वा पार्ककएसुं (क्रियापद)मध्ये कुनै एकमा जोड दिएर भनिएको कुरालाई सोतां (वाच्य) भन्दछन् ।

जस्तै –

(क) ङ कैं चम् (म भात खान्छु) ।
(ख) ङवाले कैं चम् (मद्वारा/बाट भात खाइन्छ) ।

माथिको वाक्य (क) र (ख) दुवैमा एउटै कुरा भनिएको छ । तर (क) मा क्र ङ (म) मा जोड दिइएको छ भने (ख) मा भारे कैं (भात) मा जोड दिइएको छ ।

३.४.१०. सोतांई कीसीम (वाच्यको किसिम)

नेपाली–व्याकरणमा तीन किसिमको सोतांको वर्णन गरिएको पाइन्छ । व्याकरणीय दृष्टिले गुरुङभाषामा दुई प्रकारको मात्र सोतां पाइन्छ । ती हुन् – (१) सोजोसोतां (कर्तृवाच्य), (२) कोर्बैसोतां (कर्मवाच्य) । तर व्यावहारिकतामा

वा बोलीचालीको सिलसिलामा भने एक मात्र सोतां भएको अनुभूति हुन्छ । वास्तवमा गुरुङभाषाको विकास नभएर नै यस्तो अनुभूति भएको हुन सक्छ ।

(क) **सोजोसोतां (कर्तृवाच्य)** – वाक्यमा क्र (कर्ता) मा जोड दिएर केही कुरा भन्नुलाई सोजोसोतां (कर्तृवाच्य) भन्दछन् । वाक्यमा छोवै पार्ककएसुं र भारे पार्ककएसुं दुवै थरीमा सोजोसोतांको प्रयोग हुन सक्छ ।
जस्तै –

– ङ लाप्री खेम् (म चिठ्ठी पढ्छु) ।
– ङजी म्ही ङोसेम् (म मान्छे चिन्छु) ।

(ख) **कोर्बैसोतां (कर्मवाच्य)** – वाक्यको भारे (कर्म) मा जोड दिएर केही कुरा भन्नुलाई कोर्बै सोतां (कर्मवाच्य) भन्दछन् ।
जस्तै –

– ङवांले खेम् (मद्वारा/बाट पढिन्छ) ।
– ङवांले म्ही ङोसेम् (मद्वारा/बाट मान्छे चिनिन्छ) ।

३.४.११. सोतांफेर्दीव (वाच्य-परिवर्तन)

नेपाली–व्याकरणअनुसार क्र (कर्ता) मा जोड दिएर भनिएको वाक्यलाई भारे (कर्म) मा जोड दिएर वा पार्क (क्रिया) मा जोड दिएर बदल्नु र भारेमा जोड दिइएको वा पार्कमा जोड दिइएको वाक्यलाई क्रमा जोड दिएर बदल्नुलाई सोतांफेर्दिव (वाच्य–परिवर्तन) भन्दछन् ।

यसरी वाच्य–परिवर्तन गर्दा नेपाली–व्याकरणअनुसार छोवै पार्क लिने सोजोसोतांलाई कोर्बैसोतांमा र भारेपार्क लिने सोजोसोतांलाई भाववाच्यमा बदल्नुपर्दछ र म्है मा 'इ' प्रत्यय जोड्नुपर्दछ । भारेपार्क लिने भाववाच्य र छोवैपार्क लिने कोर्बैसोतांलाई सोजोसोतांमा बदल्नुपर्दछ र म्है मा 'इ' प्रत्यय हटाउनुपर्दछ ।

तर गुरुङभाषामा पाइने दुई सोतांहरूमा भने वाच्य–परिवर्तन गर्दा कर्तामा बाहेक पार्ककएसुं परिवर्तन गर्नु

आवश्यक पर्दैन । केवल क्रमा वांले (द्वाराबाट) प्रत्यय थपिदिए पुग्छ ।
जस्तै –

- च लप्री प्रीम् (ऊ चिठी लेख्छ) ।
- चवांले लप्री प्रीम् (ऊद्वारा चिठी लेखिन्छ) ।

- राम बुँजे क्ल्योम् (राम भकुन्डो खेल्छ) ।
- रामवांले बुँजे क्ल्योम् (रामद्वारा भकुन्डो खेलिन्छ) ।

- च छ्युई खेम् (ऊ पुस्तक पढ्छ) ।
- चवांले छ्युई खेम् (ऊद्वारा पुस्तक पढिन्छ) ।

३.५. ह्र्योंपार्क (क्रियाविशेषण / Adverb)

पार्ककएसुंको विशेषता तथा परिवेश जनाउने शब्दलाई ह्र्योंपार्क (क्रिया–विशेषण) भन्दछन् । ह्र्योंपार्कद्वारा रीति, परिमाण आदि विशेषता र पल, क्ल्यो (स्थान) आदि परिवेश बुझिने हुन्छ ।
जस्तै –

- छले लद्सीव (यसरी गर न) ।
- कैं ल्हे तई (भात धेरै भयो) ।
- लीर् ललेन् तम् (पछि गरे पनि हुन्छ) ।
- फीर् थेंन् (माथि राख) ।

माथिका वाक्यहरूमा छले (यसरी), ल्हे (धेरै), लीर् (पार्छ) र फीर् (माथि) आदि शब्दहरू ह्र्योंपार्क हुन् ।

३.५.१. ह्र्योंपार्कई वर्गीकरण (क्रिया–विशेषणको वर्गीकरण)

गुरुङभाषामा पाइने ह्र्योंपार्कको वर्गीकरण तल लेखिएअनुसार गर्न सकिन्छ ।
जस्तै –

(क) वेलतेंव (कालबोधक)
(ख) क्ल्योतेंव (स्थानबोधक)
(ग) ल्हेदेतेंव (परिमाणबोधक)

(घ) छ्यातेंव (रीतिबोधक)
(ङ) लातेंव (आवृत्तिबोधक)
(च) साधन/माध्यमतेंव (साधन/माध्यमबोधक)
(छ) डीबन्तेंव (निश्चयबोधक)
(ज) आतवतेंव (निषेधबोधक)

(क) **वेलतेंव (कालबोधक)** – वेलतेंव हर्चोंपार्कले समय बुझाउँछ अथवा यसले वाक्यमा खयो (कहिले) को सूचना दिने काम गर्छ ।
जस्तै –

- तीनी/तीयां प्ह्रेमए खम् (आज पाहुनाहरू आउँछन्) ।
- प्हन सयो खम्रो (भोलि भुइँचालो आउँछ रे) ।
- तेल तेस्युर युल (हिजो असिना परेको थियो) ।

उपर्युक्त वाक्यहरूमा प्रयुक्त तीनी/तीयां (आज), प्हन (भोलि), र तेल (हिजो) आदि वेलतेंव हर्चोंपार्ककएसुं हुन् । त्यस्तै नुगीम्/नुग्युम् (पर्सि), सोजम् (निकोपर्सि), उनी (अस्ति), तींदी (यसवर्ष), त्युग्युम् (पोहोर), नेतीम् (परार्), तोगो (अहिले), क्होम् (भरे), प्हनाग (भोलि बिहान), ओसों/ओइसों (अघि/अगाडि), ङ्योन् (चाँडो), लीर् (पछि) आदि समय सङ्केत गर्ने, बुझाउने शब्दहरू वेलतेंव हर्चोंपार्ककएसुं हुन् ।

(ख) **क्ल्योतेंव (स्थानबोधक)** – क्ल्योतेंव हर्चोंपार्ककएसुंले वाक्यमा खना (कहाँ), खनै (कता) भनी क्ल्यो(स्थान)लाई सङ्केत गरेको हुन्छ । साथै यसले स्थिति वा परिवेशलाई पनि दर्शाउँछ ।
जस्तै –

- च फीर् थेंन् (त्यो माथि राख) ।
- मकीलई प्रों न्होंर्/न्होसोर् चिंन्/चिंदो (भैंसीलाई गोठभित्र बाँध) ।
- च खयों वीलेन् लींग्याईन् तम् (ऊ जहिले पनि पछि/पछाडि नै हुन्छ) ।
- खन्तोतोन् छ्यांवन् मुन (जतातत्तै राम्रै रहेछ) ।

उपर्युक्त वाक्यहरूमा प्रयुक्त फीर् (माथि), न्होंर्/न्होसोर् (भित्र), लींग्याई (पछि/पछाडि) र खन्तोतोन् (जतातते) आदि क्ल्य़ोतेंव हचोंपार्क हुन् । त्यस्तै ताई (माथि), माई (तल), क्याई (उता), चेदों (नजिक), ह्रेगों (टाढा), कोर् (माथि), प्रीर् (तल), छुई (यता), छाई (उता), चुरी (यहाँ), चरी (त्यहाँ), क्योंज (पारी), चोंजा (बारी), क्याईबदे (अलि उता), छुईबदे (अलियता), चरबदे (त्यहींनिर), चुरबदे (यहींनिर), क्होर्बदे (माथिपट्टि), प्ह्रीर्बदे (तलपट्टि), आदि स्थान, स्थिति, परिवेशलाई सङ्केत गर्ने शब्दहरू क्ल्य़ोतेंव हचोंपार्कएसुं हुन् ।

(ग) **ल्हेदेतेंव (परिमाणबोधक)** – ल्हेदेतेंव हचोंपार्कले ल्हे (धेरै), दे (थोरै) भन्ने भाव प्रकट गर्दछ । साथै यसले वाक्यमा कती (कति) भन ल्हेदे (परिमाण) तथा यतिउतिको सङ्केत गर्छ ।
जस्तै –

- कैं ल्हे तई (भात धेरै भयो) ।
- कीर्/कीर् पींवम्/बींवम् दे तहचान (तिमीले दिएको थोरै भएछ) ।

यहाँ प्रयुक्त ल्हे (धेरै), दे (थोरै) ल्हेदेतेंव हचोंपार्क हुन् । सगों (धेरै), च्युगु/च्युगुदे (अलिकति), सगों (प्रशस्त), जौ (यति), त्हांन् (सबै), आदि ल्हेदेतेंव हचोंपार्कएसुं हुन् ।

(घ) **छ्यातेंव (रीतिबोधक)** – यसले पार्कएसुंको कार्यको ढङ्ग तथा प्रक्रिया वा कार्य कसरी भयो भनी सामान्य विधिको बोध गराउँछ ।
जस्तै –

- छले लर्/लद्सीव (यसरी गर/गरन) ।
- छलेम् आत (त्यसरी त हुँदैन) ।

माथिका वाक्यहरूमा प्रयुक्त छले (यसरी), छलेम् (त्यसरी) आदि छ्यातेंव हचोंपार्कएसुं हुन् ।

(ङ) **लातेंब (आवृत्तिबोधक)** – लातेंव हचोंपार्ककएसुंले वाक्यमा पार्ककएसुंले गरेको कार्यको पटक बुझाउँदछन् ।
जस्तै –

- राम सोंप्ले खई (राम तीनपटक आयो) ।
- ङ तीब्ले फेल/फेलो दुल (म एकपटक पुगेको थिएँ) ।
- ङ चर् खंयोम़यो मत्र हचाम् (म त्यहाँ कहिलेकाहीं मात्र जान्छु) ।
- च खंइयोंए रीस आख (ऊ कहिल्यै रिसाउँदैन) ।

प्रस्तुत वाक्यहरूमा सोंप्ले (तीनपटक), तीब्ले (एकपटक), खयोंम़यो (कहिलेकाहीं), खंइयोंए (कहिल्यै) आदि लातेंव हचोंपार्ककएसुं हुन् ।

(च) **साधन/माध्यमतेंव (साधन/माध्यमबोधक)** – यसले पार्ककएसुंले गरेको कार्य कुन माध्यमबाट अथवा तोर् (केले), वांले (बाट/द्वारा) भयो भन्ने कुराको बोध गराउँछ ।
जस्तै –

- ङर् प़रेर् आँप झार्दीई/झारीई (मैले लठ्ठीले आँप झारें) ।
- ङ बसवांले पोख्र हचाम् (म बसद्वारा पोखरा जान्छु) ।
- रेडीयोवांले छ्यांव-छ्यांव क्वुई खन (रेडियोबाट राम्रा-राम्रा गीत आएछन्) ।

माथिका वाक्यहरूमा प़रेर् (लठ्ठीले), बसवांले (बसद्वारा), रेडीयोवांले (रेडियोबाट) आदि साधन/माध्यमतेंव हचोंपार्क हुन् ।

(छ) **डीबन्तेंव (निश्चयबोधक)** – डीबन्तेंव हचोंपार्कले कुनै कुरा निश्चित गरी देखाइदिन्छ ।
जस्तै –

च तीयां क़ोसेन् रवम् (ऊ आज साँच्चै आउँछ) ।

- कीर्/कीजी बीब् तां डीबन् को (तिमीले भनेको कुरा निश्चय नै हो) ।
- ङर्/ङजी बीबै तां तबन् तई (मैले भनेको कुरा हुने नै भयो) ।

यहाँ क़ोसेन् (साँच्ची नै), डीबन् (निश्चय नै), तबन् तई (हुने नै भयो) आदि डीबन्तेंव हचोंपार्ककएसुं हुन् ।

(ज) **आतवर्तेंव (निषेधबोधक)** – यसले वाक्यमा पार्ककएसुंको आतव (निषेध/अस्वीकार) को बोध गर्दछ । गुरुङभाषामा यस्ता आतवपार्कहरू बनाउँदा पार्कको अगाडि 'आ' प्रत्यय जोड्नुपर्छ ।
जस्तै –

- छाव के आलर्/आलय्/आलरो/आलदो (त्यस्तो काम नगर) ।
- छिन् घ्री खेसी पास् आतु (एकक्षण पढेर पास हुँदैन) ।

यी वाक्यहरूमा आलर् (नगर), आत (हुँदैन) आदि आतवर्तेंव हचोंपार्ककएसुं हुन् ।

३.६. तेंस्युरु (नामयोगी/Preposition)

कुनै मीं वा चेमीं साथै हचों आदिसँग फेल्ब जोडिएर्भैं मिल्ने र आपनो पनि केही स्वतन्त्र अर्थ पनि हुने अव्ययलाई तेंस्युरु (नामयोगी) भन्दछन् ।
जस्तै –

- धीं पट्टी (घरतिर) ।
- टेवल फीर् (टेबुलमाथि) ।
- चुई ल़ागीर् (यसको निम्ति/लागि) ।
- खीवमनी (बूढोसित) ।
- बुंजे कोठा न्होवांले भोउ/भउ (भकुन्डो कोठाभित्रबाट ल्याऊ) ।

माथिका मीं, चेमीं र हचोंसँग जोडिएको पट्टी (तिर), फीर् (माथि), ल़ागीर् (निम्ति), मनी (सित/सँग) र न्होवांले (भित्रबाट) आदि अव्ययहरू तेंस्युरु हुन् ।

गुरुङभाषामा तेंस्युरुको अध्ययन गर्दा प्रशस्त मात्रमा भेट्टिन्छन् । अर्थको भेदअनुसार यसलाई विभिन्न वर्गमा वर्गीकरण गरी अध्ययन गर्न पनि सकिन्छ । गुरुङभाषामा पाइने तेंस्युरुहरूलाई अध्ययन गर्दा केही एक शब्द र केही एकभन्दा बढी शब्दहरू मिली तेंस्युरुको रूप लिएको वा काम गरेको भेट्टिन्छ । यसरी बनावट र अर्थको भेदअनुसार गुरुङभाषाको यो पहिलो आधारभूत व्याकरण भएकोले सजिलोको लागि पनि एक शब्दबाट बनेकालाई कर्‌योंव (सरल) र एकभन्दा बढी शब्दहरू मिली बनेकालाई कर्‌आयोंव (जटिल) अन्तर्गत राखी अध्ययन गरिएको छ ।

जस्तै –

(क) **कर्‌योंव (सरल) तेंस्युरु** – एक शब्दबाट मात्र बनेका तेंस्युरुहरूलाई कर्‌योंव (सरल) तेंस्युरु भन्दछन् ।

केही कर्‌योंव तेंस्युरुहरू –

- चेंदो (नजिक) ।
- फीर् (माथि) ।
- ताई (माथि) ।
- प्ह्रीर् (तल) ।
- क्याई (उता) ।
- छुई (यता) ।
- छावन् (उस्तै) ।
- ओंसो/ओंईसो (अघि) ।
- न्होर्/न्होसोर् (भित्र) ।
- नी/ने (सँग/सित) ।
- ल़ागीर् (निम्ति/लागि) ।
- पर् (बीच) ।
- क्होर् (माथि) ।
- ङार् (छेउ) ।
- माई (तल) ।
- छाई (उता)
- बायक (बाहेक) ।
- दु (सम्म) ।
- लीर्/लीली (पछि) ।
- वांले (बाट/द्वारा) ।
- क्ल्य़ोर्/क्ल्य़ोरी (साटो/बदला) ।
- दोंब (झैं/उस्तै) । आदि

(ख) **कर्आयोंव (जटिल)** – एकभन्दा बढी शब्दहरू मिली बनेका तेंस्युरुहरूलाई कर्आयोंव (जटिल) तेंस्युरु भन्दछन् ।

केही कर्आयोंव तेंस्युरुहरू –

- न्होवांले (भित्रबाट) ।– प्री–प्रीलेन् (साथसाथै/सँगसँगै)।
- ङाङ (छेउछाउ) । – क्याई चुई (आसपास/दायाँ–बायाँ)।
- क्युरु कंइरु (तल–माथि)। – चरबदे (त्यहाँनिर/तिर) ।
- चुरबदे (यहाँनिर/तिर)। – छाईबदे (त्यतातिर) ।
- छुइबदे (यतातिर) । – क्याईबदे (उतातिर) ।
- ताईबदे (माथितिर) । – माईबदे (तलतिर) ।
- क्यांरबदे (बाटोनिर) । – फीरबदे (माथितिर) ।
- न्होरबदे (भित्रतिर) । – कोरबदे (माथितिर) ।
- प्रीरबदे (तलतिर) इ. ।

नोट – गुरुङभाषामा तल, माथि, यता, उता भनी दिशाबोध गराउने जुनसुकै अव्ययहरूमा पनि 'बदे' प्रत्यय थप्नुपर्दछ ।

३.७. ङेच्याब (संयोजक/Conjunction)

शब्द, शब्द समूह, वाक्य वा उपवाक्यहरूलाई जोडिदिने अव्ययहरू ङेच्याब (संयोजक) हुन् ।

जस्तै –

- आप नी आम केर् हच्याई (बुबा र आमा काममा जानुभयो) ।

- खीवम् खीर् (लगाउन त लगाऊ) ।
- म्हन् आलर् (हराउने नगर) ।
- खीवम् खीर्/खीद् दलेन् म्हन् आलर्/आलद् (लगाउन त लगाऊ तर हराउने नगर) ।

- चर् ङलई घ्री कोच पींई (उसले मलाई एउटा खुकुरी दियो) ।

- चर् ङलई घ्री त्वु पींई (उसले मलाई एउटा बाउसो दियो) ।
- चर् ङलई घ्री कोच नी त्वु पींई (उसले मलाई एउटा खुकुरी र बाउसो दियो) ।

- आलीर् धरुईले क्यु भोई/भई (भाइले धाराबाट पानी ल्यायो) ।
- आङर् कैं हचोई (बहिनीले भात पकाइन्) ।
- आलीर् धरुईले क्यु भई धई आङर् कैं हचोई (भाइले धाराबाट पानी ल्यायो र बहिनीले भात पकाइन्) ।

उपर्युक्त वाक्यहरूमा नी (र), दलेन् (तर), नी (र), धई (र) आदिले शब्द, शब्दसमूह, वाक्य वा उपवाक्यहरूलाई जोडिदिएका छन् । तसर्थ तिनीहरू ङेच्याब (संयोजक) हुन् ।

३.७.१. ङेच्याबई प्रकार (संयोजकको प्रकार)

बनोटको आधारमा ङेच्याब दुई प्रकारका छन् –

(क) कर्योंव (सरल) ।
(ख) कर्आयोंव (जटिल) ।

(क) कर्योंव ङेच्यावदग (सरल संयोजकहरू)

(१) तबम् (हुनत) – तले आखगए तबम् खलेन् म़ी आरे तो । (किन नआएको होला हुनत आए पनि मान्छे छैन क्यारे ।)
(२) वींस्या (भने) – के आल वींस्या छेनाले खेद्/खेर् । (काम गर्दैनस् भने राम्रोसँग पढ् ।)
(३) ने/नी (र) – न्वारा ने/नी नकी खंयोए आक़्री । (कुकुर र बिरालो कहिल्यै मिल्दैन ।)
(४) उ (कि) – की पऩ खम उ ङन् खले ? (तिमी भोलि आउँछौ कि मै आऊँ ?)
(५) धई (र) – ङ हचाम् धई कुल्मीम्/कुल्मीस्यो । (म जान्छु र पठाउँला ।)

(६) छतईर (त्यसो भएर/त्यसकारण) – धींर् खावए आरेल छतईर ङ खल आयों । (घरमा कोही थिएन, त्यसो हुँदा/त्यसकारण म आउन पाइनँ ।)

(७) झाईले/छाईले/धईसेरो (अनि/त्यसपछि) – ओसों किर् लद् झाईले/छाईले/धईसेरो ङर् लम्। (पहिले तिमी गर अनि/त्यसपछि म गर्छु ।)

(८) छतसी (तसर्थ/त्यसकारण) – तेल किर् ङलई हुईन छतसी ङ तोगो खव । (हिजो तिमीले मलाई बोलाएका रहेछौ, तसर्थ/त्यसकारण म अहिले आएको ।)

(९) दलेन्/दीलेन् (तर/तापनि/तैपनि) – च खवम् खम् दलेन्/दीलेन् केर् आदु । (ऊ आउन त आउँछ तर/तापनि/तैपनि काम लाग्दैन।)

(१०) दीस्यां/दीसां (नत्र) – च खल् तुम् दीस्यां के आत । (ऊ आउनुपर्छ, नत्र काम हुँदैन।)

(ख) कर्आयोंव ङेच्यावदग (जटिल संयोजकहरू)

(१) तलेवीस्यां (किनभने) – सोंगे तीद् तलेवीस्यां ना युबर् होंई । (बिस्कुन उठाऊ, किनभने पानी पर्न लाग्यो ।)

(२) आङी बीस्यां (होइनभने) – छयां हच्याले आङी बीस्यां ङ अहच्या । (हिंड, जाऊ, होइन भने म जान्नँ ।)

(३) वीस्यनरे/वीस्यनटी (भनेदेखि) – ङ लई जुत्ता क्ल्युमीई वीस्यानरे/नटी हचाम् ध अहच्या । (मलाई जुत्ता किनिदियो भनेदेखि जान्छु नत्र जान्नँ ।)

(४) दिसां/दिसांनरे (नत्र/नत्रभने) – चु तां बीलन् तुम् दिसां/दिसांनरे खाबै सैं–ई आक्हो । (यो कुरा भन्नै पर्छ नत्र/नत्रभने कसैको चित्त बुझ्दैन ।) इत्यादि

३.८. प्ल्ह्फैंब [विस्मयादिबोधक (Exclamatory) र में निपात (Intensifier)]

(क) प्ल्ह्फैंब (विस्मयादिबोधक/Exclamatory) – मनको आकस्मिक आवेश वा मनोभावना प्रकट गर्ने शब्दलाई प्ल्ह्फैंब (विस्मयादिबोधक) भन्दछन् ।

जस्तै –

- सैबो ! की पास तन (स्याबास ! तिमी पास भएछौ) ।
- खुस्या ! ङई च्ह ल्हाउरे तईरो (आहा ! मेरो छोरो भर्ती भयो रे) ।
- आई ! तो तनब (आ ! के भएछ) ?
- आमए ! ओंछेनर चम् सीन (आमै ! बिचरा ऊ त मरेछ) ।
- छ्या ! जो छेर्बें सए (छि: ! यति घिनलाग्दो चीजं) ।
- ङीब ! तां चन् को (हो ! कुरा त्यही हो) ।
- आय ! फो थोई (ऐय्या ! पेट काटयो) ।
- तो ! छोरो ङाम्च (क्या ! झयाउ लाग्छ) ।

माथि वाक्यहरूमा प्रयुक्त सैबो (स्याबास), खुस्या (आहा), आई (आ), आमए (आमै), छ्या (छि), ङीब (हो), अया (ऐय्या), र तो (क्या) आदिले क्रमश: हर्ष, आश्चर्य, शोक, घृणा, स्वीकार, पीडा, दिक्दारी जस्ता मनोभावनाहरू प्रकट गरेको छ । त्यसैले यी शब्दहरू प्ल्ह्फैंब हुन् ।

तलका विभिन्न प्ल्ह्फैंबहरू विभिन्न मनोभावनाहरू प्रकट गर्दछन् –

(१) सैंतोब (हर्षबोधक) – सैबो (स्याबास), खुस्या (स्याबास), छ्यांव (राम्रो), बा: (आ:) ।
(२) अचम्म म्हादिव (आश्चर्यबोधक) – आई (आ), बा (आहा), क़ोसेन् वे (साँच्चै हो) ।
(३) प्रशंसाबोधक (प्रशंसाबोधक) – बा (आहा), तो (क्या) ।

(४) सोक्लव (शोकबोधक) – आमए (आमै), ज्या (ज्या), ओंछेनर (बिचरा) ।
(५) छेरबै तां (घृणाबोधक) – छया (छि), आची (आची) ।
(६) ङेबै तां (स्वीकारबोधक) – तमो (हुन्छ), ङीब (हो) ।
(७) नवै तां (पीडाबोधक) – अया (ऐय्या), आत्थु (आत्थु/आत्था) ।

(ख) में (निपात/Intensifier) – वाक्यमा प्रयोग गरिने विशेष प्रकारका शब्दहरूलाई में (निपात) भन्दछन् । मेंले छुट्टै अर्थ त दिँदैन, तर वाक्यमा यसको प्रयोगले अनुरोध, प्रश्न, स्थिति, सङ्केत, सम्भाव्य भविष्यत् आदि भाव झल्काई वाक्यको अर्थलाई तिख्खर र आकर्षक बनाइदिन्छ ।

जस्तै –

- छुई बदे खो (यहाँनिर आउनोस्) ।
- चुर् बदे टिदो (यहाँनिर बस्नोस्) ।
- खनाले योंगे/योगए (कहाँबाट पाएछ) ?
- कै चई वे/वा (भात खानु भो) ?
- खोई खैलब–खैलब (खै कसो गर्ने–कसो गर्ने) !
- खोई खैतम् आब (खै के हुन्छ अब) !
- तोगो लीर् चनुन्द (अहिले पछि खाउँला नि) ।
- ङन् खबीस्यो (मैं आइ दिउँला) ।

माथिका वाक्यहरूमा प्रयोग भएका बदे (निर), ले (बाट), वे/वा (हो/भो/भयो), खोई (खै), नुन्द (नि) र स्यो (ला) आदि में हुन् ।

गुरुङभाषामा प्रशस्त मात्रामा मेंको प्रयोग भएको पाइन्छ । यस भाषाका धेरैजसो शब्दको शुरुमा र शब्दान्तमा कुनै न कुनै रूपको अव्यय वा में लागेको पाइन्छ । त्यसैले गुरुङभाषालाई मेंप्रधान भाषा भन्दा पनि अत्युक्ति नहोला ।

गुरुङभाषामा पाइने केही मेंका उदाहरणहरू यसप्रकार छन् –

(१) एक अक्षर भएका में;
मी (त), म् (त), दे (त), ते (त), न् (नै), रो (रे), दु (सम्म), बै (को), इ/ए (को), बै (माथि/पनि), ए (पनि), जे (पनि), रे (पनि), से (पनि), ले (बाट), दे (न), वा/वे (हो/भो/भयो), अँ (अँ), वे (र), औ (है) इत्यादि ।

(२) दुई अक्षर भएका में;
बदे/बदेन् (निर/निरै), सीव (न), ईम् (त), दारे (तिर), स्यो (ला), नुन्द (नि), नाई (होइन), व्हा (होइन त), ईन् (तै/तिरै), बम् (त), अई (आई), खोई (खै) इत्यादि ।

तों ४ तमु कएतांपाटी (गुरुङ–वाक्यव्यवस्था / Gurung Syntax)

४.०. ङोसेब (परिचय)

वाक्यव्यवस्थाको अभिप्राय वाक्यमा शब्दहरूको सम्बन्ध स्पष्ट हुने गरी राख्नु हो । हरेक भाषाको वाक्यमा आफ्नै किसिमको पद्धति अथवा शब्दक्रम हुन्छ । त्यस्तै गुरुङभाषाको वाक्यमा पनि आफ्नै किसिमको शब्दक्रम छ । त्यसैले यहाँ गुरुङभाषाको संरचना, स्वरूप अथवा गुरुङ–वाक्यव्यवस्था संक्षेपमा प्रस्तुत गरिएको छ ।

४.१. कएतां (वाक्य / Sentence)

व्याकरणीय दृष्टिले अर्थपूर्ण हुने शब्दसमूहलाई कएतां (वाक्य) भन्दछन् । एउटा कएतांको अर्थ पूर्ण हुन एउटा क्र (कर्ता), एउटा पार्क (क्रिया) र एउटा भारे (कर्म) आवश्यक हुन्छ, अथवा उद्देश्य र विधेय हुनु आवश्यक हुन्छ । उद्देश्य भनेको कएतांको त्यो अंश हो, जसको बारे केही भनिन्छ र

विधेय भनेको कएतांको त्यो अंश हो, जसले उद्देश्यबारे प्रस्टचाइदिन्छ ।
जस्तै –

– ङ बुजे क्ल्योम् (म भकुन्डो खेल्छु) ।

प्रस्तुत कएतांमा ङ (म) क्र (कर्ता) उद्देश्य हो र बुजे (भकुन्डो) भारे (कर्म) एवं क्ल्योम् (खेल्छु) पार्क (क्रिया) विधेय हो ।

४.२. कएतांई वर्गीकरण (वाक्यको वर्गीकरण)

विभिन्न आधारमा कएतांको वर्गीकरण गर्न सकिन्छ । तीमध्ये अर्थ र संरचनाको आधारमा गरिएको वर्गीकरण विशेष उल्लेख्य छ । त्यसैले यहाँ अर्थ र संरचनाको आधारमा कएतांको वर्गीकरण गरिएको छ ।

(क) **अर्थको आधारमा** – अर्थको आधारमा गुरुङभाषामा कएतांमए पाँच थरीका हुन्छन् –

(१) **सामान्यार्थक** – भाववृत्तिको दृष्टिले पार्ककएसुं(क्रियापद)मा छुट्टै रूप नलिई कएतांको सामान्य कथन वा अवधारणा मात्र बुझाउने कएतांलाई सामान्यार्थक कएतां भन्दछन् । जस्तै –

– ङ पऩ खंम् (म भोलि आउँछु) ।
– राम धींर् अदचासुम् (राम घर गएको छैन) ।
आदि

(२) **प्रश्नार्थक** – कसैलाई केही सोधिएको भाव जनाउने कएतांलाई प्रश्नार्थक कएतां भन्दछन् । गुरुङभाषामा खयों (कहिले), खाब/खावै (को/कुन/कसको), खैब (कस्तो), खना/खनै (कहाँ), खैले (कसरी), खावनी (कोसित/कोसँग) आदि प्रश्न शब्दहरू र विभिन्न

प्रत्ययहरू तले, तो, रो आदि राखी प्रश्नार्थक कएतां बनाइन्छ ।
जस्तै –

- खाब खनच (को आएछ) ?
- खैब तसुम् (कस्तो भएछ) ?
- खाबनी खल (कोसँग आएको) ?
- तले खल (किन आएको) ?
- तो तनच (के भएछ) ?
- की खयो खल (तिमी कहिले आएको) ?
- चुर् आखरो (यहाँ आउँदैन रे) ?
- खना/खनै हच्याउरो (कहाँ जाने रे) ?
- खैले हच्याब ङिगए (कसरी जाने होला) ? आदि

(३) **आज्ञार्थक** – जुन कएतांबाट हुकुम, धम्की, आदेश, शिक्षा, आदिको बोध हुन्छ, त्यस कएतांलाई आज्ञार्थक कएतां भन्दछन् ।
जस्तै –

- ङ्योन् हच्यार् (छिटो जाऊ) ।
- सनाले/छेनाले खेद्/खेर् (राम्रोसँग पढ) ।
- खयों बीलेन् ङ्योर् छ्यांव के लल् तुम् (जहिले पनि हामीले राम्रो काम गर्नुपर्छ) ।
- चु हच्युलर्/हच्युलटी ङ्योई खेमए क्रों तसी टील [यस देशमा हाम्रा पुर्खाहरू शासक (मुखिया) भएर बसेका थिए ।] आदि

(४) **आश्चर्यार्थक** – जुन कएतांबाट हर्ष, आश्चर्य, विस्मय आदिको बोध हुन्छ, त्यसलाई आश्चर्यार्थक अथवा आश्चर्यबोधक कएतां भन्दछन् ।
जस्तै –

- सैबो ! कीर्/कीर् छ्यांव के लन (स्याबास ! तिमीले राम्रो काम गरेछौ) ।
- बा ! छले छ्यांवै ट (आहा ! यति राम्रो फूल) ।

- आमए ! थेबै खती तन (आमै ! ठूलो नोक्सान भएछ) । आदि

(५) **इच्छार्थक** – जुन कएतांबाट इच्छा अभिलाषाको बोध हुन्छ, त्यस कएतांलाई इच्छार्थक कएतां भन्दछन् । जस्तै –

- छ्यांव लम्दै ह्यार्गे (राम्रो गर्दै जाओस्) ।
- च्ह योंबीस्यां तब्मुल (छोरा पाइदिए हुन्थ्यो) ।
- दुबो दोंले च्योंल् खांन् (दूबो झैं फिज्न सकून्) । आदि

(ख) **संरचनाको आधारमा** – संरचनाको आधारमा नेपाली आदि भाषाका कएतां झैं गुरुङभाषाका कएतां पनि निम्नलिखित तीन भागमा बाँडिएका छन् –

(१) सादा कएतां (सरल वाक्य) ।
(२) खुबै कएतां (संयुक्त वाक्य) ।
(३) कोंबै कएतां (मिश्र वाक्य) । आदि

(१) **सादा कएतां** – एउटा उद्देश्य र एउटा विधेय मात्र भएको कएतांलाई सादा कएतां भन्दछन् । जस्तै –

- कोलो क्रोजी (बच्चा रोयो) ।
- च लब्डा ह्याम् (ऊ स्कूल जान्छ) ।
- ङ खेम्दई मु (म पढिरहेको छु) ।
- आप्जी कें चई/चजी (बुबाले भात खानुभयो) । आदि

(२) **खुबै कएतां** – एकभन्दा धेरै सादा कएतांहरू मिलेर बनेको अथवा ङेच्याबहरू बीस्यां, तलेबीस्यां, दलेन्...... आदिले जोडिएका कएतांमएलाई खुबै कएतां भन्दछन् । जस्तै –

- ङ ह्याई बीस्यां चए खम् (म गएँ भने ऊ पनि आउँछ) ।

- मे सएदो तलेबीस्यां खएँ खवर् होंई (आगो निभाऊ, किनभने बतास चल्न लाग्यो) ।
- चमए हचाई बीस्यां ङचोए हचाल तुम् (उनीहरू गए भने हामी पनि जानुपर्छ) ।
- खबम् खब् आरे दलेन् तीचीम् बीद्सीव (आउन त आउँदैन होला तैपनि एक वचन त भन) ।

गुरुङभाषामा खुबै कएतां यसरी विविध रूपमा प्रस्तुत गर्न सकिन्छ –

(क) विकल्प बुझाउने वाक्यहरू

- सीं थुवर् हचाम् उ छी खैंवर् हचाम् (दाउरा काट्न जान्छ कि घाँस काट्न) ।
- क्हेमए धीं छयांव उ ङीई धीं छयांव (तिमीहरूको घर राम्रो कि हाम्रो घर) ।
- की चलई सएम् की ङन् सिम् (कि त्यसलाई मार्छु कि मै मर्छु) ।
- आप् खलेन् तम् च़ खलेन् तम् (बाबु आए पनि हुन्छ छोरा आए पनि हुन्छ) ।

(ख) संयोजकविहीन वाक्यहरू

- की हचाम्दै लर्, ङ खम (तिमी जाँदै गर, म आउँछु) ।
- ङी रीम्, च हचार्गे (हामी बस्छौं, ऊ जाओस्) ।
- ङजी खांजी चजी, अखांसुम् (मैले सकें, उसले सकेको छैन) ।
- चए आपों, ङए आपों (ऊ पनि बोलेन, म पनि बोलिनँ) ।

(३) **कोंबै कएतां** – दुई वा दुईभन्दा बढी सादा कएतांहरू मिलेर बनेको कएतांलाई कोंबै कएतां भन्दछन् । जस्तै –

- ङ पास् तबै तां थेसां आप बेल्ले सैंतोम् (म पास भएको कुरा सुन्नुभएछ क्यारे बुबा धेरै खुशी हुनुहुन्छ) ।

- ङ्ने न्हुर आरे बीव तां कीलईन् था मु (मसित पैसा छैन भन्ने कुरा तिमीलाई थाहै छ) ।
- ङ धींर् ह्याम् बीसी चर् बीई (म घर जान्छु भनेर उसले भन्यो) ।
- खावजी छे़नाले खेम् चन् पास् तम् (जो राम्ररी पढ्छ त्यो नै पास हुन्छ) ।

४.३. कएतांई सुंकएतों (वाक्यको शब्दक्रम)

शब्दहरू मिलेर नै वाक्यको रचना हुन्छ । वाक्यरचनाको अभिप्राय वाक्यमा शब्दहरूको सम्बन्ध स्पष्ट हुने गरी मिलाएर राख्नु हो र कएतांई सुंकएतों भन्नाले वाक्यमा क्र (कर्ता), भारे (कर्म), पूरक, ह्योंपार्क (क्रिया–विशेषण), पार्क (क्रिया) आदि शब्दहरू रहने क्रम बुझिन्छ । यहाँ गुरुङभाषाको कएतांई सुंकएतोंबारे जानकारी गराइन्छ ।

४.४. सुंकएतों (शब्दक्रम)

गुरुङभाषाका कएतांमा शुरुमा क्र (कर्ता/Subject; S) अनि भारे (कर्म/Object; O) र अन्तमा पार्ककएसुं (क्रिया/Verb; V) आउँछ । क्र, भारे र पार्क नभई कएतां हुँदैन । त्यसैले शुरुमा क्र आउनु र अन्तमा पार्क आउनु गुरुङभाषाको सुंकएतों (शब्दक्रम) हो –
जस्तै –

क्र (कर्ता/S)	**भारे (कर्म/O)**	**पार्ककएसुं (क्रियापद/V)**
ङ	बुंजे	क्ल्योम् ।
(म	भकुन्डो	खेल्छु) ।
च	धींर	ह्याम् ।
(ऊ	घरमा	जान्छ) ।
नकजी	क्रुं	चम् ।
(कुखुरा	चारो	खान्छ) ।

यसरी वाक्यरचनाको आधारमा गुरुङभाषा क्र (कर्ता), भारे (कर्म) र पार्ककएसुं (क्रियापद)को क्रमिक वाक्य–गठन–प्रक्रिया(SOV)अन्तर्गत पर्दछ ।

४.५. सुंकएतों फेर्दीब (शब्दक्रममा परिवर्तन)

गुरुङभाषा SOV क्रमिक वाक्यगठनअन्तर्गत भाषा हो भन्ने तथ्यको चर्चा माथि ४.४. मा भइसकेको छ । तर कहिलेकाहीं यो क्रम वा पद्धति क्र (कर्ता) को ठाउँमा भारे (कर्म) र भारेको ठाउँमा क्र र पार्क (क्रिया) रही फरक हुन सक्छ । पार्ककएसुं (क्रियापद) आदिको क्रम वा स्थानमा परिवर्तन आउन सक्छ, तर पनि त्यस्तो परिवर्तनले अर्थमा विशेष अन्तर चाहिं ल्याउँदैन, केवल अगाडि आउने शब्दमा मात्र विशेष जोड दिएको हुन्छ ।

जस्तै –

- आलीर् आतलई प्रींई (दाइले भाइलाई हिर्कायो) ।
- आतलई आलीर् प्रींई (भाइलाई दाइले हिर्कायो) ।
- प्रींई आतलई आलीर् (हिर्कायो भाइलाई दाइले) ।

४.६. सङ्गति (Concord)

सङ्गति भनेको वाक्यमा रहेका शब्दहरूबीचको मेल हो । वाक्यमा विभिन्न किसिमका शब्दहरूको प्रयोग हुन्छ । यसरी प्रयोग हुने क्र र पार्क (पार्ककएसुं) बीच मीं, चेमीं र हचोंबीच को, गारों, तो तथा आदरको दृष्टिले मेल हुनुलाई सङ्गति भन्दछन् ।

नेपाली, हिन्दी, अङ्ग्रेजीभाषाहरूमा यसको ठूलो महत्व छ । तर गुरुङभाषाको कोमा लिङ्गभेद र गारोंको पार्क (पार्ककएसुं) मा वचनीय भेद नभएकोले क्र र पार्ककएसुंबीच कुनै सङ्गति देखिँदैन, अर्थात् गुरुङभाषाको भाषिक व्यवस्थामा सङ्गति छैन ।

४.७. तां च्यार्ब (कथन–परिवर्तन)

तां (कथन) भन्नाले कसैले भनेको भनाइ बुझिन्छ । कथनलाई उक्ति पनि भन्दछन् । लेखाइमा कसैको भनाइ लेख्नुपर्दा दुई किसिमले लेख्ने गरिन्छ –

(१) प्रत्यक्ष कथन ।
(२) अप्रत्यक्ष कथन ।

(१) **प्रत्यक्ष कथन** – बोल्ने मानिसको भनाइमा यदि कुनै कुरा बोलिन्छ या लेखिन्छ भने त्यसलाई प्रत्यक्ष कथन भन्दछन् ।
जस्तै –

आपजी वीसुम् – 'नमए ङचोन् खो रो ।'
(बुबाले भन्नुभएको छ – 'तिमीहरू छिटो आउनू रे ।')

(२) **अप्रत्यक्ष कथन** – बोल्ने मानिसको भनाइ जस्ताको तस्तै नलेखी भावार्थ वा सारांश मात्र लेखिन्छ भने त्यसलाई अप्रत्यक्ष कथन भन्दछन् ।
जस्तै –
आपजी नमएलई योंन् खो बीसुम् ।
(बुबाले तिमीहरूलाई छिटो आउन भन्नुभएको छ) ।

गुरुङभाषा–भाषीहरूले आफ्नो भाव व्यक्त गर्दा विशेष गरेर प्रत्यक्ष कथनको प्रयोग गरेको पाइन्छ । तसर्थ यस भाषामा अप्रत्यक्ष कथन छैन कि भन्ने भ्रम पनि पर्न सक्छ, तर यस भाषामा अप्रत्यक्ष कथन हुनुपर्ने मेरो धारणा छ । किनभने अप्रत्यक्ष कथनबाट पनि यस भाषाका भाषीहरूले आफ्नो भाव व्यक्त गरेको पाइन्छ । साथै यस भाषामा प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा पनि बदल्न सकिन्छ । वास्तवमा गुरुङभाषाको खोज, वैज्ञानिक अध्ययन र विकासको कमीले गर्दा यस्तो हुन गएको हो । तसर्थ यस भाषामा प्रत्यक्ष कथन मात्र भएजस्तो अनुभूति हुन्छ । भारोपेली भाषा–परिवारका भाषाहरूको जस्तो रूप भने गुरुङभाषामा पाईंदैन र कथन–परिवर्तन गरिंदा पनि पार्ककएसुंको पल र चेमींमा कुनै प्रकारको पार्कको परिवर्तन गर्नुपर्दैन ।

जस्तै –

प्रत्यक्ष कथन – मोमजी ङ्युईलो – 'भान्जइ ल़ो तोच' बीसी ।
(मामाले सोध्नुभएको थियो – 'भान्जाको वर्ग के हो' भनेर।)

अप्रत्यक्ष कथन – मोमजी भान्जई ल़ो ङ्युइलो ।
(मामाले भान्जाको वर्ग सोध्नुभएको थियो) ।

प्रत्यक्ष कथन – आमजी बीलो – 'ल़ाहुरे तबरी अहच्यादो बीसी ।'
(आमाले भन्नुभएको थियो – 'लाहुरे हुन नजाऊ' भनेर) ।

अप्रत्यक्ष कथन – लाहुरे तबरी अहच्याद् बीसी आमजी बीलो ।
(लाहुरे हुन नजाऊ भनेर आमाले भन्नुभएको थियो) ।

प्रत्यक्ष कथन – आघेंजी ङ्युईलो, 'केमए तले आखल बीसी ।'
(ठूलदिदीले सोध्नुभएको थियो, 'तँपाईंहरू किन नआउनुभएको ।')

अप्रत्यक्ष कथन – केमए तले आखल बीसी आघैजी ङ्युईलो ।
(तपाईंहरू किन नआउनुभएको भनेर ठूलदिदीले सोध्नुभएको थियो) ।

प्रत्यक्ष कथन – चोंजी बीसुम् – 'की खनै अहच्याद् रो ।'
(भाउज्यूले भन्नुभएको छ – 'तपाईं कतै नजानोस् ।')

अप्रत्यक्ष कथन – की खनै अहचाद बीसी चोंजी बीसुम्।
(तपाईं कतै नजानोस् भनेर भाउज्यूले भन्नुभएको छ) ।

तों ५. मान बेंसी पोंबै सुंकएदा (मानार्थी शब्दहरू)

(क) **विशेष प्यार र सम्मानका शब्दहरू** – गुरुङभाषामा अत्यधिक मात्रामा मानार्थी शब्दहरू देखिन्छन् । नेपालीभाषाका सर्वनामहरूमा प्रयोग गरिने तपाईं, हजूर, मौसूफ आदि मानार्थी शब्दहरू भोट–बर्मेली भाषाका प्रभाव हुन् भन्ने भाषाविद्हरूको धारणा रहेको छ । नेपालीभाषामा जस्तै नाम र सर्वनाममा मौसूफ, हजूर, तपाईं जस्ता रूपका मानार्थी शब्दहरू यद्यपि गुरुङभाषामा पाईंदैनन् तापनि यस भाषाको प्रकृति (स्वरूप)अनुसार नाम र सर्वनाममा मए, च्यों, आप, क़ों....... आदि प्रत्ययहरू जोडेर विशेष प्यार र सम्मान व्यक्त गर्ने शब्दहरू बनाइन्छन् ।

जस्तै –

- आप, मयुंमए हचुलर् हचाले (माइतीको देशमा जाऊँ) ।
- च़मीच्यों खनीर् फेजी (कान्छी छोरी कहाँ पुगिन्) ?
- भुथेआप खसुम् (ठूलाबा आउनुभएछ) ।
- आही क़ों पऩ खम् (मुखिया दाइ भोलि आउनुहुन्छ) ।

माथिका वाक्यहरूमा मए प्रत्यय लागी बनेका शब्दहरू मानार्थी शब्द हुन् र आप, च्यों, क़ों आदि प्रत्यय लागी बनेका शब्दहरू विशेष प्यार र सम्झना बुझाउने शब्द हुन् ।

(ख) **शिष्ट शब्दहरू** – गुरुङभाषामा पार्कमा 'सीदे, स्युदे' प्रत्यय जोडेर शिष्ट शब्दहरू बनाइन्छन् ।

जस्तै –

- लबीं न् सीदे = गरिदिनोस् न त ।
- हचाबीं न् सीदे = गइदिनोस् न त ।
- खबीं न् सीदे = आइदिनोस् न त ।
- बीबीं न् सीदे = भनिदिनोस् न त ।
- भबीं न् सीदे = ल्याइदिनोस् न त ।
- स्योबीं न् सीदे = हटाइदिनोस् न त ।

– लबींन् सीदे = गरिदिनोस् न त ।
– खोस्युदे = आउनोस् न ।
– टीले स्युदे = बसौं न ।
– लबींन् स्युदे = गरिदिनोस् न ।
– ध्याबींन् स्युदे = गइदिनोस् न ।
– बीबींन् स्युदे = भनिदिनोस् न ।
– भबींन् स्युदे = ल्याइदिनोस् न ।
– बुबींन् स्युदे = लगिदिनोस् न । आदि

५.१. मेतों (चिह्न)

वाक्यहरू लेख्ता वर्ण, शब्द, वाक्य स्पष्ट बुझिने गरी दफादफा अलग्ग गरी अर्थमा गोलमाल अथवा अनर्थ नहुने गर्नालाई ठाउँ–ठाउँमा मेतोंहरूको प्रयोग गर्नुपर्छ ।

गुरुङभाषाको यस व्याकरणमा पनि कस्तो प्रकारका मेतोंहरू प्रयोगमा ल्याइने हुन् भनेर अलमलिरहनुभन्दा भारोपेली भाषाका व्याकरणकारहरूद्वारा प्रयोगमा ल्याइएका लेख्य मेतोंको अनुसरण गरी व्यवहारमा ल्याउनु उपयुक्त देखिन्छ । तसर्थ यी मेतोंहरूको नाम र काम छोटकरीमा तल लेखिएको छ ।

१. **(,) दे ऩबै मेतों (अल्पविराम-चिह्न)** – समान किसिमका शब्दलाई छुट्टयाउँछ ।
जस्तै – आप, आम बीब प्रमेसर् को ।
(बुबा, आमा भनेको भगवान् हो) ।

२. **(।) ल़े ऩबै मेतों (पूर्णविराम-चिह्न)** – वाक्य पूरा भएको बुझाउँछ अथवा वाक्य पूरा भएपछि पूर्णविराम मेतोंको प्रयोग गर्नुपर्छ ।
जस्तै – ङ लप्री प्रीम् ।
(म चिट्ठी लेख्छु) ।

३. **(?) व्ङवमेतों (प्रश्नचिह्न)** – व्ङववाक्यलाई बुझाउँछ अथवा प्रश्न गरिने वाक्यको अन्तमा व्ङवमेतोंको प्रयोग गर्नुपर्छ ।

४. (!) **प्ल़पै़बमेतों (उद्गारचिह्न)** – हर्ष, बिस्मात, आश्चर्य बुझाउँछ । कुनै कुरा देख्दा, सुन्दा एक्कासि उत्पन्न हुने हर्ष, बिस्मात, शोक, आश्चर्य प्रकट हुने वाक्यको अन्तमा प्ल़पै़बमेतोंको प्रयोग गर्ने चलन छ ।

५. (‘ ’/“ ”) **उधारन मेतों (उद्धरण-चिह्न)** – कसैले बोलेको कुरालाई जस्ताको तस्तै राखिएको छ भन्ने बुझाउँछ अथवा राख्नुपरेमा उधारनमेतोंको प्रयोग गर्नुपर्छ । यो ठाउँ हेरी दोहरो–एकोहरो दुवै हुन सक्छ ।
जस्तै – आपजी बीजी – 'ङ तोगन् खल आयों ।'
(बुबाले भन्नुभयो – 'म अहिले नै आउन पाउँदिनँ ।')

“मानवसेवा नै ईश्वरसेवा हो ।” – महात्मा गान्धी
लियो टल्स्टायको 'तीन प्रश्न' नामक कृति अत्यन्त जीवनोपयोगी छ ।

६. (–) **योकी मेतों (निर्देशचिह्न)** – विशेष महत्वका शब्द वा वाक्यहरूलाई बुझाउन योकीमेतोंको प्रयोग गर्नुपर्छ ।
जस्तै – विषय –
उदाहरण –

७. **च्युब (कोष्ठक)** – ( ), { }, [ ] – भाषाको लेखन–पद्धतिमा कोष्ठकचिह्नको प्रयोग अधिक मात्रामा भएको देखिन्छ । त्यस्तै गुरुङभाषामा पनि उपर्युक्त कोष्ठकचिह्नहरूको अतिरिक्त लेखक र विद्वान् बन्धुहरू आ–आफ्नो विवेक प्रयोग गरी चिह्नहरू प्रयोग गर्न सक्छन् ।

परिशिष्ट

परिशिष्ट – १

गुरुङभाषाको मानक आलेखन (Standard Transcription)

कुनै पनि भाषाको मानक आलेखन स्थापित गर्न सर्वप्रथम त्यस भाषामा वर्णको निर्धारण गरिनुपर्दछ । वर्णको निर्धारण गरिएन भने भाषाको आलेखन–पद्धतिमा एकरूपता ल्याउन सकिँदैन र भाषाविकासको क्षेत्रमा ठूलो अवरोध उत्पन्न हुन सक्छ अथवा त्यस भाषाको ध्वनिमै नभएका वर्णहरूको प्रयोग हुन गई भाषाको मौलिकता नै गुम्न सक्छ । तसर्थ गुरुङभाषाको मानक आलेखन सम्बन्धमा विद्वान्, भाषाशास्त्रीहरूको बीचमा व्यापक रूपमा चिन्तन मननको आवश्यकता छ ।

गुरुङभाषाको मौलिक रूप एउटै भए पनि भौगोलिक कारणका साथै विविध कारणहरूले गर्दा बोलीहरूमा विविधता हुनु अस्वाभाविक मान्नु हुँदैन, किनभने विश्वभरि नै बोलिने भाषाका बोलीहरू फरक–फरक भएको पाइन्छ । लेखन–परम्परा नै नभएको अथवा यस दिशातिर भर्खर उन्मुख गुरुङभाषाका बोलीहरूमा फरक वा विविधता हुनुमा त्यति अनौठो मान्नुपर्ने कारण छैन । तसर्थ गुरुङभाषामा पनि व्याकरणात्मक पद्धतिबाट विकास गराउन तथा गुरुङभाषाको लेखन–पद्धतिमा एकरूपता ल्याउन जेठ – २७, २८ र २९ गते, २०५१ मा तमुभाषा–कार्यशाला सङ्गोष्ठीको आयोजना पोखरामा भएको थियो । उक्त कार्यशाला सङ्गोष्ठीका सहभागी भाषाविद् एवं तमु विद्वान्हरूको राय–सुझावअनुसार गुरुङभाषाको लागि जम्मा ४८ ओटा वर्णहरू – (८ ओटा स्वरवर्ण र ४० ओटा व्यञ्जनवर्ण)को निर्धारण गरिएको छ । जस्तै –

अ, आ, ई, उ, ए, ऐ, ओ, औ ।

यी आठओटा स्वरवर्णहरूमा –

दीर्घ स्वर – आ, ऐ, औ ।

ह्रस्व स्वर – अ, ई, उ, ए, ओ ।

गुरुङभाषामा केही शब्दहरूको अर्थ दीर्घ स्वरले मात्र पूर्ण नहुने हुँदा अथवा दीर्घ स्वरभन्दा पनि लामो स्वरका

शब्दहरू भएको यस भाषाको प्रकृतिलाई विचार गरी दीर्घ स्वरमा विसर्ग (:) थपेर अतिरिक्त स्वरको व्यवस्था मिलाइएको छ ।

जस्तै –

तोब – थाप्नु । तो:बा ?– के हा ?
फ्योब – धूलो बढार्नु । फ्यो:ब – ढोग गर्नु । आदि

गुरुङभाषाको लागि छानिएका स्वरवर्ण

अ, आ, ई, उ, ए, ऐ, ओ, औ ।
मात्रा ा, ी, ु, े, ै, ो ौ ।

उपर्युक्त मात्राहरूलाई व्यञ्जनवर्णसँग सन्धि गर्दा –

क का की कु के कै को कौ
क का की कु के कै को कौ
– – – – – – – –
ह हा ही हु हे है हो हौ

गुरुङभाषाको लागि छानिएका ४० ओटा व्यञ्जनवर्णहरू –

क क़ ख ग घ ङ ङ़
च च़ छ ज झ
ट ट़ ठ ड ढ
त त़ थ द ध न ऩ
प प़ फ ब भ म म़ य
र ऱ ल ल़ व व़ स ह ।

प्रस्तुत गरिएका ४० ओटा व्यञ्जनवर्णहरूमा व्यञ्जनवर्णका तल थोप्ला (.) दिइएका ११ ओटा व्यञ्जनहरू गुरुङभाषाको लागि छानिएका अतिंरिक्त व्यञ्जनवर्ण हुन् । तिनीहरू हकार व्यञ्जनवर्ण हुन् किनकि गुरुङभाषाको ध्वनिप्रणालीको अध्ययन गर्दा प्रशस्त मात्रामा हकार ध्वनिहरू पाइएकोले र लेखनमा सजिलोको लागि वर्णको तल थोप्ला

दिने व्यवस्था मिलाइएको छ । तर तिनीहरू संयुक्त वर्ण भने होइनन् ।

त्यस्तै गरी नेपालीभाषामा चन्द्रबिन्दु (ँ) र शिर बिन्दु(ं)को अर्थभेदक भएको पाइन्छ । तर गुरुङभाषामा यस्तो देखिँदैन । तसर्थ गुरुङभाषामा यसलाई समान रूपमा नै प्रयोग गर्दा उचित हुनेछ । किनभने नेपालीभाषामा चन्द्रबिन्दु अनुनासिकको रूपमा प्रयुक्त हुन्छ भने शिरबिन्दु ङ, य, ण, न र म अर्धवर्णको प्रतिनिधि रूपमा प्रयुक्त हुन्छन् । गुरुङभाषामा उपर्युक्त वर्णहरूलाई शिरबिन्दु दिएर अर्धवर्ण बनाउने व्यवस्था गरिएको छैन । यी दुवै बिन्दुहरूलाई अनुनासिककै रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइएको छ ।

यसप्रकार गुरुङभाषामा वर्णहरूको निर्धारण गरी डाँडैपिच्छे फरक–फरक बोली हुने गुरुङभाषालाई एकै रूपमा ल्याउन गुरुङहरूको सङ्गमस्थल मानिने कास्की, पोखरा क्षेत्रमा बोलिने गुरुङभाषालाई मानक स्तर मानी यो व्याकरण लेखिएको छ ।

गुरुङलेखनको नमूना

तमु क्युई (गुरुङभाषा)

न्हेपाल ध्री ल़े जात, ल़े क्युई, ल़े प़े मुब ह्युल को । चलन–च़ल्तीई तांईले न्हेपालर् पोंव क्युई डेखरा थर्बै मु । थर् घ्री ह्युल्नी क्ल्य़ोई आधारर् डोसेल लव क्युईरक नी आर्को थर् जातमए नी समाजई अधारर् डोसेल लव । चुऩोसोर् प्रु क्युई न्हेपाल ह्युलई आधरर् ड़ोसेल लव क्युई को । ऩेवारी, लिम्बु, तमु, तामाङ, प़ैमे, राजवंशी, नी थारु क्युईरक जात नी समुदायई आधारर् डोसेल लम्दई खव क्युई मे को ।

परिशिष्ट - २

विभिन्न नामहरू

मानिस एउटा सामाजिक प्राणी हो । ऊ समाजबाट भिन्न रहेर बस्न सक्दैन । मानिसका इच्छा, आकाङ्क्षाहरू धेरै हुन्छन् । यसरी आफ्ना इच्छा–आकाङ्क्षाहरूको पूर्ति गर्न जहाँ आफूलाई सुविधा हुन्छ, त्यहीँ गएर बस्नु, घुलमिल हुनु मानिसको स्वभावै हो ।

यस्तै क्रममा गण्डकीक्षेत्रलाई आफ्नो पुर्ख्यौली मान्ने गुरुङ जनजातिहरू पनि आज नेपाल अधिराज्यभरि नै छरिएर रहेका पाइन्छन् । यसरी एक ठाउँबाट अर्को ठाउँमा जाँदा स्वाभाविक रूपले त्यहींको समाज वातावरण, रहन–सहन, चालचलनअनुसार नै चल्नुपर्ने हुन्छ जसले गर्दा आजसम्म कथ्य भाषामै सीमित रहेको गुरुङ जातिको मातृभाषा – गुरुङभाषाको बिस्तारै लोप हुँदै गइरहेको अथवा व्यवहारमा नआएको अनुभव हुन्छ । यस सन्दर्भमा नेपालको पूर्वी क्षेत्रमा रहेका हाम्रा गुरुङ बन्धुहरूले आफ्नो मातृभाषा, परम्परा, संस्कृतिलाई बिस्तारै–बिस्तारै बिर्सँदै गएको अथवा व्यवहारमा नल्याएको तथ्यलाई बिर्सन सकिँदैन ।

गुरुङहरूको आफ्नै किसिमको संस्कृति र परम्परा छ । यिनीहरूको आफ्नै किसिमको नाम हुन्छ । आफूलाई नाम काढेर बोलाएको यिनीहरू मन पराउँदैनन् । परस्परमा सम्बोधन गर्दा पनि आफ्नै किसिमका स्नेह, प्रेम र आदरवाची शब्दहरूका साथै साइनो हुन्छ । तसर्थ गुरुङभाषाको यो पहिलो व्याकरण भएकोले यस परिशिष्टमा क्रमैसँग गुरुङ–प्रकृतिका नाम, साइनोपत्र, जनावर, खाद्यान्न, कीरा–फटयाङ्ग्रा, खानाका परिकार, बोटबिरुवा, सागसब्जी, औजारहरू, मृत्युसंस्कारमा प्रयोग गरिने सरसामान र व्यक्तिको नाम आदि सबै सङ्कलित गरी प्रस्तुत गरिएको छ । यिनीहरू केही नमूना मात्र हुन् । विस्तृत ज्ञानको लागि गुरुङ–समाजमा हुने भाषिक व्यवहारकै अवलोकन गर्नु उचित हुन्छ ।

१) **गुरुङप्रकृतिका नामहरू –**

पुरुष – चम्ग्याल्रों तमु । फीपग्यालरों तमु ।
गुन्जर तमु । सुवान तमु । जीता तमु ।
गोलमान तमु । आईत तमु । थमन तमु ।
कमी तमु । टेकन तमु । गन्ज तमु ।

महिला – भैखु तमुस्यो । जनसुवा तमुस्यो ।
लालसुवा तमुस्यो । मैत तमुस्यो ।
ह्रन्खु तमुस्यो । मनसुवा तमुस्यो ।
केम्स्यो तमुस्यो । मुत्ली तमुस्यो ।

२) **मानार्थी उपनामहरू –** समवयस्क ठिटा–ठिटीहरूले परस्पर बोलचाल वा सम्बोधन गर्दा विशेष प्रकारको उपनामबाट सम्बोधन गर्ने परम्परा छ ।
जस्तै –

पुरुष	**महिला**
मीर्मारों	मीर्मऱीनी
कुपील्रों	कुपीलऱेनी
सीतल्रों	सीतल्रीनी
स्याम्रों	स्याम्रीनी
बैंस्रों	बैस्रीनी
झमारों	झाम्रीनी
नकल्रों	नकल्रीनी
छ्याम्रों	छ्यामरीनी
लाईरों	लाईरनी

३) **तमु सईनु पत्र (गुरुङ–साइनोपत्र) ।**

हर्चो ब्राज्यु	(बाजेको बाजे, जिजुबाजे) ।
खे ब्राज्यु	(बाजेको बुबा) ।
ब्राज्यु	(बाजे, हजुरबुबा) ।
हर्चोमा	(बाजेको बजै, जिजुबज्यै) ।
खेमा	(बाजेकी आमा) ।

भुज्यु	(बज्यै, हज़ूरआमा) ।		
आप	(बुबा) ।		
भु	(बुबा) ।	आम	(आमा) ।
आपथेबा	(ठूलोबुबा) ।	भथे/भुथे	(ठूलोबुबा) ।
आमथेबा	(ठूलीआमा) ।	आथे	(ठूलीआमा) ।
आप म़ैल	(माइला बुबा) ।	आम म़ैली	(माइली आमा) ।
आप सैंल	(साइँला बुबा) ।	आप स़ैली	(साइँली आमा) ।
आप ज्यों	(कान्छा बुबा) ।	कज्यों	(कान्छा बुबा) ।
आम्ज्यों	(कान्छी आमा) ।	आगें	(ठूलदाइ) ।
धंज्यो	(दाइ) ।	चों	(भाउज्यू) ।
चों	(बुहारी) ।	अज्यों	(कान्छा दाइ) ।
फाने	(ठूलीफुपू) ।	आउमो	(पुसै) ।
आउमो	(भिनाज्यू) ।	फज्यो/फुज्यो	(कान्छी फुपू) ।
अना	(दिदी) ।	आत	(दाइ) ।
आङ	(बहिनी) ।	आली	(भाइ) ।
म़ो	(ज्वाइँ) ।	मोम/म़ोम	(मामा) ।
आङी/आईथे	(माइज्यू) ।	स्योंबो	(साला) ।
आस्यों	(जेठान) ।	आघै	(दिदी) ।
कं	(ससुरा) ।	स्योमे	(सासू) ।
ङोलो	(सोल्टी) ।	ङोलोस्यो	(सोल्टिनी) ।
च़	(छोरा) ।	च़मी	(छोरी)
कोंई	(नाति) ।	कोंईमी	(नातिनी) ।
ङ़ेल	(मीत) ।	ङ़ेल्स्यो	(मितिनी) ।
आज्यु	(छ्यामा) ।	च़च्यो	(कान्छा छोरा) ।
रींमए	(चेली–बेटीहरू)।	मयुमए	(माइतीहरू) ।
चीब्मए	(बूढापाका/ठूलाबडाहरू)	म्रीस्यो	(आइमाई) ।
प्रेंस्यो	(दुलही) ।	ब्यौला	(दुलाहा)। आदि।

४) धींर् ऩबै खेदो-ई मींदा (घरपालुवा जनावरका नाम)

म़े	(गाई) ।	क्ल्य	(गोरु) ।
मकी/मई	(भैंसी) ।	र	(बाख्रा) ।
रमोम्	(बाख्री) ।	रमोतों	(बाख्रीको पाठा) ।

क्यु (भेंडा) ।
नक (कुखुरा) ।
नउभ्रूज/नकभ्रूज (चल्ला) ।
परीवा/परेउ (परेवा) ।
नकी (कुकुर) ।
नीमु/नीम्यु (मुसा) ।
घोर (घोडा) इ. ।

क्युसांर् (भेंडाको साँढ) ।
नउभाले/नकभाले/नाउतो (भाले)
हांस (हाँस) ।
तीली (सुँगुर) ।
नवार/नुवार (बिरालो) ।
रीम्यु (छुचुन्द्रो) ।

५) **चबैसएफुंई मीं (खाद्यान्नका नाम)**

म्ल़ (धान) ।
नारी/नारै (कोदो) ।
प्रएगों (ढिंडो) ।
मकए प्रो (मकैको पीठो)।
प्रे (फापर) ।
कोई/कोया (भट्ट) ।
तार कोई (सेतो भट्ट) ।
ताङर (केराउ) ।
सींमी/सींपी (सिमी) ।
करी/करु (जौ) ।
मांस (मास) ।
जुनेली मकए (जुनेलो) ।

म्ल़सी (चामल) ।
नारै प्रो (कोदोको पीठो) ।
मकए/मखै (मकै) ।
मकए आँटो (मकैको भात) ।
कां प्रे (तीते फापर) ।
भोटेकोई (ठूलो भट्ट) ।
म्रों कोई (कालो भट्ट) ।
बोटी (बोडी) ।
ऩांगु (गहुँ) ।
कर्सी (उवा) ।
त्वाना (ताना) ।
लट्रे (लट्टे) । आदि

६) **म्हलां-म्हुलुं-ई मीं (कीरा-फटेङ्ग्राका नाम)**

नप्रो/नेब्रों (झिङ्गा) ।
तोमी (उपियाँ) ।
नग्रु/नप्रु (कमिला) ।
चे़वी (अरिङ्गाल) ।
तम्ला (पुतली) ।
मोसोम्हुलुं (भुसुनाकीरा) ।
नउमुसे (सुलसुले) ।
पेपे (पेटमा हुने कीरा)।

च्योमी (भुसुना) ।
नप्ली (उडुस) ।
क्वे़/फुयु (माहुरी) ।
मुईसोम्हुलुं (झुसिल्कीरा) ।
ऩप्रेम्हुलुं (सनासोकीरा)
से: (जुम्रा) ।
तीबे (जुका) ।
तीम्री (खोइरो) ।

७) **चबैल्हउ (खानाका परिकार)**

कैं (भात) ।
भरुल (चामल भुटेर बनाउने भात) ।

कोली कैं (जाउलो) ।
ङे कैं (माडेको भात) ।

ङोबै कैं (भुटेको भात) । खु (तिहुन) ।
मकए प्वु (मकै भुटेको खट्टे) । मकए बेरोंल (मकैको बिरम्लो) ।
नारै प्रो कें (कोदोको रोटी) । ऩांगु प्रो कें (गहुँको रोटी) ।
कर्सी–ई प्रो कें (उवाको रोटी) । क्हुदुं–ई कें (चामलको पीठोको रोटी)।
मार कें (सेल रोटी) । नारै–प्रो पोको (पुवा) ।
खील (खीर) । ङे (दूध) ।
दई (दही) । कोरां/कोरनी (कुराउनी) ।
कोल (मही) । नुनी छीउ (नौनी घिउ) ।
ङे–ई तर् (दूधको तर) । सेखु/सेटा (मासुको तिहुन) ।
छोफुल (प्रसाद) । क्हुईपा (जाँड) ।
पा (रक्सी) । ख्युनी (झिलङ्गे) ।
ट्रा खु (सागको तिहुन) । लपु–ई छु (मूलाको अचार) ।
प्रमु छ (टिमुरको अचार) । क्युट्रा–ई खु (गुन्द्रुकको तिहुन) ।
मोतु–ई खु (टुसाको तिहुन) । च्य़ापों–ई खु (च्याउको तिहुन)।
टोन्टा–ई खु (बनबारे सागको तिहुन) ।
कुट्रा–ई खु (निउरोको तिहुन) ।
ताँङर/ताङ्र्–ई खु (केराउको तिहुन) । आदि

८) सींधु-युंधु-ई मीं (बोट-बिरुवाका नाम)

पोटई धुं (लालीगुराँसको बोट/रूख) । क्रीसीँई धुं (शिरीषको रूख)।
ओलच़एधुं (रातो चन्दनको बोट) ।ङटाधुं (दुधिलोको रूख) ।
क्योसीई धुं (चिलाउनेको बोट) । असींक्रई धुं (भल्हाको बोट)।
तीब्रुई धुं (भकिअमिलोको बोट) । भयलई धुं (भलाका बोट) ।
फलाटई धुं (फलाँटको बोट) । रीधुंई (बाँसको बोट) ।
पलांई धुं (ऐंसेलुको बोट) । प़गीइ/पुगीई धुं (कटुसको बोट)।
कसींई धुं (कटुसको बोट) । पे़नो/पे़न्दोई धुं (खर्सुको बोट)।
मचई धुं (केराको बोट) । पयुंई धुं (पैयुँको बोट) ।
ह्रांवलीई धुं (लाँकुरीको बोट) । कलांई धुं (लप्सीको बोट) ।

९) ट़ाम्या टुमींई मीं (सागसञ्जीका नाम)

उंसे/भोंसे (फर्सी) । उंसेई च़ो (फर्सीको मुन्टा) ।
प्रेट्रा (फापरको साग) । कोई छी (भटमासको कोसा) ।
पोलु/पुलई ट्रा (सिस्नुको साग) । काउरोई च़ो (काउरोको मुन्टो)।
टोन्ट्रा (बनबारेको साग) । न्हुट्रा (लसुनको साग) ।

लुतुर् (कुरिलो) ।
लखें (काँक्रो) ।
तुरीई ट्रा (तोरीको साग) ।
तयो (पिंडालु) ।
कुट्रा (निउरो) ।
लपुई ट्रा (मूलाको साग) ।
क्युंट्रा (गुन्द्रुक) ।
खोलेट्रा (खोले साग) ।

१०) ल़ोछे नी साज भांरई मीं (हतियार र औजारहरूको नाम)

त (बन्चरो) ।
तरवाल् (तरबार) ।
त़लीं/त़नें (धनु/धनुष्) ।
आँसी/कोरैं/कोटे (हँसिया) ।
थोर्मे (चम्चा) ।
त्वु (बाउसो) ।
कया (ताउलो) ।
गाउरी (गाग्रो) ।
प़ेल (कटौरा) ।
पन्यो (पन्यू) ।
बाकुन/लोट (लोटा) ।
ङेताई (दूध तताउने ताप्के) ।
क्हुर (हलो) ।
प़्यो (मान्द्रो) ।
कोच (खुकुरी) ।
बन्दुक (बन्दूक) ।
मे (काँर) ।
थोनर (चिम्टा) ।
थेबे (बसेल) ।
चुंफुं (ओदान) ।
च़ोङ (ताप्के) ।
थली (थाल) ।
डरु/डडु (डाडु) ।
केप (दाबिलो) ।
परु (ठेको) ।
तु (ढुमरो) ।
त़ा (सियो) ।
प़रे (लउरो) ।

११) सीवम़वतमा ओलेबै सरजम नी मीमए मीं (मुत्युसंस्कारमा प्रयोग गरिने सरसामान र व्यक्तिहरूका नाम)

ङ़ (ढ्याङ्ग्रो) ।
स्यों (घण्टी) ।
अलां (धुन्धुकारी) ।
छेंलें (झुम्रो) ।
तुङर (शङ्ख) ।
आस्यों क्वोई (अलांको कपडा) ।
आस्यों क्वोंई (मावलीले दिने कात्रो कपडा) ।
क्यां क्वोंई (बाटो बनाउने कपडा)।
लब (लाबा) ।
च़ (छोरा) ।
म़ो (ज्वाईं) ।
ल़म (लामा) ।
क्ले़व्रीं (हचाब्री) ।
ट्री क्वोंई (कात्रो कपडा) ।
म्रें क्वोई (टालो गुद्ने कपडा) ।
च़मी (छोरी) ।
तक्राल (दाजु–भाइ) ।
पज्यु (झाँक्री) ।
आस्यों (मावली) ।
घोद/मलामी/म़लामी (मलामी) ।

परिशिष्ट - ३

गुरुङ-सङ्ख्याप्रणाली

गुरुङभाषामा सङ्ख्यागणना–प्रणाली अति प्राचीन मानिन्छ । यस भाषाको लेखन–परम्परा स्थापित भइ नसकेको हुँदा क्षेत्रिय भेदहरू हुनु स्वाभाविकै मानिन्छ । यस भाषाको सङ्ख्यागणना–प्रणालीमा सयदेखि माथिका गणितीय शब्दहरू भेट्टिदैनन् । यस भाषाको सङ्ख्या–प्रणालीमा सयदेखि माथिका गणनशब्दहरू पहिलेदेखि नै थिए वा थिएनन् अथवा ती गणितीय शब्दहरूको लोप भएको हो कि ? गुरुङभाषामा यो एउटा अनुसन्धेय विषय बनेको छ ।

गुरुङभाषाको गणना–प्रणालीमा क्षेत्रिय भेदले गर्दा एकको सङ्ख्या बुझाउने गणितीय शब्दको उच्चारण फरक–फरक पाइन्छ । जस्तै एकको सङ्ख्या बुझाउने शब्दलाई कतै 'कारें', 'घ्री' र कतै 'तेंउलो' भन्ने गरिन्छ । यी तीनै शब्द एक भन्ने अर्थ बुझाउँछन् । त्यस्तै दुईको सङ्ख्यालाई कतै 'ङी' र कतै 'नी' भन्ने गरेको सुनिन्छ, त्यस्तै गरी सातको सङ्ख्यालाई बुझाउने शब्द पनि कतै 'यीं', ङी' र 'नी' भन्ने सुनिन्छ । यसले गर्दा कहिलेकाहीं समस्या पर्न जान्छ । त्यसकारण यस्ता झमेलाहरूलाई हटाउन गुरुङभाषाको गणितीय लेख्य मानक यसरी निधारण गर्नु उपयुक्त देखिन्छ ।

घ्री = एक
ङी = दुई
यीं = सात ।

गुरुङभाषाको सङ्ख्याप्रणालीमा अङ्कहरूको छुट्टै लिपि आजसम्म थाह भएको छैन, फेला परेको छैन । तसर्थ गुरुङभाषाको सङ्ख्याप्रणालीमा रोमन लिपिकै अवलम्बन गरिएको छ ।

जस्तै – **(० देखि १० सम्मको गणना)**

उच्चारण गर्ने तरीका		**अङ्क**
फुं	–	०
घ्री	–	१

ङी – २
सों – ३
प्ल़ी – ४
ङ – ५
टु – ६
यीं – ७
प्रे – ८
कु – ९
च्यु – १०

(१० देखि १०० सम्मको गणना)

च्युसेघ्री – ११
च्युसेङी – १२
च्युसेसों – १३
च्युसेप्ल़ी – १४
च्युसेङ – १५
च्युसेटु – १६
च्युसेयीं – १७
च्युसेप्रे – १८
च्युसेकु – १९
ङीस्यु – २०

ङीस्युसे घ्री – २१
ङीस्युसे ङी – २२
ङीस्युसे सों – २३
ङीस्युसे प्ल़ी – २४
ङीस्युसे ङ – २५
ङीस्युसे टु – २६
ङीस्युसे यीं – २७
ङीस्युसे प्रे – २८
ङीस्युसे कु – २९
सोंच्यु – ३०

सोंच्युसे घ्री – ३१
सोंच्युसे ङ्री – ३२
सोंच्युसे सों – ३३
सोंच्युसे प्ल़ी – ३४
सोंच्युसे ङ – ३५
सोंच्युसे टु – ३६
सोंच्युसे यीं – ३७
सोंच्युसे प्रे – ३८
सोंच्युसे कु – ३९
प्ल़ीच्यु – ४०

प्ल़ीच्युसे घ्री – ४१
प्ल़ीच्युसे ङ्री – ४२
प्ल़ीच्युसे सों – ४३
प्ल़ीच्युसे प्ल़ी – ४४
प्ल़ीच्युसे ङ – ४५
प्ल़ीच्युसे टु – ४६
प्ल़ीच्युसे यीं – ४७
प्ल़ीच्युसे प्रे – ४८
प्ल़ीच्युसे कु – ४९
ङच्यु – ५०

ङच्युसे घ्री – ५१
ङच्युसे ङ्री – ५२
ङच्युसे सों – ५३
ङच्युसे प्ल़ी – ५४
ङच्युसे ङ – ५५
ङच्युसे टु – ५६
ङच्युसे यीं – ५७
ङच्युसे प्रे – ५८
ङच्युसे कु – ५९
टुच्यु – ६०

टुच्युसे घ्री – ६१
टुच्युसे ङी – ६२
टुच्युसे सों – ६३
टुच्युसे प्ल़ी – ६४
टुच्युसे ङ – ६५
टुच्युसे टु – ६६
टुच्युसे यीं – ६७
टुच्युसे प्रे – ६८
टुच्युसे कु – ६९
यींच्यु – ७०

यींच्युसे घ्री – ७१
यींच्युसे ङी – ७२
यींच्युसे सों – ७३
यींच्युसे प्ल़ी – ७४
यींच्युसे ङ – ७५
यींच्युसे टु – ७६
यींच्युसे यीं – ७७
यींच्युसे प्रे – ७८
यींच्युसे कु – ७९
प्रेच्यु – ८०

प्रेच्युसे घ्री – ८१
प्रेच्युसे ङी – ८२
प्रेच्युसे सों – ८३
प्रेच्युसे प्ल़ी – ८४
प्रेच्युसे ङ – ८५
प्रेच्युसे टु – ८६
प्रेच्युसे यीं – ८७
प्रेच्युसे प्रे – ८८
प्रेच्युसे कु – ८९
कुच्यु – ९०

कुच्युसे घ्री – ९१
कुच्युसे झ़ी – ९२
कुच्युसे सों – ९३
कुच्युसे प्ल़ी – ९४
कुच्युसे झ़ – ९५
कुच्युसे टु – ९६
कुच्युसे यीं – ९७
कुच्युसे प्रे – ९८
कुच्युसे कु – ९९
प्र – १००

सन्दर्भग्रन्थ

(क) नेपाली

(१) डा. हेमाङ्गराज अधिकारी (२०४९) **समसामयिक नेपाली व्याकरण**, काठमाडौं, नेपाल; कुञ्जल प्रकाशन ।

(२) डा. वासुदेव त्रिपाठी, महादेव अवस्थी, पारसमणि भण्डारी (२०४८), **निम्न माध्यामिक नेपाली व्याकरण र रचना**, थापाथली, काठमाडौं; प्रकाशक – एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

(३) मोहनराज शर्मा, कृष्णहरि बराल (२०५०), **भाषा विज्ञान र नेपालीभाषा**, भोटाहिटी, काठमाडौं, प्रकाशक – काठमाडौं बुक सेन्टर ।

(४) कृष्णप्रसाद पराजुली (२०४९), **राम्रो रचना मीठो नेपाली**, त्रिपुरेश्वर, काठमाडौं; प्रकाशक – सहयोगी प्रेस ।

(५) बन्धु, चूडामणि (२०४८), **भाषाविज्ञान** (पाँचौं संस्करण), काठमाडौं, साझा प्रकाशन ।

(६) सोमनाथ सिग्द्याल (२०४८), **मध्यचन्द्रिका**, काठमाडौं, नेपाल; साझा प्रकाशन ।

(७) पार्थमणि आ.दी. **नेपाली संस्कृत व्याकरण**, प्रकाशक – नेपालीभाषा–प्रकाशिनी समिति ।

(८) स्व. धनबहादुर गुरुङ (२०५१), **गुरुङ–व्याकरण** ।

(९) अमृत योञ्जन – **तामाङ–व्याकरण**, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

(ख) अङ्ग्रेजी

(1) Rai, Vishnu S. (1993), **The Structural Grammar** T.U.

(2) **A University Grammar of English.**

(3) **A Ladakhi Grammar.**





A151

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान